# परिच्छेद एक

## देवकोटाका महाकाव्यमा मिथकीय प्रयोगको अध्ययन

### १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक 'लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा मिथकीय प्रयोगको अध्ययन' रहेकोछ ।

### १.२. शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय , मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली विभाग म.र.ब. क्याम्पस इलामको स्नातकोत्तर तह दोस्रो वर्ष, नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि तयार पारिएकोछ ।

### १.३ समस्याकथन

वि.सं. १९६६ कार्तिक २७ गते लक्ष्मीपूजाका दिन , धोबिधारा , डिल्लीबजार काठमाडौंमा जन्मेर अंग्रेजी तथा नेपाली साहित्यको गहिरो अध्ययन गरेर नेपाली साहित्यका क्षेत्रमा छ सय भन्दा बढी फुटकर कविता ,दुई दर्जन जति खण्डकाव्य र छ वटा महाकाव्य लेखेर वि.सं. २०१६ सालमा देहवसान भएका महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्य सम्बन्धी निम्नलिखित समस्यामाथि केन्द्रित भएर यो शोधकार्य गरिएकोछ ।

१. नेपाली महाकाव्यको परम्परा कस्तो रहेको छ ?

२. महाकवि देवकोटाको महाकाव्य यात्रा र चरण विभाजन के कस्तो छ ?

३. मिथकका विशेषताहरु के के हुन् ?

४. देवकोटाका महाकाव्यमा, मिथकको प्रयोग कहाँ, के के र कसरी गरिएको छ ?

५. साहित्यमा विभिन्न विधामा मिथकको महत्व के छ ?

६. अन्य महाकाव्यका तुलनामा देवकोटाका महाकाव्यमा मिथक कस्तो छ ?

### १.४. शोधकार्यको उद्देश्य

१. नेपाली महाकाव्यको ऐतिहासिक पृष्ठभूमि परम्परा देखाउनु,

२. महाकवि देवकोटाको महाकाव्य यात्रा र चरण विभाजन केलाउनु,

३.	मिथकका विशेषताहरु प्रष्ट पार्नु,

४.	देवकोटाको महाकाव्यमा मिथकको प्रयोग कहाँ के के र कसरी भएको छ विश्लेषण गर्नु,

५.	साहित्यमा विविध विधामा मिथकको महत्व झल्काउनु,

६.	अन्य महाकाव्यका तुलनामा देवकोटाका महाकाव्यको स्थान निरुपण गर्नु ।

## १.५. पूर्वकार्यको समीक्षा

नेपाली शोधपरम्परामा देवकोटाका केही महाकाव्यको अनुसन्धान मिथकीय सिद्धान्तका आधारमा भए तापनि उनका छ नै वटा नेपाली महाकाव्यको मिथकीय दृष्टिकोणले अनुसन्धान भएको पाईदैन । देवकोटाका महाकाव्यहरुमा प्रत्यक्ष–अप्रत्यक्ष रुपमा मिथकको प्रयोग भएको हुँदा मिथकीय सिद्धान्तका आधारमा शोध कार्य गर्नाले महाकाव्यको राम्रो विश्लेषण हुने देखिन्छ । मिथकीय सिद्धान्तको आधारमा उनका सबै महाकाव्यको शोधकार्य नभएकोले सामान्य रुपमा लेखिएका केही लेखहरु र देवकोटाका केही महाकाव्यको विश्लेषण गरीएको शोधपत्रनै पूर्वकार्यका रुपमा उपलब्ध रहेका छन् । यहाँ मिथकको चर्चा भएका पुस्तक र लेखरचनाहरुको उल्लेख गरिएको छ ।

१.	वासुदेव त्रिपाठीद्वारा पाश्चात्य जगत्मा विकसित अनेक सैद्धान्तिक पक्षको विस्तारसाथ वर्णन गर्ने क्रममा आदिमतापरक समालोचनका नामले मिथकीय समालोचनको प्रारुप, पृष्ठभूमि , उठान र विकासको चर्चा गरिएको छ । प्रस्तुत कृति मिथकीय समालोचनाको सिद्धान्त र विकासमा केन्द्रित भएको हुँदा यसमा सैद्धान्तिक पक्ष सवल देखिन्छ भने मिथकीय समालोचनाको व्यावहारिक पक्ष वा प्रयोगात्मक पक्षको अभाव  पाइन्छ ।

२.	हरिराज भट्टराईद्वारा नरसिंह अवतार महाकाव्यको बहुपक्षीय समालोचना गर्ने क्रममा मिथकीय दृष्टिले पनि समीक्षा गरिएको छ । यसमा मिथकको चिनारी गराउँदै यसको साहित्य सँग सम्बन्ध देखाइएको छ साथै महाकाव्यको मिथकीय समालोचना गरिएको भए पनि यसमा समीक्षाको सैद्धान्तिक प्रारुपको अभाव छ ।

३.	नारायणप्रसाद गडतौलाले विद्यावारिधिको अप्रकाशित शोध प्रबन्धमा नेपाली महाकाव्यको मिथकीय अध्ययन, शीर्षक राखेर मिथकीय सिद्धान्तका आधारमा नेपाली

महाकाव्यको अध्ययन गर्ने जमर्को गर्नु भएको छ तर उहाँले चारवटा मात्र महाकाव्यको अध्ययन गर्नु भएको छ । त्यसमा पनि देवकोटाका दुइवटा शाकुन्तल र प्रमिथसको मात्र विश्लेषण गरिएको छ । उनको यस शोध प्रबन्धमा शीर्षक अनुसारको अनुसन्धान हुन सकेको छैन किनकि नेपाली महाकाव्य चार वटा मात्र छैनन् । यदि कुनै महाकाव्यमा मिथकको सम्लग्नता नगरिइएको भए मिथक छैन भन्न सक्नु पर्थ्यो तर त्यो हुन सकेको छैन । यति हुँदा हुँदै पनि यस शोध प्रबन्धमा मिथकीय सिद्धान्त , महाकाव्य विश्लेषणको प्रारुप र त्यसका आधारमा महाकाव्य विश्लेषणको व्यावहारिक पक्ष प्रस्तुत गरिएको छ ।

उपर्युक्त पूर्वकार्यहरु मिथक र मिथकीय सिद्धान्तसँग सम्बन्धित छन् । मिथक र साहित्यको सम्बन्ध अविभाज्य रहेको र मिथकीय दृष्टिले महाकाव्यको बिश्लेषण गर्न सकिने पूर्वाधार निमार्ण गर्ने कार्यमा उपर्युक्त कृतिहरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । माथि उल्लिखित पूर्वकार्यहरुमा स्पष्टतासाथ विश्लेषण हुन नसकेका देवकोटाका महाकाव्यहरुको अध्ययन र साहित्यमा मिथकको महत्व यस शोध पत्रमा प्रस्तुत गरिएकोछ ।

## १.६. शोधको औचित्य तथा महत्व

यस शोधकार्यमा स्वच्छन्दतावादी कवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा के कस्ता पूर्वीय वैदिक मिथकको प्रयोग भएको छ त्यसलाई मानवशास्त्रीय आधुनिक वैज्ञानिक तथ्यपरक कोणबाट हेरेर विश्लेषण गर्नुपर्ने आवश्यकता छ । त्यसै गरेर ती मिथकहरुले हामीलाई दिन खोजेको शिक्षा पनि प्रष्ट देखाउन सकिएको छैन । जे जति भएका कार्य पनि बहुपक्षिय विश्लेषणबाट चिनाएर स्पष्ट हुन सकेका छैन । त्यस कारण यो कार्य सम्पन्न हुन सकेमा मिथकीय कथाका आधारमा देवकोटाका महाकाव्यलाई स्पष्ट ज्ञानको भण्डारमा थप एवम् विशेष महत्व राख्ने छ । जुन कार्य आजसम्म हुन सकेको छैन त्यसैले यस शोधको औचित्य पनि यसैबाट प्रष्ट हुन्छ ।

## १.७. प्राक्कल्पना

देवकोटाका महाकाव्य वास्तवमा मिथकीय कथाहरुको दस्तावेज नै हो । उनका महाकाव्यमा पौराणिक विभिन्न ग्रन्थहरुमा उल्लेख भएका विभिन्न पुराकथाहरु आधुनिक वैज्ञानिक ढङ्गले प्रारुपीकरण गरिएको छ । महाकवि देवकोटाका ६ वटा महाकाव्यहरुमध्ये शाकुन्तल सुलोचना र प्रमिथसमा प्रत्यक्ष रुपमा मिथकको प्रयोग पाइन्छ त्यसै गरेर

महाराणा प्रताप, पृथ्वीराज चौहान, सुलोचना र वनकुसुममा अप्रत्यक्षरुपमा मिथकको प्रयोग भएको पाइन्छ । यिनै महत्वका कुरालाई स्पस्ट्याउने र थप योगदान पुऱ्याउने उद्देश्यसाथ यो कार्य गरिएको छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा प्रयोग भएको मिथकलाई गहन अध्ययन गरी प्रकाश पारिएको छ र उनको महाकाव्य लेखनको चरण बिभाजन गरिएको छ । त्यसै गरेर मिथकका विशेषताहरु र साहित्यमा मिथकको महत्व गर्दै प्रसंगवश चर्चा गरिए बाहेक महाकवि लक्ष्मीप्रसाद देवकोटाका पूर्ण र प्रकाशित ६ वटा महाकाव्य भित्र मात्र मिथकीय धारणा अनुसार मूल्याङ्कन गरिएको छ ।

## १.९. सामग्री सङ्कलन तथा अध्ययन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री सङ्कलन सम्बन्धित व्यक्ति, पुस्तकालय, प्रश्नावली, विज्ञहरु र समकालीन व्यक्तिहरुसँग मौखिक अर्न्तवार्ता आदिका माध्यमले पनि गरिने छ भने विभिन्न पुस्तक, अर्न्तवार्ता विश्वविद्यालयका प्रकाशित अप्रकाशित शोधपत्र आदिबाट पनि गरिएको छ । यसका साथै वर्णनात्मक विधि अपनाई विश्लेषणात्मक, ऐतिहासिक एवम् तुलनात्मक विधि अपनाई सम्पन्न गरिएकोछ ।

## १.१०. शोधपत्रको रुपरेखा

यस शोधकार्यलाई ६ परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिनेछ । आवश्यक परेका खण्डमा यी परिच्छेदभित्र उपशीर्षक पनि राखिने छ । प्रस्तुत शोधपत्रलाई निम्नानुसार ६ परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिने छ ।

पहिलो परिच्छेद – शोधपरिचय

दोस्रो परिच्छेद – महाकाव्यको सैद्धान्तिक परम्परा

तेश्रो परिच्छेद – यस परिच्छेदमा मिथकका विशेषताहरु प्रस्तुत

चौथो परिच्छेद – देवकोटाका महाकाव्यहरुको मिथकीय विश्लेषण

पाँचौ परिच्छेद – साहित्यमा मिथकको महत्व

छैटौं परिच्छेद – उपसंहार वा निष्कर्ष

### १.११. समयावधि

प्रस्तुत शोधकार्य गर्न समयलाई निम्नानुसार विभाजन गरिनेछ :

तथ्यसंकलन र वर्गीकरण २ महिना

व्याख्याविश्लेषण १ महिना

लेखन परिष्कार १ महिना

टंकण १ महिना

जम्मा ५ महिना

GGG

# दोस्रो परिच्छेद

## महाकाव्यको सैद्धान्तिक परम्परा

### २.१. महाकाव्यको सैद्धान्तिक स्वरुप

### २.१.१ पृष्ठभूमि

साहित्यका विभिन्न विधाहरुमध्ये कवितालाई प्राचीनतम विधा मानिन्छ । कविताका लघुतम रुपदेखि बृहत्तमसम्मका विभिन्न रुपहरु पाइन्छन् । कविताको स्वरुप लघुतम, लघु, मध्यम र बृहतम वा वृहत्तर सम्म विस्तारित भएको देखिन्छ । कविताको लेखन सुरु हुनपूर्वनै मौखिक परम्परामा वा अलिखित परम्परामा कविताको अस्तित्व पाइन्छ । पद्यात्मक लोकसाहित्यिक विधाहरु जस्तैः श्लोक, गीत, लोककविता वा कवित्त, लोकगाथाहरु लिखित साहित्यको सुरु हुन भन्दा अगाडिनै प्रचलमा रहेका देखिन्छन् । विश्वको सबै भन्दा पुरानो ग्रन्थका रुपमा ऋग्वेदलाई लिन सकिन्छ । पश्चिममा इलियड र ओडिसी महाकाव्यहरु एवं पूर्वमा रामायण र महाभारत महाकाव्यहरु लोक साहित्यको थालनीसँग प्राचीन समयमानै निर्माण भएका हुन् ।

व्युत्पत्ति हेर्दा महा+काव्यको योगबाट बनेको महाकाव्य शब्दले शाब्दिक रुपमा पनि कविताकै बृहत् रुपलाई बुझाउँछ । 'महा' शब्द कुनै शब्दको अगाडि जोडिन आउने र ठूलो, महान् आदि अर्थ प्रदान गर्ने विशेषणवाचक शब्द हो । यसरी महाकाव्यलाई महान् काव्य, ठूलोकाव्य, महत् काव्य आदि नाम दिन सकिने देखिन्छ । यसको मतलव यो होइन कि खण्डकाव्यलाई तन्काएर ठूलो बनाउँदा महाकाव्य बन्दछ । खण्डकाव्य पनि आफ्नै संरचना भएको आफैमा पूर्ण कविताको मझौला विधा हो भने महाकाव्य पनि आफैंमा पूर्ण गरिमामय बिधा हो । कविता र खण्डकाव्यको विषयबस्तु विचार वा अनुभूति हो महाकाव्यको पनि विषयवस्तु अनुभूति नै हो । तर यो जीवनजगत्को विस्तारित चित्र भएकाले विस्तारित अनुभूति महाकाव्यको विषयवस्तु बन्न आउँछ । अनुभूतिलाई विस्तार गर्ने क्रममा यो तरत अनुभूतिले ठोस रुप प्राप्त गर्नुपर्ने हुन्छ । महाकाव्यमा देश , काल, परिस्थिति, वातावरण, घटना र पात्रको समावेश हुन्छ । कविको अनुभूतिले विस्तारको यात्रा थाल्नासाथ यसमा घटना, पात्र र परिवेशको तारतम्य मिलाउनु पर्दछ ।

महाकाव्यले मानवजीवनको सभ्यता , संस्कृति , धर्म , इतिहास , संस्कार , परम्परा आदि विविध विषयलाई समेटेको हुन्छ । महाकाव्यले युगयुगको सभ्यता र संस्कृतिको चित्रण गर्दछ । होमरका इलियड र ओडिसी महाकाव्यहरुले ग्रीक सभ्यताको र रामायण , महाभारतले भारतवर्षीय आर्य सभ्यताको र इतिहासको गरिमामय भूमिका बहन गरेको पाइन्छ । यी महाकाव्यहरु विकासशील महाकाव्य ( Epic of growth) हरु हुन् । यस्ता महाकाव्यहरुमा महाकाव्यकलाको आयोजना भन्दा पनि युग समाजको चित्रण बढी रहन्छ । ललित महाकाव्य ( Epic of Art ) मा चाहिँ शास्त्रीय निनयमको अनुसरण गरी व्यक्ति प्रतिभाको विजय गराएको हुन्छ । कालिदास , मिल्टन , तुलसीदास , देवकोटाका महाकाव्यहरु ललित महाकाव्यहरु हुन् ।

काव्यले लेख्यरुप प्राप्त गरेपछि यसका बारेमा सैद्धान्तिक चर्चा पनि सुरु भएको देखिन्छ । पूर्वमा भरत (इ.पू. दोस्रो शताब्दी) र पश्चिममा एरिस्टोटल (इ.पू. चौथो शताब्दी ) बाट नै साहित्यिक कृतिको व्यवस्थित र वस्तुपरक विवेचना प्रारम्भ भएको पाइन्छ । भरत नाट्यशास्त्रमा मात्र केन्द्रित देखिन्छन् चर्चा गर्दछन् । पूर्वमा रामायण, महाभारत, श्रीमद भागवत गीता, वेदजस्ता आर्य महाकाव्यको परम्परा भए तापनि महाकाव्यको समीक्षा भने इ. पाँचौ शताब्दीका भामहबाट मात्र प्रारम्भ भएको देखिन्छ । यहाँ महाकाव्यको मात्र सन्दर्भ भएकाले पूर्वीय एंव पश्चिमी महाकाव्य सम्बन्धी सैद्धान्तिक परम्परा प्रस्तुत गरिएको छ ।

## २.१.२. पूर्वीय चिन्तन परम्परा

महाकाव्य भनेको काव्य विधाकै सबै भन्दा ठूलो रुप हो । मूलत :काव्यलाईगद्य र पद्य दुई भागमा बाँडिन्छ । महाकाव्य पद्यभेद अन्तर्गतको प्रबन्धात्मक भेदमा पर्दछ । प्राचीन समयमा पूर्वीय साहित्यमा काव्य र साहित्य दुवैलाई काव्य शब्दले चिनाउने परम्परा रहेको पाइन्छ । पूर्वमा संस्कृत साहित्यको परम्परा लामो भएकोले काव्यशास्त्रीय परम्परा पनि सुदीर्घ देखिन्छ । काव्यसम्बन्धी पूर्वीय मान्यता अनुसार काव्यको वर्गीकरण ४ भागमा भएको छ । ती चार भाग यस प्रकार छन् – खण्डकाव्य , काव्य , महाकाव्य र कोषकाव्य । कोषकाव्यमा कथानकलाई अँगालिएको हुँदैन । यसमा अनुभूतिको प्रबन्धन र व्यवस्थापन आदि आख्यानको सहयोगबिना नै हुन्छ र यो अनुभूतिप्रवाहका दृष्टिले निकै शक्तिशाली पनि हुन्छ । खण्डकाव्य , काव्य र महाकाव्यमा आख्यानात्मकता अँगालिन्छ । यसरी महाकाव्य जीवनको महत्‌रुप वा चतुर्वर्गलाई प्रस्तुत गर्ने र समग्र वा

अनेक रसलाई अँगाल्ने जीवनको सर्गबन्धात्मक ढाँचाको पद्यात्मक आख्यानीकरण हो र यो प्रबन्धको सबभन्दा ठूलो रुप हो जब सकलकथा सर्गबन्धमा बाँधिन्छ तब महाकाव्य बन्दछ । यहाँ महाकाव्यसम्बन्धी पूर्वीय आचार्यहरुको लक्षणलाई प्रस्तुत गरिएको छ ।

**क ) भामहको महाकाव्यपरिभाषा**

पूर्वीय आचार्यहरुमध्ये महाकाव्यका विषयमा चिन्तन गर्ने आदि आचार्य भामह हुन् । उनी अलङ्कारवादी आचार्य हुन् । उनको समय इसाको छैटौं शताब्दी हो । 'अलङ्कार नै काव्यको आत्मा हो र अलङ्कार विनाको काव्य कुराकानी जस्तै हुन्छ ' भन्ने मान्याता उनको रहेको छ । महाकाव्यसम्बन्धी उनको परिभाषा **काव्यलङ्कार** ग्रन्थमा उपलब्ध छ । उनको परिभाषा यस प्रकार छ –

"सर्गबन्धो महाकाव्य महत च महच्चयत् ।
अग्राम्य शब्दमर्थं च सालङ्कारं सदाश्रयम् ॥
मन्त्रदूत प्रयणादि नायकाभ्युदयं च यत् ।
पञ्चभि : सन्धिभि : युक्तं नातिव्याख्येयमृद्धिमत् ॥"[1]

सर्गबन्धो महाकाव्यं भन्ने भामहको पहिलो भनाइबाट महाकाव्य सर्गमा बाँधिएको हुनुपर्छ भन्ने देखिन्छ । त्यसै गरेर महाकाव्य महान्पात्रहरुको महत् चरित्रमा आधारित हुनु पर्दछ । यो मन्त्रणा, दूतप्रेषण, यात्रा, नायकको अभ्युदय, पञ्चसन्धि आदिले युक्त हुनु पर्दछ । समग्र रसले युक्त, कुलीनता, शूरता र ज्ञानले सम्पन्न नायकलाई अग्रस्थानमा स्थापित गर्दै अन्य पात्रको उत्कर्ष देखाउनका लागि नायकको बध गरिएको हुनु हुँदैन । महाकाव्यसम्बन्धी भामहको अन्तिम बुँदा हो ' न अति व्याख्या ' । उनी अति विस्तृतताको विपक्षमा देखिन्छन् । उनी **रामायण** र **महाभारत**कोअतिविस्तारसँग सहमत नभएको देखिन्छ । त्यसैले उनी कलात्मक वा ललित महाकाव्यको पक्षमा रहेको प्रस्ट हुन्छ । यसै गरी उनले महाकाव्यको आर्दश , गरिमा र सामाजिक दायित्वनिर्वाहतफ सङ्केत गरेको देखिन्छ ।

भामहको महाकाव्यसम्बन्धी परिभाषा छोटो छ तर महाकाव्यको आधारभूत चेतना उनको परिभाषामा पाइन्छ । उनका उत्तरवर्ती आचार्यहरुले उनकै परिभाषालाई आधार मानेर आफ्ना धारणा राखेका छन् । भामहपछि आचार्य रुद्रटले महाकाव्यसम्बन्धी

१. भामह : **काव्यालङ्कार,** ( १ : १९ र २१ )

आफ्ना धारणा प्रस्तुत गरेका छन् । खासगरी उनले महाकाव्यमा चर्तुवर्ग र समग्र रसको अभिव्यक्ति हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन् ।

**ख) रुद्रटको महाकाव्यपरिभाषा**

आठौं शताब्दीको उत्तरार्धतिरका आचार्य रुद्रटले महाकाव्यलाई यसरी हेरेका छन् । महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए पनि हुन्छ । यस कथानक भित्र अवान्तर कथाहरु पनि समाविष्ट हुन सक्छन् । यसले युग र जीवनको विविध चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न द्विजकुलोत्पन्न र शक्तिमान हुनुका साथै युद्धका विजयसमेत हासिल गर्न सक्ने खालको हुन्छ । रुद्रटको महाकाव्यसम्बन्धी सैद्धान्तिक मान्यता यस्तो देखिन्छ ।

सन्ति द्विधाः प्रबन्धा, काव्यकथाख्यायिकादयः
काव्य उत्पाद्यानुत्पाद्या महल्लघुत्वेन भूयोऽपि ॥
तत्रौत्पाद्या येषां शरीरमुत्घाटयेत्कवि : सकलम् ।
कल्पितयुक्तोत्पत्ति नायकमपि कुत्रचित्कुर्यात् ॥

पञ्चरमितिहासादि प्रसिद्धञ्जसिलं तदेकदेशं वा ।
परिपूरयेत्स्ववचा यत्रकषिस्ते त्वतुत्पाद्या : ॥
तत्र महान्तो येषु च विततेएवमिद्यते चतुवर्ग
सर्वेरसा : क्रियन्तेकाव्य स्थानानि सर्वराणि ॥

ते तधवो विज्ञेया येष्वन्यतमो भवेच्चतुर्वर्गात् ।
असमग्रनेकरसा ये च समग्रैकरसयुक्ता : ॥
तत्रोत्पाद्ये पूर्वसन्नगरिवर्णनं महाकाव्यम् ।
कुर्वित तदनु तस्यांनायक वंश प्रशंसा च ॥[२]

रुद्रटको भनाई अनुसार महाकाव्यमा सुन्दर नगरको वर्णन गरिन्छ र त्यस नगरमा रहेको नायकीय वंशको चर्चा गरिन्छ । उनका अनुसार नायक प्रभूशक्ति , मन्त्रशक्ति र उत्साहशक्तिजस्ता शक्तित्रयद्वारा युक्त हुनुपर्दछ । नायकका क्रियाकलाप वा कार्यव्यापार उदात्त , महान् एवं लोकोपकारक हुनुपर्ने मानिन्छ । रुद्रटले महाकाव्यका सामान्य पक्ष छन्द, मङ्गला चरण आदिलाई उल्लेख गरेको पाइदैन ।

२ रुद्रट : **काव्यालङ्कार** , दोस्रो संस्करण , वाराणसी : चौखम्बा प्रकाशन , २०३२ ,पृ . २ ।

आचार्य रुद्रटले महाकाव्यमा विशेष गरेर चतुर्वर्ग र समग्ररसताको आवश्यकता ठानेका छन् । उनले आवश्यक ठानेका चर्तुवर्गमा धर्म , अर्थ , काम र मोक्ष पर्दछन् । धर्म भनेको कामनाको सन्तुष्टि र मोक्ष भनेको शान्त , निर्विकार रुपमा जीवनलाई विश्रान्ति दिनु हो भन्ने देखिन्छ ।

**ग) दण्डीको महाकाव्यपरिभाषा**

भामहले र रुद्रटले भन्दा केही विस्तृत रुपले महाकाव्यका लक्षणहरु देखाउने काम दण्डीले गरेका छन् । उनको महाकाव्यपरिभाषा यसप्रकार छ –

सर्गबन्धो महाकाव्यामुच्यते तस्य लक्षणम् ।
आशीर्नमस्क्रियावस्तुनिर्देशो वापि तन्मुखम् ॥
इतिहास कथोद्भूतमितरद्वा सदाश्रयम् ।
चतुर्वर्गफलोपेतं चतुरोदात्तनायकम् ॥
नगरार्णवशैलर्तुचद्रार्कोदयवर्णनै : ।
उद्यानसलिलक्रीडामधुपानरतोत्सवै : ॥
विप्रलम्भैर्विवाहैश्च कुमारोदय वर्णनै : ।
मन्त्रदूत प्रयाणादि नायकाम्युदयैरपि ॥
अलङ्कृतं च संक्षिप्तं रसभाव निरन्तरम् ।
सर्गैरनति विस्तीर्णै : श्रव्यवृतै : सुसन्धिभि ॥
सर्वत्र भिन्नवृत्तान्तैरुपेतं लोकरञ्जनम् ।
काव्यं कल्पान्तरस्थायी जायते सदलंकृति ॥[३]

दण्डीका विचारमा आशीर्वादात्मक मङ्गलाचरण महाकाव्यमा अनिवार्य चाहिन्छ । यसरीनैइतिहास प्रसिद्ध कथावस्तु, चतुर उदात्त नायक, नगर, समुद्र, पहाड, ऋतु, चन्द्र, सूर्यको उदयवर्णन गरिएको हुनु पर्दछ । त्यसै गरेर बगैचा, जलक्रीडा, मधुपानस्ति उत्सवहरु, विप्रलम्भ, विवाह आदि अनेक काव्य वैभवको वर्णन, महाकाव्यमा अपेक्षित भएको पाइन्छ ।

**घ) विश्वनाथको महाकाव्यपरिभाषा**

चौधौं शताब्दीका विश्वनाथले आफ्नो साहित्य दर्पमा महाकाव्यसम्बन्धी विस्तृत परिभाषा दिएका छन् । पूर्ववर्ती आचार्यहरुका परिभाषा र आफ्नो समयसम्ममा देखापरेका

३. दण्डी , **काव्यादर्श** , दोस्रो संस्करण , वाराणसी : चौखम्बा विद्याभवन , २०४८ ( श्लोक –१ : १४–१९)

महाकाव्यहरुको अध्ययनबाट उनको परिभाषा सर्वाधिक विस्तृत र स्पष्ट बन्न पुगेको छ । भामह , रुद्रट र दण्डीका धारणालाई समेट्दै आफ्ना नयाँ मान्यताको प्रस्तुतिले गर्दा विश्वनाथको परिभाषा विस्तृत , व्यापक र आधिकारिक हुनु स्वभाविकै हो । उनले दिइएको महाकाव्यको परिभाषा यसप्रकार छ –

सर्गबन्धो महाकाव्यस्तत्रैको नायक : सूर : ।
सद्वंश : क्षत्रियो वापि धीरोदात्तगुणान्वित : ॥
एकवंशभवा भूपा : कुलजा बहवोकपि वा ।
शृङ्गारवीरशान्तानामेकोकङ्गी रस इष्यते ॥
अङ्गानि सर्वेकपि रसा : सर्वे नाटकसन्धय : ।
इतिहासोद्भवं वृत्तमन्यद्वा सज्जनाश्रयम् ॥
चत्वारस्तस्य वर्गा : स्युस्तेष्वेकं च फलं भवेत् ।
आदौ नमस्क्रियाशीर्वा वस्तुनिर्देश एव वा ॥
चत्वारस्तस्य वर्गा : स्युस्तेष्वेकं च फलं भवेत् ।
आदौ नमस्क्रियाशीर्वा वस्तुनिर्देश एव वा ॥
क्वचिन्निन्दा खलादीनां सतां च गुणकीर्तनम् ।
एकवृत्तमयै : पद्यैखसानेऽन्यवृत्तकै : ॥
नातिस्वल्पा नातिदीर्घा : सर्गा अष्टाधिका इह ।
नानावृत्तमय : क्वापि सर्ग : कश्चन दृश्यते ॥
सर्गान्ते भावीसर्गस्य कथाया : सूचनं भवेत् ।
सन्ध्यासूर्येन्दुरजनीप्रदोषध्वान्तवासरा : ॥
प्रातर्मध्यान्वमृगयाशैलर्तुवनासरा : ।
सम्भोगवित्रलम्भौ च मुनिस्वर्गपुराध्वरा : ।
रणप्रयाणोपयममन्त्रपुत्रोदयादय : ॥
वर्णनीया यथायोगं साङ्गोपाङ्ग अमी इह ॥
कवेर्वृत्तस्य वा नाम्ना नायकस्येतरस्य वा ।
नामास्य सर्गोपादेयकथया सर्गनाम तु ॥[४]

विश्वनाथको उक्त परिभाषा अनुसार महाकाव्यमा अनेक नायकहरु हुन सक्नेछन् । त्यसै गरेर महाकाव्यमा शृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी रस हुनुपर्ने छ । चतुर्वगमध्ये कुनै एउटाको प्राधान्य हुनुपर्ने छ । महाकाव्य सर्गमा बाँधिएको हुनुपर्दछ ।

४. विश्वनाथ , **साहित्य दर्पण** , वाराणसी : चौखम्बा विद्या भवन , ई. १९६३ , पृ. ५४९ ।

महाकाव्यमा ८ सर्गभन्दा बढी हुन सक्छन् । सर्गको अन्तमा आगामी सर्गको कथाको सूचना दिनु पर्छ । कथानक नाटकीय पञ्चसन्धिसमन्वित हुनुपर्दछ । सम्पूर्ण समयचक्र सन्ध्या , प्रभात , इन्दु , रजनी ,ध्वान्त , मध्यान्ह ऋतुचक्र , स्वर्गदेखि धरतीसम्मको र धरतीदेखि स्वर्गसम्मको सम्पूर्ण परिवेशको वर्णन गरिनुपर्दछ । नायक , कथानक वा कविका नामबाट काव्यको नामाकरण गरिनुपर्दछ । विविध छन्दको प्रयोग गरिनाका साथै सर्गान्तमा छन्द बदल्नुपर्दछ ।

माथिका महाकाव्यपरिभाषा सम्बन्धी चर्चाहरुबाट महाकाव्यका सम्बन्धमा केही आधारभूत परिभाषाहरु स्थापित भएका देखिन्छन् । रामायण , महाभारत , रघुवंश , कुमारसम्भव, किरातार्जुनीय, शिशुपालबध आदि अनेक प्राचीन महाकाव्यात्मक कृतिहरुलाई अनुमान गर्दै बनाइएका अनेक परिभाषाहरुबाट निस्किएको निचोडलाई यहाँ उल्लेख गरिएको छ ।

महाकाव्यको पूर्वीय चिन्तन परम्परामा सबै आचार्यहरुले सर्गबद्धतालाई उल्लेख गरेको देखिन्छ । भामह , दण्डी र विश्वनाथले महाकाव्यको लक्षणनै सर्गबद्धताबाट सुरु गरेको पाइन्छ । महाकाव्यको नायक प्रथालाई खुसी तुल्याउने, विजयको आकाङ्क्षी एवं सर्वगुण सम्पन्न राजा वा  महापुरुष महाकाव्यको नायक हुनुपर्ने धारणा रहेको पाइन्छ । धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त यी चार प्रकारका नायकको विशेष चर्चा पाइन्छ । यसरी महाकाव्यमा महान् चरित्रकै केन्द्र, भएकाले नायक दोषरहित एवं गुण सम्पन्न हुनुपर्ने देखिन्छ ।

महाकाव्यको विषयवस्तु महान् हुनुपर्छ भन्ने धारणा भामहबाट व्यक्त भएको पाइन्छ । महाकाव्यमा यात्रावृत्तान्त, युद्ध, मन्त्रणा, राज्यका विभिन्न अङ्ग, सज्जनको प्रशंसा, दुर्जनको निन्दा, सत्को अभ्युदय र असत्को पराजय देखाइएको हुनु पर्दछ । सामान्य कविता वा काव्य भन्दा महाकाव्य वस्तुगत महत्ताको कारण भिन्न हुन्छ । महाकाव्यले जीवन र जगत्को विराट्ता र मानवीय आकाङ्क्षाको उच्चतम रुपलाई अभिव्यक्ति दिने हुँदा यसमा महान् विषयवस्तु अपेक्षित मानिन्छ । महाकाव्यमा नायकको चरित्र र कथावस्तुलाई प्रभावकारी बनाउनका निम्ति परिवेशको महत्वपूर्ण भूमिका रहेको हुन्छ । महाकाव्यमा ऋतु , सन्ध्या , रात्रि , चन्द्रोदय आदि परिवेश आएको हुनुपर्छ भन्ने पाइन्छ ।

भाषाका पद्य र गद्य भेदमध्ये महाकाव्यमा पद्यात्मक अभिव्यक्ति हुनुपर्दछ । महाकाव्य छन्दमा नै लेखिनु पर्ने पूर्वीय मान्यता पाइन्छ । भामह, दण्डी, विश्वनाथ आदि आचार्यहरुले महाकाव्य छन्दमा नै हुनुपर्ने धारणा व्यक्त गरेका छन् । पूर्वीय मान्यता अनुसार एउटा सर्गमा एउटा छन्दको प्रयोग र सर्गान्तमा छन्द परिर्वतन गर्ने मान्यता पाइन्छ । यसबाट पूर्वीय महाकाव्यमा छन्दको महत्वपूर्ण स्थान रहेको देखिन्छ । महाकाव्यमा छन्दका साथै उदात्त एवं आलङ्कारिक भाषाशैली हुनुपर्दछ । महाकाव्यको भाषा सामान्य नभएर विशेष, सरलको अपेक्षा अलङ्कार युक्त वा शब्द र अर्थ वैचित्र्यले युक्त र सुगठित हुनुपर्ने देखिन्छ । महाकाव्यमा रसको स्थान महत्वपूर्ण रहेको छ । भामहद्वारा महाकाव्यमा सम्पूर्ण रस हुनुपर्ने धारणा व्यक्त गरेको पाइन्छ भने दण्डीले रस र भावको निरन्तरता हुनुपर्ने बताएको पाइन्छ । भामह र दण्डी भन्दा पश्चवर्ती कालका आनन्दवर्धन , मम्मट , विश्वनाथ आदि आचार्यहरुद्वारा काव्यको आत्माका रुपमा रसलाई स्थापित गरेको पाइन्छ । यी उपर्युक्त पूर्वीय मान्यता अनुसार महाकाव्य कथावस्तु , पात्र , परिवेश , भाषा , रस आदिका दृष्टिले भव्य र गम्भीर हुनुपर्ने देखिन्छ ।

### २.१.३. पाश्चात्य चिन्तनपरम्परा

महाकाव्यलाई बुझाउन अङ्ग्रेजीमा 'एपिक' शब्दको प्रयोग भएको पाइन्छ । यो लामो आख्यानात्मक कविताको रुपलाई बुझाउन प्रयोग भएको देखिन्छ । अङ्ग्रेजीमा लामा कविताका विभिन्न रुपहरुमध्ये महाकाव्यलाई आख्यानले युक्त लामो कवितात्मक रुप मानिन्छ । पश्चिमी साहित्यमा महाकाव्यको परम्परा लामो देखिनुका साथै यसका बारेमा चिन्तन पनि प्राचीन देखिन्छ । प्राचीन कालदेखि आजको एक्काइसौं शताब्दी सम्मको यति लामो समयसम्मका काव्य चिन्तकहरुले र समालोचक तथा आलोचकहरुले महाकाव्यको सैद्धान्तिक चर्चामा आफूलाई सामेल गराएका छन् । यस सन्दर्भमा देखापर्ने प्राचीन युनानी चिन्तक अरिस्टोटल नै पाश्चात्य महाकाव्यसम्बन्धी चिन्तन गर्ने प्रथम प्रतिभा मानिन्छन् । अरस्तुले महाकाव्यको छुट्टै चिन्तन नगरे पनि ट्रेजेडिको चर्चाका क्रममा आफ्नो ग्रन्थ काव्यशास्त्र ( पेरिपोइतिकेस ) का अध्याय २२ ,२३ र २४ मा ट्रेजेडी र महाकाव्यका बीच तुलना गरेका छन् । यसै क्रममा उनी भन्दछन् " महाकाव्यमा आफ्ना सीमामाथि विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ । जहाँसम्म यस्तो काव्य कृतिको प्रश्न छ , जसको रुप आख्यानात्मक तथा छन्द एउटा मात्र प्रयोग भएको हुन्छ । कथानकको विकास आदि , मध्य

र अन्त्यभएको एक पूर्व घटनाको उल्लेख हुनुपर्छ र यसले एउटा जीवन्त प्राणीले जस्तै आनन्द प्रदान गर्दछ ।"[५]

अरिस्टोटलले दु:खान्त नाटकको विस्तृत चर्चा गर्दा तुलनात्मक रुपमा महाकाव्य र स्वरुपको विश्लेषण गरेका छन् । यस दृष्टिले उनको काव्यशास्त्र -(Poietics) उल्लेखनीय छ । उक्त काव्यशास्त्रमा अरिस्टोटलले महाकाव्यका लागि चार तत्वको उल्लेख गरेका छन् ।[६] उक्त चार तत्वहरु कथावस्तु , चरित्र , पदावली र विचार हुन् ।

पाश्चात्य जगत्मा देखा पर्ने अर्का काव्यचिन्तक एबर क्राम्बेले महाकाव्यलाई साहित्यिक र ऐतिहासिक हाँगाहरुमा विभाजन गर्दै महाकाव्यको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । आलङ्कारिक रुपमा मनोरञ्जन पाराले लेखिएको महाकाव्यलाई साहित्यिक र ऐतिहासिक पाराले कथानकमा समयानुरुप लिएको महाकाव्यलाई ऐतिहासिक महाकाव्य भनी उल्लेख गरेका छन् ।[७]

सी. एम. बाबरले अझ अगाडि बढेर महाकाव्यको तत्वका बारेमा चर्चा गरेको पाइन्छ । उनका विचारमा " त्यो वृहताकार कथात्मक काव्य महाकाव्य हो । जसमा महत्वपूर्ण र गरिमामय घटनाहरुको वर्णन हुन्छ  तथा जसमा केही पात्रहरुको क्रियाशील एवम् भयङ्कर कार्यले भरिएको जीवन कथा हुन्छ । त्यो पढ्दा हामीलाई घटना र पात्रहरुले हाम्रो हृदयमा मानवीय उपलब्धिहरु तथा गौरव र महत्वप्रति दृढ आस्था उत्पन्न गरिदिन्छ ।"[८] यसरी महाकाव्यमा कथात्मक प्रवन्धकाव्य , गरिमायुक्त घटनाको वर्णन, आत्मगौरवको भाव सञ्चार गर्ने क्षमता , क्रियाशीलता जीवनको उद्घाटन , जीवन्त कथा र रञ्जक तत्व हुनु आवश्यक भएको कुरा बाबरको चिन्तनमा देखिन्छ ।

पाश्चात्य विद्धान् स्टिनवर्गले सम्पादन गरेको विश्वकोशमा महाकाव्य विधालाई यसरी चिनाइएको छ : "वीरतापूर्ण कार्यहरुको सविस्तार र सुविस्तृत रुपमा वर्णन गरिएको वर्णनात्मक कविता नै महाकाव्य हो । यसमा नायक प्राय : एउटै हुन्छ । उच्चतर राष्ट्रियता, सार्थकता , शौर्यप्रयाण एवं अतिमानवीय विस्तृत वर्णनसमेत रहेको हुन्छ ।"[९]

---

५. नागेन्द्र र महेन्द्र चतुर्वेदी (अनुवादक) ,अरस्तुका काव्यशास्त्र, नयाँ दिल्ली : हिन्दी अनुसन्धान परिषद् , १९८१ ई. , पृ. ४६ ।

६. मोहन हिमांशु थापा , **साहित्य परिचय** , तेस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ,२०४२ , पृ . ४८ ।

७. एबर क्रम्बे , **द इपिक इन एस्से** , चौथो संस्करण, म्याकमिल एण्ड कम्पनी , १९६० , पृ. २५ ।

८. सी.एम. बाबरा ,फ्रम भर्जिल टू मिल्टन , लण्डन : १९४५ ई., पृ. १६ ।

९ . एस.एच. स्टिनवर्ग ( सम्पादक ) ,इन्साक्लोपेडिया अफ लिटरेटी टर्म, १९९५ , पृ : ९७ ।

उक्त महाकाव्यका परिभाषाहरुलाई नियाल्दा पाश्चात्य महाकाव्यको सुरुवातलाई पनि हेर्नु पर्दछ । पश्चिममा सभ्यताको यात्रा प्राचीन ग्रीसबाट सुरु भएको मानिन्छ । इसापूर्व १००० वर्ष अर्थात होमर देखि यता हाल सम्म ३००० वर्षको लामो दिर्घ साहित्यिक परम्परा निरन्तर रहेको देखिन्छ । होमर पूर्वको ग्रीसको साहित्य देवगाथा वीर गाथा जस्ता गाथा चक्रिय लोक परम्पराबाट डोरिएको पाइन्छ । होमरले तिनै प्राचीन लोक गाथा चक्रिय परम्परालाई विष्लेषण गरेर प्रतिकात्मक रुपमा दुइवटा इलियड र ओडिसी महाकाव्य प्रस्तुत गरेको पाइन्छ । माथि उल्लेख गरिएका बाहेक पश्चिममा अन्य विभिन्न साहित्यकारहरुले महाकाव्यको चर्चा गरेको पाइन्छ । मिल्टनका अनुसार त्यो वृहत आकारको कथात्मक अभिव्यक्ति महाकाव्य हो जसमा महत्वपूर्ण केही पात्रहरुको क्रियासील एवं क्रियाले भरिएको जीवनकथा हुन्छ । पढ्दा हामीलाई आनन्द हुन्छ । यहाँका घटना र पात्रले मानवीय उपलब्धी आस्था जगाइदिन्छन् । त्यसै गरी वाल्टायरले इङ्लीस इपिकमा महाकाव्यको चर्चा गरेका छन् । उनका अनुसार –त्यो काव्य ग्रन्थनै महाकाव्य हो, जसलाई समाजले महाकाव्य मान्न थाल्छ घटनासरल या जटिल भए पनि नायक एक वा अनेक भए पनि भाग्यशाली वा अभागी भए पनि क्रोधी वा धर्मात्मी भए पनि राजा वा रैती भए पनि दृश्य सागर नरकको भए पनि केही फरक पर्दैन । टिलियर्डका अनुसार महाकाव्य गौरवपूर्ण , समृद्ध ,संयमित र सङ्गीतात्मक हुनुपर्दछ साथै महाकाव्यमा प्रणयतत्व, व्यङ्ग्य र अन्य विशेषताहरु हुनुपर्दछ । पुनर्जागरणकालीन समालोचकहरुले सबै विधाहरुमा सर्वोत्तम दर्जा महाकाव्यलाई प्रदान गरेको पाइन्छ । यस समयमा महाकाव्य चिन्तन गर्ने व्यक्तिहरुमा बिडा, ड्यानियल्लो, ल वस्सु , ड्यावनोट , टिलियर्ड आदिको नाम उल्लेखनीय मानिन्छ ।

महाकाव्यको सर्वपक्षीय महान्तामा पश्चिमी समालोचकहरुको ध्यान आकृष्ट भएको देखिन्छ । मार्जारी बौल्ट महाकाव्यलाई वृहत्तम कविताको एउटा प्रकार मान्दै यो नायकीय कार्यव्यापारका रुपमा परिचित भएको उल्लेख गर्दछन् । उनका अनुसार महाकाव्यको कार्यव्यापार तुच्छ हुनु हुँदैन र त्यसमा भौतिक र आध्यात्मिक द्वन्द्धलाई समुचित विन्यास गरिनु पर्दछ । महाकाव्यको शैली गुरुत्वपूर्ण , आलङ्कारिक र औपचारिक हुनुपर्दछ भन्ने मान्यता पाइन्छ (बौल्टन, १९९८:९९) । हेनरी हड्सन पश्चिमी महाकाव्यको अध्ययन गर्ने क्रममा समग्र कविताको सापेक्षमा महाकाव्यको विशिष्ट स्थान निर्धारण गर्दछन् । हड्सनका महाकाव्य सम्बन्धी मान्यतामा विकसनशील र ललित दुवैको भिन्नता प्रस्तुत गरिएको छ र यिनको गम्भीरतामा जोड दिइएको छ । हड्सनले हीनतर विषयवस्तु

भएका महाकाव्यको पनि चर्चा गरेका छन् र यस्ता महाकाव्यलाई मोक एपिकको संज्ञा दिएका छन् (हड्सन, १९९१: १०७)।

माथि प्रस्तुत गरिएका महाकाव्यसम्बन्धी विभिन्न परिभाषा र धारणाबाट पश्चिमा महाकाव्य चिन्तनको लामो परम्परा रहेको देखिन्छ। एरिस्टोटलले दःखान्त्यको चर्चा गर्ने क्रममा महाकाव्यको चर्चा गरे पनि दुःखान्त्यसगँ तुलना गर्ने एकमात्र गरिमा युक्त विधाका रुपमा महाकाव्यलाई लिएको देखिन्छ। आदिम विकसनशील महाकाव्यदेखि शास्त्रीय महाकाव्य हुँदै मोक एपिकसम्म महाकाव्यका अनेक रुप पाइन्छन्। आदिम महाकाव्य सरल , सामूहिक, जातीय स्वस्फूर्त एवं नित्यनवीय हुने गरेको देखिन्छ । ललित महाकाव्यमा कविको व्युत्पत्ति, शास्त्रज्ञान वा साधनाको अलङ्कृति हुने गरेको पाइन्छ । पाश्चात्य महाकाव्य सम्बन्धी चिन्तन परम्परालाई विश्लेषण गर्दा महाकाव्यमा अनेक विशिष्ट गुण रहने देखिन्छन् । यस्ता महाकाव्यीय महान् विषयवस्तु , महत्चरित्र , भव्यउदात्त शैली , जीवनजगत्को व्यापक चित्रण समाख्यानात्मकता , षट्पदीय छन्दको उपयोग आदि गुणले युक्त महाकाव्य अपेक्षित देखिन्छ।

## २.२. नेपाली महाकाव्यको विकास क्रम

कविता विधाको सबै भन्दा बुहत् रुप महाकाव्यलाई मानिन्छ । विषयवस्तु , परिवेश , भाव , भाषा आदिका दृष्टिले गरिममयुक्त हुने हुँदा महाकाव्य सिर्जनाका लागि विशिष्ट प्रतिभाको आवश्यकता पर्ने देखिन्छ। यस विधाले जीवनजगत्को बृहत् चित्र प्रस्तुत गर्ने भएकाले आख्यान तत्व समाविष्ट हुन्छ। महाकाव्यको व्यापक उद्देश्यलाई व्यक्त गर्न उच्च उदात्त भाषाशैली आवश्यक पर्दछ । महाकाव्यमा कविको वैचारिकता र जीवनदृटि अभिव्यक्त भएको हुनुपर्दछ। यहाँ नेपाली महाकाव्य लेखनको पृष्ठभूमि र परम्परालाई प्रस्तुत गरिएको छ।

### २.२.१. पृष्ठभूमि

नेपालको एकीकरण सँगसँगै नेपाली भाषाले पनि फैलिने अवसर पाएको देखिन्छ। पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियानसँगै नेपाली भाषामा कविता लेख्न सुरु गरेको पाइन्छ। सर्वप्रथम सुवानन्ददासबाट कविता लेख्न सुरु गरेको देखिन्छ। त्यसपछि शक्तिवल्लभ अर्याल ,राधावल्लभ अर्याल उदयानन्द अर्याल र पृथ्वीनारायण शाहबाट नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ। मौखिक परम्परामा भने हजारौं वर्षका लोकगाथा, लोगीत,

लोकनृत्यका स्वरुपहरु लोकधारामा लेखिन्छन्। अलिखित परम्पराको लामो अनुभवपछि लिखित रुपमा आएको नेपाली कविताको विकास क्रम हालसम्म झण्डै २६५ वर्षको रहेको छ । जनस्तरबाट गाउँदै भनिदै आएका प्रशस्त कविता र गीतका भाकाहरुमा देवगाथा ,वीरगाथा, प्रणयगाथा फेलापर्दछन् । यी गाथा बाहेक मौखिक परम्परामा महाकाव्यको जीवित अस्तित्व अहिलेसम्म फेलापरेको पाइदैन । मौखिक परम्परामा महाकाव्य देखा नपरे पनि यो कविताको परम्परा महाकाव्य निर्माणको आधार बनेको देखिन्छ ।

माथि उल्लेख गरेका नेपाली भाषाका कविताले नेपाली महाकाव्य लेखनमा ठूलो सहयोग पुर्याएको छ । त्यसै गरेर लेख्य नेपाली महाकाव्यको थालनीका लागि उपजीव्य रहँदै आएका सुप्रसिद्ध संस्कृत महाकाव्यहरुले पनि महत्वपूर्ण भूमिका खेलेका छन् । संस्कृत महाकाव्यकार वाल्मीकि, वेदव्यास, भारवि, माघ, श्रीहर्ष, कालिदास र महाकवि भट्टीका क्रमशः रामायण, महाभारत, किरातर्जुनीय, शिशुपालबध, नैषधीय चरित्र, कुमार सम्भव र रघुवंश तथा भट्टीको भट्टीकाव्य उल्लेखनीय छन् । वाल्मीकि, कालिदासका रसभावमय सुकुमार शैली र भारवि माघ आदि उत्तरवर्ती विद्वानहरुको पण्डित्यपूण अलङ्कृत शैलीबाट नेपाली महाकाव्य निकै लाभान्वित भएका छन् । यसका साथै पशिचमी महाकाव्यपरम्पराका होमर, भर्जिल, दाँतेलगायत पूर्वस्वच्छन्दवादीयुग, नवपरिष्कारवादी युग र स्वच्छन्दतावादी युगका महाकाव्यको प्रभाव पनि नेपाली महाकाव्यले ग्रहण गरेको पाइन्छ । यस प्रकार पूर्वीय र पाश्चात्य महाकाव्यपरम्पराका मान्यता र शिल्प अनि नेपाली कविता र लोक गाथाबाट प्रेरित, प्रभावित हुँदै नेपाली महाकाव्यको उत्थान एवम् विकास भएको छ । सुवानन्ददासदेखि प्रारम्भ भएको नेपाली कविताको समग्र विकासयात्रालाई विभिन्न मोड र प्रवृत्तिहरुमा देखाइएको छ । काल विभाजनका आधारमा प्राथमिक, माध्यमिक र आधुनिक कालका रुपमा नेपाली कविताको विकासक्रमलाई देखाइएको छ । यहाँ महाकाव्यको विकासलाई मात्र देखाइएको छ ।

### २.२.२. नेपाली महाकाव्यविकासका चरण विभाजन

नेपाली महाकाव्य परम्परामा प्रथम मानक महाकाव्यका रुपमा लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल महाकाव्य देखा पर्दछ । महाकाव्यको मूल्य मान्यतालाई अँगालेर महाकाव्य सिर्जना गर्ने परम्परा आधुनिक कालमा आएर भएको देखिन्छ । नेपाली महाकाव्यको विकासचरणलाई विभिन्न प्रकारले देखाउने प्रचलन रहेको पाइन्छ । प्राय : धेरै

विद्वानहरुले नेपाली कविताको विकासक्रममा नै महाकाव्यको अध्ययन गरेको देखिन्छ । कसैले देवकोटालाई केद्रविन्दु मानेर देवकोटापूर्वयुग , देवकोटायुग  र देवकोटाउत्तरयुग पनि मानेको देखिन्छ ।[१०] महादेव अवस्थीका अनुसार नेपाली महाकाव्यको विकास पृष्ठभूमि र प्रवर्तन कालमा भएको देखिन्छ । यहाँ यसैलाई आधार मानि नेपाली महाकाव्यको विकासका चरणलाई विभाजन गरिएको छ ।

**क) पृष्ठभूमिकाल**

माथि उल्लेख गरिएको संस्कृत महाकाव्य परम्पराबाट प्रेरणा र उपजीव्य कथाक्रम समेतलाई ग्रहणगरी पूर्वीय परम्पराको अनुकरण गर्ने क्रममा नेपाली फुटकर कविताबाट महाकाव्यात्मक ग्रन्थहरु तयार गर्ने क्रमबाट नेपाली महाकाव्य सिर्जना भएको देखिन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल महाकाव्यलाई प्रथम आधुनिक एवं मानक महाकाव्य मानेर यस पूर्वको कालखण्डलाई नेपाली महाकाव्यको पृष्ठभूमिकाल मानिएको छ । नेपाली महाकाव्यको पृष्ठभूमि कालमा सबै भन्दा पहिला देखा परेका सुवानन्द दास हुन् । उनले पृथ्वीनारायण शाहलाई नायक बनाएर वीररसले भरिएका कविता लेखेको पाइन्छ । पृथ्वीनारायण शाहको व्यक्तित्वका विभिन्न पाटाहरुको चित्रण गर्दै उनलाई धर्मवीर, दानवीर, युद्धवीर राजाका रुपमा उभ्याए । नेपालको एकीकरणको सन्दर्भ र पृथ्वीनारायणको काशीयात्राका घटानाहरुलाई आख्यानात्मक रुपमा कवितामार्फत व्यक्त गर्ने परम्पराको जग सुवानन्ददास देखि नै भए पनि यस समयमा महाकाव्योचित विस्तारलाई आत्मसात गरेका कृति देखा पर्दैनन् । यस समयका अर्का कवि शक्तिबल्लभ अर्याल हुन् । संस्कृत र नेपालीमा लेखेको हास्यकदम्ब उनको महत्वपूर्ण कृति हो । त्यसै गरेर उनको तनहुँ–भकुण्डो शीर्षकको कविता प्राप्त छ तर महाकाव्यात्मक कृति उनको देखा परेको छैन । नेपालीमा महाकाव्यात्मक आयामलाई समेटेर प्राथमिक कालमा नै काव्यकृति सिर्जना भए पनि प्रथम महाकाव्यात्मक कृति कुन हो भन्ने विषयमा केही मत भिन्नता देखिन्छ । नरेन्द्र चापागाईले ज्ञानमणि नेपालको सन्दर्भ उल्लेख गर्दै पृथ्वीन्द्रोय महाकाव्य चर्चामा आए पनि पुष्टि हुन नसकेकोले भानुभक्तको रामायण नै प्रथम महाकाव्य कृति भएको उल्लेख गरेका छन् । (चापागाई, २०५२:२४६ ) कुमारबहादुर जोशीले पनि महाकाव्यको प्रथम उठान भानुभक्तीय रामायण नै भएको स्वीकारेको पाइन्छ । (जोशी, २०५२:१६३) । महादेव अवस्थीका अनुसार पृथ्वीन्द्रोदय महाकाव्यमा नेपालको आन्तरिक वस्तुस्थिति एवं

१०. भागवत आचार्य, कविता-सिद्धान्त र नेपाली कविता एवम्, नवीन प्रकाशन भोटाहिटी काठमाण्डौं पृ. २२७

एकीकरणको अभियानलाई विषयवस्तु बनाई प्रखर राष्ट्रबोधको वीररसात्मक छन्दोबद्ध अभिव्यक्ति भएकाले प्रथम मौलिक महाकाव्य हुनसक्ने देखिए पनि अप्रकाशित रहनु र श्लोकगत लमाइको अभावमा यो अपूर्ण रहनका कारणले नै भानुभक्तिय रामायण प्रथम प्रकाशित महाकाव्यकार कृति बन्न पुगेको छ (अवस्थी, २०६४ : ५९ )

भानुभक्त आचार्यको रामायण अन्य कृतिको सापेक्षतामा पूर्ण , संरचनात्मक परिपूर्णता भएको र मौलिक अनुभूतिको समेत अभिव्यक्ति भएको हुँदा महाकाव्यको नजिक रहेको देखिन्छ । रामायणमा राममिथकको अविस्थापित रुप स्थापित गरिएको हुँदा यो पूर्ण मौलिक नभए पनि यस समयको सबै भन्दा महत्वपूर्ण र प्रथम कोसेढुङ्गो बनेको देखिन्छ ।

नेपाली महाकाव्यको पृष्ठभूमि कालमा प्राय :गरेर संस्कृत भाषाका आख्यानात्मक कृतिहरुलाई नेपालीमा अनुवाद गर्ने काम भएको पाइन्छ । नेपाली महाकाव्यको पृष्ठभूमि निमार्ण गर्ने कृतिहरुमा होमनाथ खतिवडाको रामाश्वमेध र कृष्णचरित्र , केदारनाथ खतिवडाको भागवत ,रामप्रसाद सत्यालको महाभारत अठाह्र पर्व, कृष्णप्रसाद रेग्मीको देवीभागवत ,बाबु माधबप्रसाद शर्माको ठूलो असली कृष्णचरित्र, रेवतीरमण न्यौपानेका विश्वजित्लीला र तुलसीकृत रामायण आदि कृतिहरु पर्दछन् । यी कृतिहरु संस्कृतबाट नेपालीमा अनुवाद गरिएका हुन् ।अनुवादकै दृष्टिले यी कृतिहरुको रचना भएपनि नेपाली महाकाव्यको पृष्ठभूमि निर्माणमा यिनको महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

नेपाली महाकाव्यको पृष्ठभूमि कालमा देखा परेका अर्का कवि देवदत्त पराजुली हुन् । यिनी नेपाली भाषामा भन्दा संस्कृत भाषाका प्रकाण्ड विद्वान मानिन्छन् । तैपनि यिनले नेपाली भाषामा कविता गुच्छाहार (१९८६ मा) लेखेर २००५ सालमा छपाइदिए । यस कृतिको शीर्षकबाट नै थाहा हुन्छ कि कृतिमा कविताका गुच्छ–गुच्छ गुथिएको छ । कविताका गुच्छ–गुच्छले मात्र महाकाव्यगत विधाको मर्मलाई व्यक्त गर्न सक्दैन् । त्यसैले यसले महाकाव्योचित प्रबन्धात्मक संरचना पनि प्राप्त गर्न सकेन । त्यसै गरेर यस कालका अर्का कवि पं. दिव्यदेव पन्त हुन् । यिनले शाहवंश महाकाव्य लेखेका थिए तर एक सर्ग मात्रै छापिएको उल्लेख पाइन्छ । सोमनाथ सिग्देलले १९७८ –१९८५ सम्ममा 'चन्द्रचरित्र' लेखेका थिए । यसले चन्द्रशमशेरको स्तुति गरेको थियो । वि. सं. १९७६/७७ तिर बालकृष्ण समले 'एक प्रभात संस्मरण' रचना गरे जुन शोकपरक र अधुरै रहेको पाइन्छ । बालकृष्ण समले महाकाव्य लेख्ने महत्वकां बोकेर १९७७ /७८ मा' आर्यघाट 'प्रारम्भ गरेको पाइन्छ । उनले चार सर्गपछि फेरि महाकाव्यलाई तान्न सकेनन् र त्यो पनि अधुरै रहयो । छन्दले

रोकेको हो कि भनि समले यसै साल १९७८ 'आर्यघाट' लाई शार्दूलविक्रीडित छन्दमा पुनर्लेखनन गरे तर त्यो पनि अधूरै रहयो । राष्ट्रकवि माधवप्रसाद घिमिरेले २००२ सालतिर 'गोविन्द' महाकाव्य लेख्न सुरु गरेको पाइन्छ र केही अंश प्रकाशित पनि भएको पाइन्छ तर यो महाकाव्य आजसम्म ( २०६९ ) पनि पूर्ण भएको छैन् । देवकोटाले पनि "सुषमालोचन" २००२ महाकाव्य लेख्ने रहर गरेर अधुरै थन्काएर बसेको देखिन्छ ।

**ख) प्रवर्तन काल**

वि.सं. २००२ सालमा प्रकाशित शाकुन्तल महाकाव्यबाट नेपाली महाकाव्यको मानकरुप देखापरेको मानिन्छ । पूर्वीय तथा पाश्चात्य महाकाव्यीय मूल्य मान्यताका आधारमा तयार भएको शाकुन्तबाट नै नेपाली महाकाव्यको प्रवर्तन भएको देखिन्छ । शाकुन्तल महाकाव्य संस्कृतको 'अभिज्ञान शाकुन्तलम् ' नाटकबाट प्रभाव ग्रहण गरेर पनि मौलिकताका साथ प्रस्तुत गरिएको छ । यसमा पूर्वीय महाभारतको कथालाई मिश्रित रुप दिइएको पाइन्छ र प्राचीन आर्यसभ्यताको जर्गेना गर्ने मूल स्वर भरिएको छ । शाकुन्तलको प्रकाशनपछि देवकोटाद्वारा सुलोचना , वनकुसुम , महाराणाप्रताप , प्रमिथस र पृथ्वीराज चौहानजस्ता महाकाव्यहरु लेखिएका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको दोस्रो महाकाव्यका रुपमा सुलोचना महाकाव्य आएको हो । यो कृति उनको भाषानुवाद परिषद् कालकै सिर्जना हो । देवकोटाको शाकुन्तल ( २००२) महाकाव्य आईसकेपछि उनको आशुकवित्वप्रति शङ्का भयो र तीन महिनामा शानुन्तल लेखिएको कुरामा भाषानुवाद परिषदका अध्यक्ष पुष्करशमशेर सहमत भएनन् । त्यस पछि कुरै कुरामा अर्को नेपाली महाकाव्य तयार पार्नु पर्ने भयो । अनि तत्कालीन भाषानुवाद परिषदका अध्यक्षले जिम्मा दिए । उनले महाकाव्य लेख्न सुरु गरेर महाभारतीय कथामा आधारित गरि दशै दिनमा तयार पारे ।

त्यसैले सुलोचना महाकाव्यलाई अग्निपरीक्षाको उपजका रुपमा लिइएको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटाले सुलोचना महाकाव्यको भूमिकामा भनेका छन्: " यो पुस्तक दसै दिनको गर्भधारणबाट पैदा भएको हो ।"...... यसमा खहरेको वेगथियो । ........यो काव्य कुरै कुराले जन्मिन गयो । भाषानुवाद परिषद्का अध्यक्ष श्री पुष्करशमशेर जङ्गबहादुर राणासँग मैले विन्ती गरें, ' एक नेपाली महाकाव्य त म दसै दिनमा तयार गर्नसक्छु ।' उहाँबाट मर्जी भयो 'दसै दिनमा तयार गर न त हेरुँ ।' मैले कम्मर कसें । घडी हेरेर लेखि सुरु भयो ......। "मेरो २५ वर्षको कविताको तपस्या थियो । म श्लोकमा कुरा गर्न सक्छु ,

दिनभरि श्लोकमा फतफताइरहन सक्छु । तव दस दिनमा एउटा महाकाव्य किन नबनोस् ? अभ्फ होड गरेको थिइन शायद एक दिनभरिमा एउटा लेख्न सक्छु कि भन्ने समेत मलाई आशा छ ।" देवकोटापछि महाकाव्य परम्परामा सोमनाथ सिग्देल देखा पर्दछ् । उनको आर्दश–राघव महाकाव्यको प्रकाशन २००५ सालमा भएको देखिन्छ । यस महाकाव्यमा पूर्वीय दर्शनको प्रशस्त प्रयोग भएको पाइन्छ । महाकाव्य परम्परामा सिग्देलपछि लेखनाथ पौडेल महाकाव्यकल्प कृति तरुणतपसी (२०१०) लिएर देखापर्दछन् । जीवनजगतलाई विस्तृत रुपमा हेरिएको हुँदा दमहाकाव्योचित विषयवस्तु यसमा रहेको छ भन्न सकिन्छ । 'काव्य' अगाडि जोडिएको 'नव्य 'शब्दले वास्तवमा स्वर वा शैलीलाई सङ्गत गरेको हो भन्न सकिन्छ । बालकृष्ण समको चिसो चूहलो (२०१५) ले नेपाली महाकाव्य परम्परामा नयाँ परम्पराको थालनी भएको देखिन्छ । उक्त महाकाव्यबाट विषयवस्तु, पात्र, चरित्र आदिमा नयाँ परम्पराको थालनी भएको पाइन्छ । पूर्वीय तथा पश्चिमी काव्यमान्यताले अङ्गीकार गरेको वीर, कुलीन नायकका ठाँउमा सन्तेजस्तो सामान्य पात्र प्रस्तुत गरेर महाकाव्य सिर्जना गरिएको छ । देवकोटाबाट सुरु भएको महाकाव्यको आधुनिक कालमा अनेक प्रवृति देखा परेका छन् । नेपाली फुटकर कवितामा जस्तै देखिएका प्रमुख धाराहरु यस प्रकार छन् :

स्वच्छन्दतावादी धारा
परिष्कारवादी धारा
प्रगतिवादी धारा
प्रयोगवादी धारा
उत्तरप्रयोगवादी धारा

**स्वच्छन्दतावादी धारा**

लक्ष्मीप्रसाद देवकोटाद्धारा लेखिएको शाकुन्तल र नेपाली महाकाव्यको प्रवर्तनसँगै स्वच्छन्दतावादी धाराको प्रारम्भ भएको मानिन्छ । देवकोटाका शाकुन्तल लगाएत सबै महाकाव्यहरु स्वच्छन्दतावादी प्रकृतिका छन् । त्यसैले भमहाकवि देवकोटा स्वच्छन्दतावादी कवि हुन् । उनका महाकाव्यमा प्राचीन र आधुनिक चिन्तनको समन्वय , स्वतन्त्र, उन्मुक्त र भावुक शिल्पशैलीको उपयोग , मानवतावादी चिन्तन , प्राकृतिक जीवनपद्धतिको खोजीजस्ता पक्षहरुको उपयोग गर्दै स्वच्छन्दतावादी भावधारा प्रवर्तित भएको पाइन्छ । यस धाराका प्रवर्तक एवं केन्द्रीय प्रतिभा देवकोटा नै हुन् । उनका शाकुन्तल (२००२) ,सुलोचना (२००३) , प्रमिथस (२०२८) र वनकुसुम (२०२५ ) जस्ता

स्वच्छन्दतावादी प्रवृत्तिका महाकाव्यहरु प्रकाशित भएका छन् । यस धारामा देखापरेका केही महाकाव्यहरु र महाकाव्यकारहरु निम्नलिखित छन् ।

उमानाथ शास्त्री सिन्धुलीय–मकवानीबाला (२०५३)
दुर्गाप्रसाद अधिकारी –बालागुरु ( २०४७ )
भानुभक्त पोखरेल–मृत्युञ्जय ( २०१९)
गोविन्दप्रसाद भट्टराई –पृथ्वीमहेन्द्र ( २०१९)
बुनू लामिछाने –याचना (२०६०)
नारायणप्रसाद शर्मा–गौरीबल्लभ (२०६३)
नीलकण्ठ न्यौपाने –महामानव ( २०६३)

यी महाकाव्यहरु स्वच्छन्दतावादी प्रवृत्तिका छन् । यी महाकाव्यहरु सहज , भावकता प्रणय, अतीतोन्मुख, आत्मपरकता, प्रकृतिप्रेम, कल्पननाशीलता आदि गुणले भरिएका छन् । प्रस्तुत महाकाव्यहरुमा युद्ध, शोक, शान्ति, स्तुति, राष्ट्र, प्रणय, क्रान्ति, प्रकृति, मानवता, समाज, इतिहास आदि ठोस वस्तु र मानवीय मनोभावनालाई विषयवस्तु बनाएको देखिन्छ ।

**परिष्कारवादी धारा**

नेपाली महाकाव्यको परम्परामा परिष्कारवादी धारा स्वच्छन्दतावादी धाराको उत्तरवर्ती भएर आएको पाइन्छ । देवकोटाको शाकुन्तल र सुलोचनाको प्रकाशनपछि सोमनाथ सिग्देलको आर्दश –राघव (२००५) को प्रकाशनबाट परिष्कारवादी धाराको सुरुवात भएको देखिन्छ । यो महाकाव्य पूर्वीय काव्य–लक्षणलाई पालना गरेर लेखिएको हो । यस महाकाव्यलाई सर्गबन्धका दृष्टिले हेर्दा यसले पूर्वीय आचार्य विश्वनाथको मतलाई अनुसरण गरेको देखिन्छ । परिष्कारवादी परम्पराका अग्रणी कवि लेखनाथ पौडेलले महाकाव्यसमकक्षी तरुणतपसी ( २०१० ) लेखेर थप महाकाव्य प्रदान गरेको पाइन्छ । कवि स्वयंले यसलाई नव्यकाव्य ठहरेको छ । यस काव्यलाई लक्ष्मीप्रसाद देवकोटाले अल्पमहाकाव्य वा दीर्घकाव्य मानेका छन् । केशव घिमिरेका अनुसार उपमहाकाव्य बनिएको यो कृति डा : वासुदेव त्रिपाठीका अनुसार महाकाव्यको समकक्षी मानिएको पाइन्छ । तरुणतपसी परम्परागत महाकाव्यीय ढाँचाभन्दा भिन्न प्रकारको परिष्कारवादी महाकाव्यका रुपमा पाइन्छ । कथावस्तु र पात्रविधानमा तरुणतपसी महाकाव्यीय मूल्यबाट चुकेको पाइन्छ । वास्तवमा यो काव्य पूर्वबाट फुत्किएको र पश्चिमबाट पनि उम्किएको प्रयोगधर्मी महाकाव्यनै हो ।परिष्कारवादी

धारामा चिसो चूहलो (२०१५) नवीन विषयवस्तु, शिल्पशैली र पात्रीय संरचना भएको महाकाव्य मानिन्छ । कवि बालकृष्ण समद्धारा पाश्चात्य शैलीको उपयोग गर्दै हीनतर मानिएको वस्तुलाई उच्चतर रुपमा अनुकरण गरेर यो महाकाव्य तयार पारिएको छ । नेपाली समाजका पुराना अन्धविश्वास, रुढीवादी, भेदभाव र आर्थिक असमानताको विरोध गरेको यस महाकाव्यमा पाइन्छ । यस महाकाव्यमा उनले एउटा सामाजिक क्रान्ति नै ल्याउन खोजेका छन् । तर सन्ते दमाई र गौरीलाई एक–आपसमा छुवाउन सकेनन् र सामाजिक मान्यता तोड्न नसकेको पाइन्छ । जेहोस् चिसो चूहलो महाकाव्य नेपाली महाकाव्य परम्परामा नवीन प्रवृत्ति अँगाल्ने परिष्कारवादी महाकाव्य हो । नेपालीमा परिष्कारवादी धाराका अन्य महाकाव्य र महाकाव्यकारहरु निम्नलिखित छन् :

भरतराज मन्थलीय –देवयानी ( २०३९ ) , श्रुतिसौरभ ( २०५८)
भरतराज पन्त –दोभान (२०४१)
भोग्यप्रसाद भण्डारी –षडानन्दचरित्र ( २०४३)
पूर्णप्रसाद ढुङ्गेल – त्रिवेणी ( २०४४)
शिवगोपाल रिसाल – पद्मकन्या (२०४८)
मोहनप्रसाद खनाल –यात्रा (२०६७)
हरिभक्त न्यौपाने – इन्द्रपुरन्दर यात्रा (२०६४)

माथिका महाकाव्यहरु परिष्कारवादी शिल्पशैलीमा संरचित देखिन्छन् । अवस्थीका अनुसार यी महाकाव्यमा महाकाव्यापेक्षी प्रबल भावप्रवाह र वृहत आख्यानकथनको सम्पर्क परिपोषण हुन सकेको छैन ।[११]

**प्रगतिवादी धारा**

प्रगतिवादी धारा मार्क्सवादी चिन्तनमा आधारित मानिन्छ । मार्क्सको द्वन्द्वात्मक भौतिकवादमा आधारित भएर नेपाली समाजको वर्गद्वन्द्वलाई महाकाव्यमा अभिव्यक्ति दिने प्रथम महाकाव्यकार मोदनाथ प्रश्रित मानिन्छन् । उनको २०२३ मा प्रकाशित मानव महाकाव्यमा प्रगतिवादी चिन्तन स्पष्ट व्यक्त हुन पुगेको छ । देवकोटा र समद्वारा सुरु भएको प्रगतिवादी धारालाई उनले अङ्गालेको देखिन्छ । नेपाली समाजमा रहेको वर्गीय चरित्रलाई उदाङ्गो पारेका छन् । उनले आफ्ना महाकाव्यमा उच्चवर्गका विरुद्धमा निम्नवर्गको विजय देखाउँदै विद्रोह स्वरलाई मुखरित गरेका छन् । शोषक र शोषित वर्गको

११. अवस्थी , २०६४ पृ. ६८ ।

चरित्रलाई स्पष्ट पारेर सामाजिक अन्याय, अत्याचार, शोषण, दमन आदिलाई देखाउनु र समाजको वर्गीय चरित्रलाई विश्लेषण गर्नु प्रगतिवादी महाकाव्यको विशेषता देखिन्छ । यस धाराका महाकाव्यकार र महाकाव्यहरु निम्नलिखित छन् :

मोदनाथ प्रश्रित – मानव (२०२३) देवासुर सङ्ग्राम ( २०३०)
मोहन दुखुन –मन्दाकिनी (२०४१)
रामप्रसाद ज्ञावाली – औंसीका फूलहरु ( २०५३)
भीष्मप्रसाद प्रसाई –आत्मसमर्पण ( २०५५)
पोषणराज दाहाल –शहीदगाथा ( २०५७)
ऋषिराम न्यौपाने – पुष्पाञ्जली ( २०५७)
सोमराज अभय – विद्रोही काले ( २०६५)

माथिका महाकाव्यहरुमा वर्गीय चरित्रलाई देखाइएको छ र सामन्ती चरित्रबाट उत्पीडित निम्नवर्गका पीडालाई प्रकट गरिएको छ ।

**प्रयोगवादी धारा**

आधुनिक नेपाली काव्यको उत्तरार्द्ध चरणको पहिलो कविता धारा प्रयोगवादी धारालाई मानिन्छ । यो धारा परम्परागत लेखन शैलीभन्दा भिन्न एवं नयाँ शैली लिएर देखापरेको पाइन्छ । प्रयोगवादी धाराका प्रवर्तक मोहन कोइराला हुन भने यसका केन्द्रीय प्रतिभा पनि यिनै हुन् । अमूर्त विसङ्गत विश्रृङखलित लेखनका माध्यमबाट जीवनलाई निस्सार रुपमा प्रस्तुत गर्दै मृत्यु बोध, शून्यता व्यर्थता अस्मिता र अस्तित्वका परिप्रेक्ष्यमा मानवीय जीवनलाई शून्य निस्सार र निराशावादी कोणले प्रस्तुत गर्नु नै प्रयोगवादी कविताको अभिष्ट देखिन्छ । नेपाली महाकाव्य परम्परामा प्रयोगवादी चिन्तनमा आधारित महाकाव्य जगदीशशमशेर राणाको (नरसिंह अवतार) ( २०३७) देखिन्छ । प्रयोगवादी धाराको अर्को महत्वपूर्ण महाकाव्य मोहन कोइरालाको (निलो मह) ( २०४१) मानिन्छ । प्रस्तुत दुवै महाकाव्यमा वस्तु, पात्र, भाषा, परिवेश शिल्य आदि प्रयोगवादी चिन्तन अनुरुप उपयोग गरेको देखिन्छ ।

**उत्तरप्रयोगवादी धारा**

नेपाली महाकाव्यको उत्तरआधुनिक काललाई उत्तरप्रयोगवादी धाराका रूपमा लिएको पाइन्छ । प्रयोगवादी धाराका ईश्वररहित सांसारिक निस्सार शून्यबोध र अनिश्चयबोधसमेतलाई अस्वीकार गर्दै उत्तरप्रयोगवादी धारा प्रारम्भ भएको देखिन्छ । यस

धारामा महाकाव्य रचना गर्ने गोपाल पराजुलीका पृथ्वीमाथि आलेख (२०४६), हिमालयमाथि आलेख (२०५३), देशमाथि आलेख (२०५५), शब्दशताब्दी (२०५७) समयको प्रस्थान (२०५८) र नयाँ ईश्वरको घोषणा (२०६०) महाकाव्यहरु रहेकाछन् ।

नेपाली महाकाव्यले पृष्ठभूमिसहित करिव दुइसय वर्षको आफ्नो यात्रा पार गरेर अगाडि बढेको छ । यति लामो समयमा यसले विभिन्न धारा पार गरेको पाइन्छ । नेपाली महाकाव्य अनुवाद परम्पराबाट प्रारम्भ भएर सूक्ष्म एवं सुगठित आख्यानात्मकता , गम्भीर चरित्र चित्रण एवं जीवन र जगत्को वास्तविकतालाई व्यक्त गर्न पुगेको देखिन्छ । पृष्ठभूमि कालमा देखिएको महत्वपूर्ण महाकाव्य रामायणदेखि लिएर २०६७ मा प्रकाशित यात्रा महाकाव्यसम्मका महाकाव्यहरुलाई विश्लेषण गर्दा अनेक रुपहरु पाइएका छन् । उत्तरप्रयोगवादी धारामा आएर नेपाली महाकाव्य सिर्जना घटेको देखिन्छ ।

## २.३. महाकवि देवकोटाको संक्षिप्त परिचय

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म वि. सं. १९६६ कार्तिक २७ गते शुक्रबार लक्ष्मीपूजाको दिन काठमाडौंको डिल्लीबजारमा तिलमाधव देवकोटाको सुपुत्रका रुपमा भएको हो । उनी ब्राहमण पं. तिलमाधव देवकोटाकी दोस्री वा कान्छी पत्नी अमरराज्यलक्ष्मीदेवीका साहिंला छोरा हुन् । उनको जन्म भएको ठाउँ काठमाडौंको डिल्लीबजार धोबीधारा टोलको पुरानो नाम कमल पोखरी ठटुनटी हो । लक्ष्मीप्रसाद देवकोटाको नक्षत्र अनुसार न्वारानको नाम 'तीर्थमाधव' देवकोटा हो ।

उनले ५ वर्षको उमेरमा अक्षरारम्भ गरेको पाइन्छ । उनले आफ्ना पिताजीबाट प्रारम्भिक संस्कृत–नेपाली र जेठादाजु लेखनाथबाट 'एबीसीडी' पढ्दा–पढ्दै अलि–अलि शब्दकोश बढेर जाँदा खास गरी पिताजीका प्रभावबाट कविता लेख्ने भावना पैदा भएको देखिन्छ । उनले श्रीमद्भगवद्–गीताको व्याकरणहीन गरीब अनुकरण गरी प्रथमत : संस्कृत भाषामा कविता लेखेको पाइन्छ । तर त्यसलाई 'बेकम्बा' भनी पिताजीले फ्याँकिदिएपछि संस्कृतमा लेख्न छाडेको अनि जेठी भाउज्यूका प्रेरणाबाट करीब दश वर्षको उमेरमा 'म त अभागिनी पो भएँ' भन्ने विरहको कविता लेखेको पाइन्छ । त्यसपछि दरबार हाईस्कूलमा पञ्चम श्रेणीमा पढ्दा जगत्लाई एक खाडीसँग तुलना गरेको महाभारतकार व्यासको विचारबाट प्रभावित भई दोस्रो नेपाली कविता लेखेको पाइन्छ ।

सानै उमेर देखि राम्रो शैक्षिक वातावरण प्राप्त गरेका देवकोटाले बी.ए.बी .एल. र अंग्रेजीमा एम.ए. सम्मको अध्ययन गरेको पाइन्छ । उनले आफ्नो जम्मा पचास वर्षको उमेरलाई पच्चीस वर्ष शिक्षा आर्जन र पच्चीस वर्ष साहित्य लेखनमा खर्चेको  पाइन्छ । बहुमुखी प्रतिभाका धनी देवकोटा नेपाली साहित्यको क्षेत्रमा एक नक्षत्र बनेका छन् । समालोचक र आलोचकले उनको जे जस्तो विश्लेषर्ण गरे पनि नेपाली साहित्यमा उनलाई उछिन्न सकेका छैनन् । उनको जीवनी व्यक्तित्व, कृत्तित्व र उनको योगदानको बारेमा उठान गर्दै जाने  हो भने धैरै महत्वपूर्ण ग्रन्थ तयार हुने देखिन्छ । दश वर्षकै कलिलो उमेर देखि कविता लेख्नन सुरु गरेका देवकोटाले छ सय भन्दा बढी फुटकर कविता, दुई दर्जन जति खण्डकाव्य, छ वटा महाकाव्य लेखेर उपन्यास, नाटक र निबन्ध समेतमा आफ्नो कलम चलाएका छन् ।

नेपाली कविताको इतिहासमा वि.संस १९९१ सालमा 'पूर्णिमाको जलधि' कविता लिएर सार्वजनिक रुपमा प्रकट भएका हुन् । नेपाली साहित्यको कविता जगत्मा उनको कवित्व शक्तिले स्वच्छन्दतावादलाई सर्वप्रथम आमन्त्रण गर्यो र नेपाली कवितामा नवीन धाराको जन्म दियो । साहित्य लेखनका अतिरिक्त त्रि–चन्द्र कलेज र पद्मकन्या कलेजमा शिक्षा र स्वायत्त शासन मन्त्री समेत भए । महाकवि र आशु कविको सम्बोधनद्वारा ख्याति प्राप्त गरेका देवकोटालाई मरणोपरान्त (२०२३ ) त्रिभुवन पुरस्कार प्रदान गरियो ।

## २.४. महाकवि देवकोटाको महाकाव्य यात्रा र चरण विभाजन

वि.सं. १९६६ सालमा जन्मिएका देवकोटाले दश वर्षको कलिलो उमेरदेखि नै कविता लेख्न सुरु गरेको पाइन्छ । फुटकर कविता र खण्डकाव्य लेखेर कविताको क्षेत्रमा आफुलाई प्रसिद्ध र स्थापित गरेपछि चौंतीस वर्षको उमेरमा महाकाव्य लेख्न तम्सिएको पाइन्छ । देवकोटाको कवित्व यात्राको १९९२–१९९९ सम्मको समयलाई उनका निम्ति महाकाव्य लेखनको पृष्ठभूमिका रुपमा सुरुवात 'सुषमालोचन' बाट प्रारम्भ गरेको पाइन्छ । तर उक्त महाकाव्यलाई पूर्ण गर्न सकेनन् र नेपाली 'शाकुन्तल'मा पूर्ण हुन पुग्दछन् । वि.सं. २००२ सालमा प्रकाशित  'शाकुन्तल' महाकाव्य नै उनको पहिलो पूर्ण र प्रकाशित रचना हो । त्यसै गरेर उक्त काव्य महाकाव्यको इतिहासमै पहिलो मौलिक कृति र अभावपूर्ति गर्ने कृतिका रुपमा पनि यही कृति देखापर्दछ । उनी भन्दा पहिले धेरै कविहरुले महाकाव्य लेख्ने जमर्को गरे तर त्यो थाहा पाएर तीन महिनामै हतार–हतार लेखेर प्रकाशित गरी देवकोटाले

प्रथम महाकविको स्थान ओगटेको पाइन्छ । उनको महाकाव्य यात्रालाई २००२ देखि २०१६ सालसम्मको समय अर्थात जम्मा १४ वर्षको समय देखिन्छ । महाकवि देवकोटाले लेखेका महाकाव्यहरुले सूचीले नै उनको महाकाव्य यात्रालाई स्पष्ट पार्ने हुँदा यहाँ त्यही सूचीलाई समयक्रम अनुसार क्रमबद्ध रुपमा देखाउने काम गरिएको छ ।[१२]

| क्र.स. | महाकाव्य | लेखन समय | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | नेपाली शाकुन्तल | वि.सं. २००२ | वि.संस २००२ |
| २. | सुलोचना | वि.सं. २००२ | वि.सं. २००३ |
| ३. | महाराणा प्रताप | वि.सं. २००३ | वि.सं. २०२४ |
| ४. | वन कुसुम | वि.सं. २००३ | वि. सं. २०२५ |
| ५. | प्रमिथस | वि.सं. २००७ –२०१० | वि.सं. २०२८ |
| ६. | पृथ्वीराज चौहान | वि.सं. २००२–२००३ | वि.सं. २०४९ |

माथिका पूर्ण महाकाव्यहरु हुन भने उनका केही अंश मात्र लेखिएका महाकाव्यहरु यस प्रकारका छन् ।

| क्र.स. | महाकाव्य | लेखन समय | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | सुषमालोचन | वि.सं. २००२ | वि.सं. २००७ शारदा वर्ष ९, अङ्क ८ मा केही अंश प्रकाशित । |
| २. | भक्त प्रह्लाद | वि.सं.२००२–२००३ | २०२७, प्रगति, वर्ष ६, अङ्क १७, मा प्रथम सर्गका श्लोक र द्वितीय सर्गका एक श्लोक प्रकाशित |

[१३]

महाकवि देवकोटाले लेखेका महाकाव्यका तिथिमिति लेखनको समयलाई हेर्दा उनका धेरै जसो महाकाव्य २००२ देखि २००३ सालभित्र लेखेको पाइन्छ । उनले २००७-२०१० सम्मको अवधिमा प्रमिथस महाकाव्य लेखेको पाइन्छ । प्रकाशित र प्राप्त महाकाव्य लेखनको समयलाई हेर्दा उनले एक वर्ष भित्रकै समयमा पाँच–पाँचवटा महाकाव्यलाई पूर्णता दिएको देखिन्छ । वि.सं. २००२ सालमा तीन महिनामा 'शाकुन्तल' र अग्नि परीक्षामा उत्रीर्ण हुन २००२ सालमै दश दिनमै 'सुलोचना' महाकाव्य लेख्नुले देवकोटाको विराट प्रतिभा र आशुलेखनको परिचय दिन्छन् । उनको महाकाव्य यात्रालाई हेर्दा छोटो तर अत्यन्त फलदायी भएको देखिन्छ र महाकवि देवकोटाको महाकाव्य यात्राको माथिको सूचीलाई हेर्दा दुई चरणमा उनको महाकाव्य कारितालाई विभाजन गर्नु उपयुक्त हुन्छ , जस अनुसार

क. प्रथमचरण : वि. सं. २००२–२००३ ख. द्वितीयचरण : वि.सं. २००७–२०१६

१२. कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य** , क्षितिज प्रकाशन, २०६४, पृ. २२७।
१३. ऐजन ।

महाकाव्य लेखन र प्रकाशनको अवस्थालाई हेर्दा वि. सं २००४–२००६ सालसम्मको समयावधिमा महाकवि देवकोटाले कुनै पनि महाकाव्य लेखेको पाइदैन । उनको जीवनकालमा 'शाकुन्तल' र 'सुलोचना' बाहेक अर्को कुनै पनि महाकाव्य प्रकाशित भएनन् । उनको महाकाव्य चरणलाई र उनका महाकाव्य कृतिलाई हेर्दा उनी प्रथम चरणमा स्वच्छन्दतावादी प्रवृत्ति देखापर्दछन् भने द्वितीयचरणमा स्वच्छन्दतावादी–प्रगतिवादी प्रवृतिका देखापर्दछन् । प्रथम चरणमा कविता पोख्नमै उनलाई फुर्सद थिएन भने द्वितीय चरणमा कविता खोज्नमै उनलाई समय लाग्यो । उनको महाकाव्य लेखनको प्रथमचरण कविताको बाढी वेगको समय थियो भने द्वितीयचरण कविताको रहलपहल थिग्रेनी रहेको समय थियो । उनले प्रथम चरणमानै अति उच्च स्तरका महाकाव्य लेखे र द्वितीय चरणलाई निरन्तरता दिए तर प्रथमचरणलाई उछिन्न सकेनन् ।

## २.५. निष्कर्ष

कविताविधाको उपविधाका रुपमा रहेको महाकाव्य सर्वाधिक गरिमा सम्पन्न वृहत् साहित्यिक रुपमा सम्मानित देखिन्छ । पूर्व र पश्चिम दुवैतिर उसले गौरवपूर्ण स्थान ओगटेको देखिन्छ । पूर्वीय परम्परामा रामायण, महाभारत, रघुवंश, कुमारसंभवम्, शिशुपालबधम् महाकाव्यहरु उल्लेखनीय छन् भने पाश्चात्य परम्परामा होमरका इलियड र ओडिसी महाकाव्यले विशेष महत्व राखेको पाइन्छ । महाकाव्य कस्तो हुनुपर्छ भनेर चिनाउने आचार्यहरुमा पूर्वमा भामह, दण्डी, रुद्रट र विश्वनाथ आदि पर्दछन् । त्यसै गरेर पश्चिमा एरिस्टोटल, एवर्ड कोम्वी र मील्टनले महाकाव्यको लक्षण बताएको पाइन्छ । नेपाली महाकाव्यले संस्कृतका महाकाव्यहरुलाई जस्तै रामायण, महाभारत, रघुवंश आदि महाकाव्यहरुलाई आधार बनाएर आफ्नो स्वरुप निर्धारण गरेको देखिन्छ । नेपाली महाकाव्य परम्परामा वि.सं. २००२ सालमा लक्ष्मीप्रसाद देवकोटाले लेखेको 'शाकुन्तल' महाकाव्यबाट मानक रुप प्राप्त गरेको हो । देवकोटाले प्रारम्भ गरेको स्वच्छन्दतावादी धाराबाट विभिन्न धाराहरु पार गर्दै अहिले नेपाली महाकाव्य उत्तरप्रयोगवादी धारामा आई पुगेको छ । अहिले यस उत्तर प्रयोगवादी धारामा नेपाली महाकाव्य सिर्जना गर्ने क्रम घटेको पाइन्छ । यसको कारण यो रचना गर्न अन्य विधा जस्तो सहज छैन । महाकाव्य सिर्जना गर्न धेरै समय लाग्ने र साधारण कविहरुले रचना गर्न नसक्ने भएका कारणले उत्तर प्रयोगवादी धारामा महाकाव्यको सिर्जना घटेको हो ।

# तेस्रो परिच्छेद

## मिथकका विशेषता

### ३.१. मिथकको परिचय

मिथक शब्द नेपालीमा प्रयोग भएर प्रचलित भइसके पनि यसको मूल रूप खोज्न अङ्ग्रेजी भाषामा पुग्नु पर्ने हुन्छ । मिथक शब्दमा रहेका आधार र आधेय पद 'मिथ' र 'क' दुवैको स्रोत भिन्न–भिन्न भाषामा रहेको छ । मिथ शब्द अङ्ग्रेजी मूलको हो भने क प्रत्यय संस्कृत मूलको हो । मिथक के हो भन्ने सम्बन्धमा मिथक र साहित्य भनी कृष्णहरि बरालले 'वस्तुपरक समालोचना' नामक आफ्नो कितावमा स्पष्ट पारेका छन् । यहाँ उनैको खोजमूलक लेख अनुसार मिथकको परिभाषा यस प्रकारको छ ।

'मिथक' अङ्ग्रेजी 'मिथ' (Myth) को पर्यायका रूपमा नेपाली भाषा–साहित्यमा प्रयोग गरिदै आएको शब्द हो । अङ्ग्रेजीको 'मिथ' शब्द ग्रिसेली भाषाको 'मिथस्' (Mythos) बाट लिइएको हो, जसको अर्थ सत्य वा असत्य जेसुकै भए पनि 'भनिएको कुनै कुरा' भन्ने बुझिन्छ जसलाई होमरले वर्णनात्मक वार्तालापका रूपमा प्रयोग गरेका थिए भने पछि मनोवैज्ञानिक सत्यलाई प्रस्तुत गर्ने आख्यानका (Fiction) रूपमा प्रयोग हुन थाल्यो । हिन्दी तथा नेपाली भाषामा त्यही मिथकलाई 'पुराकथा' पनि भनिएको पाइन्छ । तर पुराकथा भित्र लोकगाथा र लोककथा दुवै समेटिने भएकाले वास्तवमा मिथकको पर्यायका रूपमा 'पुराकथा' शब्दको प्रयोग नगर्नु नै उचित ठान्दछन् । वास्तवमा 'मिथक' शब्द जटिल इतिहास र अर्थ भएको शब्द हो ।[१४] सुदुर प्रागैतिहासिक पूर्वतार्किक तथा पूर्ववैज्ञानिक समाजका चेतनामा आएका विश्वब्रह्माडको उत्पत्ति, ईश्वर, जीवन–मृत्यु, पुनर्जन्म अतिप्राकृत तथा अतिमानवीय पुर्ख्यौली अनि बहादुरीसम्बन्धी विषयवस्तु भएका वंशानुगत कथालाई मिथक भनिन्छ । मिथक विशेष गरेर धार्मिक उत्सवहरूसँग सम्बन्धित हुन्छन् र यिनलाई खास प्रकारका सांस्कृतिक समूहले विश्वास गर्दछन् । यस अर्थमा मिथकलाई सामान्यतया असत्य, अतार्किक तथा भ्रमपूर्ण कथा हो भन्ने मानिन्छ । कतिपय विद्वानले भने मिथकले वर्तमानमा प्रचलित तथ्यपूर्ण सत्यको मापदण्डलाई प्रस्तुत नगरे पनि यिनीहरूमध्ये

---

१४. कृष्णहरि बराल, वस्तुपरक समालोचना , काठमाडौं : स्टुडेण्टस् वुर्क्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २१६१ , पृ. १६७ ।

कतिपय सत्य पनि हुन्छन् भन्ने आशय व्यक्त गरेका छन् । जेसुकै भए पनि मिथक वैज्ञानिक सत्यको प्रतिस्पर्धी नभएर त्यसको पूरक मात्र हुन्छ । मिथकको सम्बन्ध सिर्जनात्मकतासँग हुन्छ ।[१५]

मिथकको वास्तविक मूल्य बुझ्दै जाँदा अधिकांश मिथकहरू जन्म वा उत्पत्तिसम्बन्धी विषयबाट प्रारम्भ भएका देखिन्छन् । त्यसै गरेर मिथकहरू अन्य प्राणीहरूको उत्पत्तिको रहस्य खोल्नमा लागिपरेका देखिन्छन् । त्यसैले आदिमकालदेखिकै मानिसहरूको प्रागऐतिहासिक काल्पनिक तथा संस्कारहरू मिथकमा झल्किएको पाइन्छ । मानव जीवन, धरती, आकाश, स्वर्ग, नर्क, धर्म, देवता, राक्षस, जातजाति, संस्कृति, परम्परा, रीतिरिवाज, विश्वब्रह्माण्डको संरचना र विनासका धार्मिकतापूर्ण मिथकहरू पाश्चात्य एवम् पूर्वीय जगत्मा देखापर्दछन् ।

ग्रिसेली माइथस वा मुथस शब्दका अर्थहरू विभिन्न देखिए पनि ग्रिकमूल माइथस मुथसको अर्थ मुखबाट उच्चरित वाणी वा शब्द भन्ने देखिन्छ । समयको परिवर्तनसँगै यो कथानक, कथा, निचोड राय, दन्तेकथा, किंवदन्ती, आप्तवचन अतर्क्य कथनजस्ता अनेक अर्थमा विस्तारित भएको पाइन्छ । आधुनिक युगमा मिथकको वास्तविक रहस्य खोजी गर्ने र त्यसमा निहित अर्थको खोजी गर्ने व्यक्ति  गियम्बाटिस्टाविको हुन् । उनका अनुसार मिथक सत्य प्राचीन ग्रिकमा प्रयोग हुन्थ्यो । यसरी मिथक शब्दको व्युत्पत्तिजन्य अर्थलाई हेर्दा यो प्राचीन ग्रिक भाषादेखि प्रचलित हुँदै आएको र समयक्रममा यसको रूपगत परिवर्तनसँगै अर्थगत परिवर्तनका विविध रूपहरू देखा परेका छन् । मिथक शब्दको व्युत्पत्तिजन्य अर्थ यसप्रकार देखिन्छन् :

अङ्ग्रेजी मिथ शब्दको मूल आधारपद ग्रिक माइथस वा मुथस हो । नेपाली मिथकको स्रोत अङ्ग्रेजीको मिथ हो । मिथ आधार पदमा संस्कृतको स्वार्थबोधक 'क' आधेय पदको योग भएर मिथक शब्द व्युत्पन्न भएको हो । मिथक शब्दको मूल अर्थ मुखबाट उच्चरित वाणी वा शब्द भन्ने हुन्छ । मिथकको विशिष्टकृत अर्थ परम सत्य, आप्तवचन, लोगोसको समानार्थी भन्ने हुन्छ । यथार्थ मिसिएको कथा, किंवदन्ती, सृष्टिविषयक कथा, लोककथा, आदि भन्ने हुन्छ । मिथकको विस्तारित अर्थ कथा, कथानक, प्राचीन कथा, धार्मिक कथा, कल्पना मिसिएको कथा भन्ने हुन्छ । मिथकको सङ्कुचित अर्थ असत्य कथा,

१५. ऐजन, पृ. १७५ ।

काल्पनिक कथा, कपोल कल्पना भन्ने हुन्छ । मिथकको अर्थविचलन भ्रान्त धारणा भन्ने हुन्छ । मिथकको आधुनिक अर्थ धारणा, रहस्यगर्भित प्राचीन कथा, प्राचीनताका माध्यमबाट समकालीन चेतना भन्ने रहेको छ । यसरी मिथकको परिभाषा र व्युत्पत्तिगत अर्थ हेर्दा मिथकले धेरै क्षेत्र ओगटेको देखिन्छ ।

मिथक शब्दको अर्थ स्पष्टतासाथ प्रस्तुत गर्ने महत्वपूर्ण साधनहरूमा शब्दकोशहरू पनि पर्दछन् । विभिन्न शब्दकोशहरूले मिथकको अर्थ फरक–फरक तरिकाले प्रश्तुत गरेका छन् । यहाँ विभिन्न शब्दकोशहरूले प्रस्तुत गरेका मिथक सम्बन्धी अर्थलाई प्रस्तुत गरिएको छ । ब्रिटानिका अनुसार मिथक समग्रताबोधक शब्द हो र यसको प्रयोग एक किसिमको प्रतीकात्मक सञ्चारका निम्ति गरिन्छ । यसले खासगरी धार्मिक बिम्बवादको एउटा आद्यस्वरूपलाई जनाउँछ । जुन चाहि अन्य प्रकारका प्रतीकात्मक व्यवहार सम्प्रदाय, आचार, नियम, प्रतीकात्मक विशेष स्थानहरू–मन्दिर, मूर्ति, प्रतिमा भन्दा फरक हुन्छ । साथै मिथकलाई देवता, अतिमानवीय अस्तित्व, असाधारण घटना वा परिस्थितिसगँ सम्बन्धित विशिष्ट विवरणका रूपमा लिँदै साधारण मानवीय अनुभव भन्दा सर्वथा भिन्न स्वीकारिएको छ ।[१६]

ब्रिटानिकामा मिथकको प्रतीकात्मक अर्थ स्वीकार गरिएको छ । यहाँ मिथकलाई धर्मसँग जोडेर यसको धार्मिक प्रतीकवत्ता र अलौकिक शक्तिको विवरणका रूपमा लिइएको छ । त्यसै गरेर मिथकलाई बैज्ञानिक सत्यसँग जोड्दै ए साइक्लोपिडिया विब्लिकल लिटरेचरमा मिथकलाई बैज्ञानिक खोजको काल्पनिक पूर्वरूपकै एउटा प्रकार मानिएको छ ।[१७] मनोरम मिश्रद्वारा हिन्दी बृहत शब्दकोषको मिथक सम्बन्धमा परिभाषालाई प्रस्तुत गर्दै भनिएको छ, “प्राचीन पुराकथाहरूको तत्व जो नवीन स्थिति नयाँ अर्थ वहन गर्छ ।”[१८] यस अर्थका अनुसर मिथकलाई पुराकथाहरूमा रहने समकालीन चेतनाबोधक तत्वका रूपमा लिइएको छ । परिवर्तित समय र सन्दर्भानुसार प्राचीन कथाहरूले नयाँ नयाँ अर्थ वहन गर्दछन् । त्यसैले त्यही नवीन सन्दर्भगत अर्थ नै मिथक हो भन्ने धारणा यसबाट स्पष्ट हुन्छ । यी माथिका केही कोशीय अर्थहरूमा मिथकको स्वरूप संरचना, यसको प्रतिपाद्य विषय, यसको प्रयोग र व्यवहारिक पक्ष आदि अनेक अर्थहरू व्यक्त भएका छन् । मिथकको स्वरूपलाई हेरेर कसैले कथा अतिरञ्जनापूर्ण आख्यान, देवता वा भगवानका लीला र जीवनी

---

१६. ब्रिटानिका , १९८४ : पृ. ७९३ ।

१७. अलेक्जेन्डर, ए साइक्लोपिडिया विब्लिकल लिटरेचर, १८८१, पृ.६७५ ।

१८. मिश्र, हिन्दी बृहत् शब्दकोष, २००६, पृ.८१ ।

जस्ता व्याख्या गरे पनि मिथक प्रकृति र मनोजगत्का यथार्थपूर्ण अभिव्यक्ति हुन् भन्ने कुरा मिथकको अध्ययनले दिइएको छ । प्राचीन कालदेखि साहित्यमा प्रवेश गरेको मिथक आधुनिक युगमा आएर मानवशास्त्र, मनोविज्ञान, दर्शनशास्त्र मानवशास्त्र आदि शास्त्रीय विधाहरूले विकसित भएको छ । त्यसैले मिथकीय साहित्यको सिर्जना एवं समालेचना दुबै क्षेत्रमा यसको महत्व बढेको छ ।

## ३.२. मिथकका विशेषताहरू

हामीले बुझ्ने गरेका दन्त्यकथा, पौराणिक कथा एवं पूरा कथा नै मिथक हो । मिथकलाई मौलिक र कविकल्पित गरी दुई प्रकारक देखाइएको पाइन्छ । यस दृष्टिकोणले सामूहिक अचेतनको परिभाषा लिएको मिथक मौलिक हुन् भने बैयक्तिक अचेतनको परिणामको रूपमा देखापर्ने मिथक चाँहि कविकल्पित हुन् । त्यसैले प्राचीन संस्कृत तथा ग्रेसेली काव्यहरूमा मौलिक मिथकको प्रयोग पाइन्छ भने कविहरूले व्यक्तिगत रूपमा सिर्जना गरेका मिथकहरूको प्रयोग त्यसपछिका उत्तरवर्ती युगको साहित्यमा देखिन्छ । मिथक मौलिक अथव कवि कल्पित जे भएपनि यसका विशेषताहरू मिल्दाजुल्दा देखिन्छन् । मिथकका विशेषताहरू यसप्रकार प्रस्तुत गरिएको छः

### मिथक अतिमानवीय घटना र चरित्रमा आधारित हुन्छ

मिथकमा प्रयोग गरिएका पात्रहरू घटना श्रृङ्खला परिवेश र चरित्र मानवीय भन्दा अलगै दैवी संसारसँग सम्बन्धित हुन्छन् । मिथकमा मानवीय चरित्रलाई दैवीकरण गरेर अतिमानवीय रूपमा प्रस्तुत गरिएको हुन्छ । मनवलाई देवताहरूको चरित्रका बहानले मानवीय यथार्थलाई उद्घाटन गर्नु र मानवलाई ज्ञान प्रदान गर्नु नै मिथवीय विशेषता हो ।

### मिथक वैज्ञानिक अनुसन्धानको पूर्वरूप हो

प्राचीन कालमा आधुनिक कालमा जस्ता वैज्ञानिक आविश्कार र अनुसन्धान भको थिएनन् । तर त्यस आदिम कालमा मानव सृष्टि र आफ्नो परिवेश एवं विश्वब्रह्माण्ड सम्बन्धमा जिज्ञासा र कौतुहल हुने गर्दथे । त्यसैले सूर्योदय, सूर्यास्त, ऋतु परिवर्तन, सौर्यपरिवार आदिका बारेमा मानवले सोच्ने, अनुसन्धान गर्ने गरेको पाइन्छ । त्यही जिज्ञासा र अनुसन्धानलाई मिथकका माध्यमबाट व्यक्त गर्ने हुँदा मिथकहरू बैज्ञानिक अनुसन्धानका पूर्वरूप हुन् । यी मिथकीय अनुसन्धानहरू तत्यपरक जाँच्ने साधनको आविश्कार हुनु भन्दा

अगाडिका हुन् । त्यसैले कल्पनाका आधारमा नै खोज अनुसन्धान हुने भएकाले यिनलाई पूर्व वैज्ञानिक अनुसन्धान भनिएको हो ।

**मिथक कथात्मक हुन्छ**

मिथक प्राय गरेर कथात्मक वा आख्यानात्मक ढाँचामा हुने गर्दछ । मिथकमा भौतिक वा आध्यात्मिक सत्यतथ्यलाई प्रतिपादन गर्ने विभिन्न कथाहरूलाई लिन सकिन्छ । मिथकको आधार नै कथा भएकोले कथात्मकता नै मिथकको विशेषता हो ।

**विश्वब्रह्माण्ड सम्बन्धी मानवीय धारणा व्यक्त**

मिथकले विश्वब्रह्माण्ड र आदिम मानिसका बारेमा धारणा व्यक्त गर्दछ । विश्वको सृष्टि स्थिति र प्रलय मानव उत्पति, विकास आदि अनेक ब्रह्माण्डीय ज्ञानविज्ञानलाई कल्पना र अनुभूत सत्यका आधारमा व्यक्त गर्नु मिथकको विशेषता हो ।

**मिथकले मानव विकासको इतिहासलाई व्यक्त गर्दछ ।**

मिथकले मानव विकासको इतिहासलाई आधार बनाएर आफ्नो अस्तित्व बनाएको पाइन्छ । त्यसैले यसले मानव इतिहासलाई व्यक्त गरेको हुन्छ । मिथकले  आदिम समयदेखि मानवले भोगेका, अनुभव गरेका र विश्वसँगको साहचर्यबाट निर्माण गरेका धारणाहरूको अभिव्यक्ति दिने काम गर्दछ । यसले राज्यको उदय र अस्त, युद्ध र शान्ति आदि व्यक्त गर्ने हुनाले साँचो अर्थमा इतिहास हुन् भन्ने मान्यता पनि रहेको छ ।

**सामूहिक तथा व्यक्तिगत अचेतनको अभिव्यक्ति**

मानवमनको अचेत तहमा रहेका परम्परगत सामाजिक सांस्कृतिक वैभवको सामूहिक प्रकटनका रूपमा मिथकलाई लिइएको छ । त्यसै गरेर कविको अचेत तहबाट कपोलकल्पित मिथकलाई व्यक्तिगत मिथकका रूपमा लिइएको छ

**मानवीय क्रियाकलापको अभिव्यक्ति**

आदिम समयदेखि मानिसले भोग्दै र गर्दै आएका जेजस्ता क्रियाकलाप छन् त्यसैको अभिव्यक्तिका रूपमा मिथकलाई लिइएको पाइन्छ । मानवीय आस्था, विश्वास, रीतिरिवाज, सामाजिक सांस्कृतिक सङ्गठनको अभिव्यक्तिका रूपमा मिथकलाई लिइएको देखिन्छ ।

### स्वैरकल्पनात्मक कथा

मिथकमा अतिमानवीय घटना, चरित्र र परिवेश पाइने हुँदा र कल्पनाको बेजोड उडान भएकाले यसलाई काल्पनिक कथाका रूपमा व्याख्या गरिएको हुन्छ । मिथकके वास्तविक अर्थ खोजदा त्यसमा कुनै श्रृङ्खला, तार्किक, परिपुष्ट प्रमाण केही भेटिदैन । यसको प्रतीकात्मक र लक्षणा-व्यञ्जनाको तहमा पुगेर प्रतिपाद्य वस्तु खोज्ने हो भने मानवीय स्वैरकल्पनाको वा धारणाको गाम्भीर्य पाइन्छ । यसमा कुनै गम्भीर भावलाई कल्पनाका सहायताले नै व्यक्त गरिने हुँदा यसको प्रस्तुतिगत आवरण स्वैरकल्पनात्मक हुन्छ ।

माथि प्रस्तुत गरिएका मिथकका मुख्य विशेषताहरूका साथै अन्य विशेषताहरू पनि देखिन्छन् । मिथक धार्मिक विश्वाससँग सम्बन्धित हुन्छ । यसले विभिन्न प्रकारका धर्मसँग सम्बन्धित कथाहरूलाई आधार बनाएको हुन्छ । यो जीवन जगत्को उत्पत्ति र विकाससँग सम्बन्धित देखिन्छ । त्यसैगरेर विश्वको संरचना अर्थात सृष्टिकर्ता प्राणीहरूलाई सञ्चालन गर्ने शक्तिबीचको सम्बन्ध देखाउने काम मिथकले गर्दछ । प्रायः गरेर मिथकको नायक दैवी गुणले युक्त हुन्छ । उक्त नायकका हरेक क्रियाकलापहरू मानव भन्दा देवताका जस्ता देखिन्छन् । मिथकका अन्य विशेषताहरू भन्नु पर्दा यसमा सत्य र कल्पनाको अभेद सम्बन्ध छ भन्न सकिन्छ । केही सत्य घटनाहरूलाई कल्पनाले ओतप्रोत गरेर मिथकीय कथा बनाइएको हुन्छ । त्यसै गरेर मिथकमा आख्यानात्मक रूप पनि पाइन्छ ।

## ३.३. मिथकको वर्गीकरण

आदिम समाजको उपजका रूपमा मिथकलाई लिइन्छ । समाजको विकाससँगै मिथकहरू विकसित एवं परिवर्तित हुँदै आएका छन् । यसमा विकसित तथा परिवर्तित हुने क्रममा विभिन्न ज्ञानविज्ञानका शाखाप्रशाखाहरू समाहित हुँदै गएका छन् । यही विभिन्न ज्ञानविज्ञानले गर्दा आज मिथक व्यापक र दुर्वोध्य बन्दै गएको पाइन्छ । मिथकले मानिसहरूद्वारा आत्मसात गरेका र अनुभूत गरेका विषयवस्तुहरू व्यक्त गर्ने हुँदा यसको क्षेत्र निकै फराकिलो र गहिरो भएको देखिन्छ । यस कारण मिथकलाई वर्गीकरण गरेर छुट्टयाउन कठिन देखिन्छ । मिथक संसार भरिका सबै भाषा, जाति र संस्कृतिमा पाइने हुँदा यिनको वर्गीकरण गर्ने कार्य आफैंमा जटिल बनेको छ । यति हुँदाहुँदै पनि मिथक आदिम मानवको सत्यतथ्यको खोजी गर्ने प्रवृत्ति र त्यसलाई व्यक्त गर्ने माध्यम भएकाले यसको

खोजी एकै प्रकारको पाइन्छ । विभिन्न जाति समूह भाषा र भूगोलका मानिसलाई हुने त्रास आशा र आवश्यकताको मूल स्रोत एउटै-एउटै भएकाले पनि मिथकको कथ्यमा केही समान गुणहरू पाइन्छन् । आदिम संस्कृतिको अनुसन्धान गर्ने क्रममा केही सार्वभौम मिथकको चर्चा पाइन्छ । सबै संस्कृतिमा पाइने मिथकहरूमा सूर्योदय र सूर्यास्त मिथक, ग्रहणको मिथक, भूकम्पको मिथक, स्थानीय मिथकहरू रहेका छन् । यसरी प्राथमिक मिथकहरू प्रायः प्रकृतिसँग सम्बन्धित छन् । हाल समाजका विकास र परिवर्तनसँगै मिथकीय कथ्य एवं संरचनामा जटिलता थपिदै आएको छ । प्राय गरी मिथकको वर्गीकरण विषयवस्तुको आधारमा गरेको पाइन्छ । यहाँ मिथकको वर्गीकरण प्रस्तुत गरिएको छ ।

मिथकलाई प्रकृति, धर्म, संस्कृति, समाज, स्वर्ग, नरक, इतिहास, सृष्टि आदि विषयका आधारमा वर्गीकरण गरेको देखिन्छ । इन्साइक्लोपिडिया अफ रिलिजन एन्ड एथिक्समा मिथकको विषयका आधारमा यसका १२ प्रकारका भेदहरू देखाइएका छन् ।

१. प्राकृतिक परिवर्तन र ऋतु परिवर्तन सम्बन्धी मिथक
२. प्राकृतिक तत्व सम्बन्धी मिथक
३. विशिष्ट प्राकृतिक घटना सम्बनधी मिथक
४. विश्वको उत्पति सम्बन्धी मिथक
५. देवताको उत्पति सम्बन्धी मिथक
६. पशु र मानवको उत्पति सम्बन्धी मिथक
७. रूपान्तरण सम्बनधी मिथक
८. नायक परिवार र राष्ट्र सम्बन्धी मिथक
९. सामाजिक संस्थाहरू र आविष्कार सम्बनधी मिथक
१०. स्वर्ग र नरक सम्बनधी मिथक
११. दानव र राक्षस सम्बन्धी मिथक
१२. ऐतिहासिक घटनाहरूसँग सम्बन्धी मिथक

माथि प्रस्तुत गरिएका मिथकमा प्रायः स्वर्ग, नरक, प्रकृति, सृष्टि, देवता, दानव, समाज आदि पक्षमा जोड दिइएको देखिन्छ । त्यसै गरी इन्सायक्लोपिडिया ब्रिटानिकामा पनि मिथकलाई १२ प्रकारमा वर्गीकरण गरिएको छ । जस्तैः

१. अलौकिक र अनन्तता सम्बन्धी मिथक    २. प्रलय र विध्वंश सम्बन्धी मिथक
३. सांस्कृतिक नायक र मुक्ति सम्बन्धी मिथक    ४. सृष्टिविषयक मिथक
५. काल र कालतीत सम्बन्धी मिथक    ६. अनुकम्पा र भाग्य सम्बन्धी मिथक

७. पुनर्जन्म र भाग्य सम्बन्धी मिथक ८. स्मृति र विस्मृतिको मिथक

९. ईश्वर र देवता सम्बन्धी मिथक

१०. धर्म प्रवर्तक र धार्मिक व्यक्ति सम्बन्धी मिथक

११. राजाहरू र योगीहरू सम्बन्धी मिथक १२. रूपान्तरण समबन्धी मिथक

यसरी ब्रिटानिकामा इन्साइक्लोपिडियामा भन्दा व्यापक क्षेत्रलाई समेटेर मिथकको वर्गीकरण गरेको पइन्छ । मिथकको वर्गीकरण एउटा जटिल विषय भएको सङ्केत गर्दै लेविस स्पेन्सद्वारा यसको मोटामोटी वर्गीकरण प्रस्तुत गरिएको छ । जस्तैः

१. संसारको सृष्टि सम्बन्धी मिथक २. जीवनकालको उत्पति सम्बन्धी मिथक

३. मानवको उत्पति सम्बन्धी मिथक ४.तारा सम्बन्धी मिथक

५. सूर्य र चन्द सम्बन्धी मिथक ६. मृत्यु सम्बन्धी मिथक

७. अग्निचोरी सम्बन्धी मिथक ८. विधिनिषेध सम्बन्धी मिथक

९. हिरोको मिथक (दन्ते कथा र अर्द्धदेवताको साहस सम्बन्धी)

१०. पशु सम्बन्धी मिथक ११.लोक लोकान्तरको यात्रा सम्बन्धी मिथक

१२. संस्कृति र रीतिरिवाज सम्बन्धी मिथक (स्पेस, इ. १९९४)

स्पेसद्वारा मिथकीय विषयवस्तुका आधारमा यसको वर्गीकरण गर्दै विशेषतः समाज, संस्कृति, सृष्टि, देवता, लोकलोकान्तर, मृत्यु आदि विषयक मिथकका वर्गलाई देखाएको छ ।

पूर्वीय परम्परामा पुराणहरूलाई विषयगत आधारमा सर्ग, प्रतिसर्ग, वशं मन्वतर, वंशानुचरित गरी पञ्चलक्षणात्मक मानिन्छ । पुराणहरूको पञ्चलक्षण र मिथकको वर्गीकरणमा देखिने विषयगत आधार समान देखिन्छ । यी सबै मिथकीय कथाहरूलाई गरिएको वर्गीकरण नै हुन् ।

नगेन्द्रद्वारा एच.जे. रोजको मिथक वर्गीकरणलाई प्रस्तुत गर्दै यिनै वर्गीकृत मिथकहरू संसार भरमा पाइने धारणा व्यक्त गरिएको छ । रोजका तीन प्रकार मिथक वर्गीकृत निम्नलिति छन् :

१. सृष्टि सम्बन्धी मिथक

२. प्रलय सम्बन्धी मिथक

३. देवताहरूको प्रणयाचार सम्बन्धी मिथक

रोजद्वारा वर्गीकृत उपर्युक्त मिथकीय प्रकारमा डा.नगेन्द्रद्वारा अरू दुई प्रकारका मिथक थप गर्नु पर्ने धारणा व्यक्त गर्दै प्राकृतिक मिथक र धार्मिक मिथक थप गरिएको छ ( नगेन्द्र, इ. १९८७: पृ.२१)। यी दुई प्रकारका मिथकको वर्ग थप गरेर नगेन्द्रद्वारा सृष्टि, प्रलय, देवताको प्रणय, प्राकृतिक र धार्मिक गरी जम्मा ५ प्रकारका मिथकको वर्गीकरण प्रस्तुत गरिएको छ । धार्मिक मिथकलाई पनि भेद गर्दै उपास्य देवताको स्वरूपसँग सम्बद्ध र कर्मकाण्ड सम्बन्धी मिथक स्वीकारेको पाइन्छ ।

माथि प्रस्तुत गरिएका सबै प्रकारका मिथक वर्गीकरणलाई हेर्दा सृष्टि, प्रलय, उत्पति, प्रकृति, देवता वा नायक एवं सामाजिक विषयलाई मिथक वर्गीकरणको वर्गीकरणको मूलम राखेको देखिन्छ । यिनै मिथकीय वर्गीकरणलाई आधार मानेर साथै महाकाव्यीय मिथकको अध्ययनलाई सुगम बनाउने प्रयोजनका निम्ति मिथकको वर्गीकरण गर्न आवश्यक भएकाले यहाँ मिथकको वर्गीकरण गरिएको छ । मिथकको वर्गीकरण निम्नलिखित छः

१. सृष्टि विषयक मिथक
२. उत्पति सम्बन्धी मिथक
३. प्रलय र विनास सम्बन्धी मिथक
४. दिव्य र अदिव्य मिथक
५. प्रणय सम्बन्धी मिथक
६. प्राकृतिक मिथक
७. सामाजिक आदर्श र मूल्यमान्यता सम्बन्धी मिथक
८. सांस्कृतिक रूपान्तरण सम्बन्धी मिथक

माथि प्रस्तुत गरिएका विभिन्न प्रकारक मिथकका वर्गीकरणलाई तल संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

### १. सृष्टिविषयक मिथक

मिथकका विभिन्न वर्गहरू मध्ये सृष्टिविषयक मिथक पनि एक महत्वपूर्ण वर्ग हो । मिथकको सुरूवात अर्थात मिथकीय कथाहरू सृष्टि भन्दा अघि देखिका पाइनछन् । मानिसको चेतनाको विकाससँगै क्रमशः आफू बसेको ब्रह्माण्डका बारेमा खोज र अनुसन्धान हुन थालेको पाइन्छ । त्यस खोज र अनुसन्धान सङ्सगै आदिम शून्य अवस्थाको परिकल्पना र त्यसपछि सृष्टिको उपक्रम सम्बन्धी अनेकविध परिकल्पना भएको पाइन्छ । ऋग्वेदमा आदिम समयका बारेमा परिकल्पना गर्दै भनिएको छ :

सृष्टिको पूर्वअस्थामा असत् पनि थिएन र सत् पनि थिएन । त्यस समयमा भूलोक अन्तरिक्ष र त्यसभन्दा परका अन्य लोकहरू पनि थिएनन् । सबैलाई आच्छादित गर्ने

पनि केही थिएन । त्यतिखेर कसको स्थान कहाँ थियो र अगाध जलको पनि स्थान कहाँ थियो ? भन्ने चिन्तन पाइन्छ ।[१९]

यस प्रकार सृष्टिपूर्वको शून्यवस्थाको परिकल्पना ऋग्वेदमा गरिएको छ । त्यस समयमा कुनै कुराको पनि सृष्टि भएको थिएन । महाभारतमा पनि यस्तै विभिन्न सृष्टि सम्बन्धी विभिन्न परिकल्पना गरिएको पाइन्छ ।

महाभारतमा उल्लेख भए अनुसार "त्यस प्रलयावस्थामा न दिन थियो न रात थियो, न सत् थियो न असत्, केवल अगाडिपट्टि अन्धकारमात्र थियो र त्यही विश्वरूप थियो । यसैलाई श्रुतिहरूले विश्वात्माको रात्रि भनेको हो ।"[२०]

यस प्रकार महाभारतमा पनि सृष्टि सम्बन्धी विभिन्न क्रमहरूलाई देखाउने काम गरिएको छ । मिथकको मूल प्रतिपाद्य विषय सृष्टि भएको कुरा पुराणको पञ्च लक्षणमा पहिलो लक्षणका रूपमा नै सृष्टिलाई लिनुले पनि पुष्टि गर्दछ । पूर्वमामात्र नभएर पश्चिमी मिथकहरूमा पनि सृष्टिलाई मिथकको महत्वपूर्ण विषय भनेको पाइन्छ । ग्रिसेली मिथकपरम्परा सृष्टिसन्दर्भहरू पाइन्छन् । पूर्वमा जस्तै ग्रिकपरम्परा अनुसार पनि संसारको आदिम अवस्थामा केवल शून्य (केओस्) मात्र थियो । त्यही आदिम शून्यबाट जिया (पृथ्वी), वार्टरस (पातालको शासक) र इरोस (प्रेम) को उत्पत्ति भएको हो । यस प्रकार पूर्वमा र पश्चिममा सबैतिरका मिथकहरूमा सृष्टिसन्दर्भ पाइने हुँदा सृष्टिविषयक मिथक एउटा महत्वपूर्ण मानिन्छ ।

### २. उत्पत्ति सम्बन्धी मिथक

यस वर्गको मिथककले ब्रह्माडीय विभिन्न वस्तुहरूको उत्पत्तिलाई देखाउने काम गर्दछ । यस अन्तर्गत पशु, पंक्षी, मानव एवम् स्वम् आगो, पहाड, नदी, आदिको उत्पत्तिविषयक मिथकहरू पर्दछन् । उत्पत्ति सम्बन्धी मिथकमा मानवको उत्पत्ति कसरी भयो, पशुहरू कसरी बने, आगो कसरी प्रकट भयो भन्ने जस्ता विषयमा रोचक मिथकहरू बनेका छन् । त्यसै गरी विभिन्न देवी, देवताहरूको उत्पत्ति सम्बन्धी रोचक मिथकहरू पाइन्छन् । महाभारतमा आदिम जलमय अवस्थामा सम्पूर्ण प्राकृतिक शक्तिको एकीकृत अवस्थामा नारायणी शक्तिबाट नै सनातन पुरूष हरिको उत्पत्ति भएको उल्लेख पाइन्छ । यसरी नै विभिन्न पुराणहरूमा आदिम पुरूष नारायणको नाभिकमलबाट ब्रह्माको उत्पत्ति

---

१९. ऋग्कवेद, १०, १२९/१ ।
२०. महाभारत, शा.प.,३४२/८ ।

भएको र ब्रह्माबाट विभिन्न प्रकारका प्राणीहरूको उत्पत्ति भएको चर्चा पाइन्छ । त्यसै गरी स्वस्थानी ब्रत कथामा पार्वतीको मृत्यु भएपछि महादेवले आफ्नो पिठीउमा बोकेर संसारभर हिड्न थाले । यस क्रममा पार्वतीका अंगहरू जहाँ-जहाँ पतन हुँदै गए त्यहाँ-त्यहाँ विभिन्न देवीहरूको उत्पत्ति हुँदै गयो । यसबाट यो प्रष्ट हुन्छ कि मिथकहरूले मानवलगायत अन्य प्राणीहरूको र देवी देवताहरूको उत्पत्ति सम्बन्धी विषयवस्तु प्रस्तुत गर्ने हुँदा उत्पत्तिविषयक मिथकहरू पाइन्छ ।

### ३. प्रलय र विनास सम्बन्धी मिथक

सृष्टिको उल्टो प्रक्रियानै प्रलय वा विनास हो । विश्वब्रह्माण्डहरूको विनास वा प्रलयलाई व्यक्त गर्ने मिथकहरू यस वर्गमा पर्दछन् । पूर्वीय पौराणिक परम्परामा संसारको प्रलय सम्बन्धी धेरै मिथकहरू पाइन्छन् । श्रीमद्‌भागवतको एक प्रसङ्गमा उल्लेख भए अनुसार मार्कण्डेय ऋषिद्वारा महाप्रलयको दर्शन भएको प्रसङ्ग पाइन्छ । यस प्रसङ्गमा जलमय अवस्थामा वोटवृक्षमा देखिएका बालमुकुन्दको मुखमा छिरेर मार्कण्डेयद्वारा प्रलय हेरेको प्रसङ्ग छ ।[२१] त्यसै गरी अर्को प्रसङ्ग अनुसार श्रीमद्‌भागवतमा नै राजा सत्यव्रतले प्रलय देखेको प्रसंग पाइन्छ । द्रविड देशको राजा सत्यव्रतले कृतमाला नदीमा तर्पण दिने क्रममा आफ्नो हातमा एउटा माछो आएको र त्यो माछाले सातदिनपछि तीन लोकको प्रलय हुने बताएको छ ।[२२] यस प्रसङ्गमा राजा सत्यव्रतले माछाको सिङ्मा उनिएको नाउमा बसेर ब्रहमाको एक रातसम्म भएको प्रलय हेरेको प्रसङ्ग पाइन्छ । यस प्रकारका विभिन्न प्रलय सम्बन्धी मिथकहरू संसारभरिकै मिथकमा भएको देखिन्छ । जसले गर्दा आदिम मानवले अनुभव गरेका विनास सम्बन्धी धारणा नै प्रलयमिथक व्यक्त भएको देखिन्छ । प्रलयको महाविनासमा पनि सृष्टिको आदिबीज नारायण, मुकुन्द, नूह, मनु आदि रहने काल्पनिकता व्यक्त भएको देखिन्छ ।

### ४. दिव्य र अदिव्यको मिथक

प्रायजसो मिथकमा दिव्य घटनाहरू नै व्यक्त भएका हुन्छन् । यस्ता घटनाहरूमा अदिव्य मिथकलाई पनि विभिन्न ढङ्गले दिव्य जस्तै बनाएर प्रस्तुत गरिएको हुन्छ । मिथकीय पात्र, घटना र परिवेश साधारण मानवीय क्रियाकलाप भन्दा माथि उठेका, दिव्य स्वरुप भएका र दैवी वा दानवी चरित्रले युक्त हुन्छन् । ईश्वर, देवता, ऋषि, महर्षि वा वीर

---

२१. श्रीमद्‌भागवत, द्वा.स्क. ९/२७ ।
२२. श्रीमद्‌भागवत, स्क., २४/३२ ।

नायक नायिका र अनेक मानवेत्तर जगत्लाई मिथकमा आएका हुन्छन् । जतिसुकै दिव्य रूप वा स्वरूप मिथकमा आए तापनि यसले मानवीय भित्री चाहनालाई व्यक्त गरेको हुन्छ । मिथकको आखिरी उद्देश्य भनेकै विभिन्न दिव्य स्वरूप देखाएर मानवलाई त्यस्तै बन्न अभिप्रेरित गराउनु हो । त्यसैले मिथकहरू अदिव्य भन्दा दिव्य नै बढी पाइन्छन् र अदिव्यलाई पनि दिव्य स्वरूप दिइएर व्यक्त गरिन्छ । मिथकीय पात्र मानव होस वा मानवेत्तर त्यो मानवीय इच्छाशक्तिको विशिष्ट रूप हुने भएकाले सामान्य गुण वा साधारण धर्मबाट माथि उठेको हुन्छ । त्यसैले एउटा माछो महाविनासको घोषणा गर्न सक्छ भने हयग्रीव दानवबाट आदिम वेदको पनि रक्षा गर्न सक्छ ।[२३] यसरी संसारका मिथकमा देखिने सर्प, घोडा, पक्षी, वृक्ष, वानर आदि पशुजगत्का पात्रहरू पनि दिव्य शक्ति सम्पन्न देखिन्छन् । यसै गरी स्वर्ग, बैकुण्ठ, पहाड, पर्वत आदि स्थानहरू पनि दिव्य देखिन्छन् । यस प्रकार मिथकमा सामान्य वस्तुमा पनि विशिष्टीकृतरूप दिइएर दिव्यत्व बनाइन्छ । यस प्रकारका मिथकमा आदिम मानवमा देखिने उन्नत, सभ्य, एवम् स्वर्गीय चेतनाको अभिव्यक्ति दिइएको देखिन्छ र स्वर्गीय आनन्दको बाटो देखाएको मानिन्छ ।

### ५. प्रणय सम्बन्धी मिथक

प्रणय चेतना सृष्टिजत्तिकै पुरानो छ । ग्रिसेली परम्परामा आदिम महाशून्यबाट यो व्यक्त रूप सिर्जना हुने क्रममा प्रेम (Love) को पनि उत्पत्ति भएको मानिन्छ ।[२४] यसबाट प्रेम वा प्रणयचेतना सृष्टि भन्दा पनि पुरानो देखिन्छ ।

पूर्वीय पौराणिक परम्परामा पनि आदि समयदेखि विभिन्न देवदेवीका प्रणय गाथा पाइन्छन् । त्यसैगरी ग्रिसेली परम्परामा पनि प्रणय मिथकहरू रहेका पाइन्छन् । देवताका प्रणय लीलादेखि विभिन्न पशुपंक्षी र मानवका प्रणय मिथकहरू यस वर्ग अन्तर्गत राख्न सकिन्छ । यस प्रकारका पणय मिथकले आत्मिक प्रेमको महत्व झल्काएको देखिन्छ । त्यसै गरी प्रेमको अमरतालाई स्थापित गरेको छ भन्न सकिन्छ । प्रणय मिथकको विषयवस्तुबाट पश्चवर्ती श्रृङ्गारिकधारा एवं प्रणयरोमान्सका कथाहरू निर्माण भएका छन् । त्यसैले प्रणय सम्बन्धी मिथक मिथकका विभिन्न वर्गहरू मध्ये एउटा महत्वपूर्ण पक्ष मानिन्छ ।

---

२३. शर्मा,इ. २००८, पृ.३९८ ।
२४. लोहनी र अन्य, २००१: पृ.१ ।

### ६. सामाजिक आदर्श र मूल्यमान्यता सम्बन्धी मिथक

मिथकले सामाजिक आदर्श र त्यस समाजमा भएका मूल्यमान्यतालाई आधार बनाएको हुन्छ । त्यसैले मिथक विकासको सुरूवात समाजबाटै भएको मानिन्छ । विशेष गरेर नायक, नायिका चरित्रका माध्यमबाट सामाजिक आदर्श र मूल्यमान्यता स्थापित गरेको पाइन्छ । आदिम समाजमा भएका र हुने गरेका आदर्श र मूल्यमान्यतालाई मिथकले व्यक्त गरेको पाइन्छ । यस्ता मिथकहरूमा प्राय गरेर देवदेवीका विभिन्न क्रियाकलाका मिथकहरू पाइन्छन् । जस्तैः श्रीकृष्ण भगवानको मिथक, हिरण्डकश्यपुको मिथक, प्रह्लादको मिथक, रामसीताको मिथक आदि यसै अन्तर्गत पर्दछन् ।

### ७. सांस्कृतिक रूपान्तरण सम्बन्धी मिथक

विभिन्न जातजातिका संस्कृतिहरूलाई मिथकले बोकेको हुन्छ । त्यसैले मिथक र संस्कृतिको सम्बन्ध अविच्छेद्य रहेको देखिन्छ । त्यसैले मिथकले साँस्कृतिक परम्पराहरूलाई एक पुस्ताबाट अर्को पुस्तामा गर्दै क्रमशः रूपान्तरण गर्दै जान्छ । साँस्कृतिक मिथकहरूमा समाजका रहनसहन, चालचलन, खानपीन, भेषभूषा, रीतिरिवाज आदि पर्दछन् । यस प्रकारको मिथकको वर्गमा विभिन्न संस्कार सम्बन्धी सर्वशक्तिमान नायकका माध्यमबाट सामाजिक संस्कार पद्धतिमा रूपान्तरण गरिएका घटनाहरू समाविष्ट हुन्छन् ।

### ८. प्राकृतिक मिथक

सूर्योदय सूर्यास्त, भूकम्प, ग्रहण, दिन-रात जस्ता विभिन्न प्राकृतिक रूपसँग सम्बन्धी मिथकहरूलाई यस प्रकारको वर्गमा राख्न सकिन्छ । प्रकृतिका यस्ता विभिन्न घटनाहरूले गर्दा मानिसमा परेका प्रभाव र त्यसको प्रतिक्रियास्वरूप व्यक्त भएका धारणाहरू नै प्राकृतिक मिथकका रूपमा रहेका पाइन्छन् । यस वर्गका मिथकमा भूगोल, खगोलका र ताराहरूमा बारेमा संरचित मिथकहरू पर्दछन् । यस्ता मिथकमा आदिम समयका मानवहरूले अनुमान गरेका भूगोल, खगोल सम्बन्धी धारणा व्यक्त भएको हुन्छ । प्राकृतिक मिथकहरू मानिने प्रकृति, समाज, इतिहास, एवम् आफैसँग गरेको अनुमानबाट जन्मेका धारणा हुन् । यसै कारण मिथकले प्रकृतिलाई विषयवस्तु बनाएको पाइन्छ । मानिसले आफ्नो परिवेश र आफूलाई चिन्न र बुझ्न सक्ने चेतना प्राप्त गरेपछि क्रमशः उसमा प्रकृति सम्बन्धी जिज्ञासाहरू भए । अनि तिनै उत्पन्न जिज्ञासाहरूलाई मेटाउन विभिन्न परिकल्पनाहरू गरिन थाल्यो । प्रकृति सम्बन्धी गरिएका तिनै अनुमानहरू आज

हाम्रा सामू मिथक बनेका छन् । ब्रह्माण्ड, मानव, जैविक विविधता जस्ता पक्षमा उठ्ने गहिरा परिकल्पनाहरू नै प्रारम्भिक मिथक अन्तर्गत पर्दछन् ।

यस वर्गीकरणमा सृष्टि, प्रलय, उत्पत्ति, सामाजिक विकास, मानवीय प्रेम, करूणाजस्ता संवेग, प्रकृतिका विभिन्न रूपहरू र तिनका बारेमा भएका परिकल्पनाहरू समेटिएका छन् । मिथकका समग्र वर्गीकरणलाई हेर्दा आदिम शून्य अवस्थादेखि जैविक उत्पत्ति र विकासबाट मिथकको सुरूवात भएको पाइन्छ । त्यसपछि विस्तारै समाजको स्वरूप एवम् विकास, सामाजिक-साँस्कृतिक रूपान्तरण गर्ने नायिका युग त्यसका बैशिष्ट्यहरू सम्बन्धी मिथक देखिन्छन् । यिनै मिथकीय पृष्टभूमिमा आजको विकसित र वैज्ञानिक, सामाजिक-साँस्कृतिक चेतनाको अस्तित्व रहेको देखिन्छ । त्यसै गरेर त्यही मिथकीय कथाहरूलाई आधार मानेर साहित्यिक सिर्जनाको विकास भएको देखिन्छ । साहित्यकार यही समग्र आदिम मानवीय चिन्तन र आजको मानवीय चाहनाको श्रृङ्खलामा उनिएर काव्यकृतिहरू रचना गर्दछन् । त्यसैले विभिन्न महाकविका महाकाव्यहरूमा फरक-फरक मिथकको प्रयोग गरेको पाइन्छ ।

## ३.४. अन्य महाकाव्यका तुलनामा देवकोटाका महाकाव्यमा मिथक

ढुङ्गे युगबाट मानव विकसित हुँदै गए पछि विस्तारै-विस्तारै उसले प्रकृति, देवी, पशुपक्षी आदि समबन्धी अनुमान गरेर कथाहरू भन्न सुरू गरेको पाइन्छ । त्यसरी भन्ने र सुन्ने मौखिक परम्पराबाट धेरै समय पछि उक्त कथाहरू मिथकका रूपमा लेखिन थालेको देखिन्छ । तिनै आदि कालमा कल्पना गरेर लेखिएका र केही वास्तविक कुराहरू मिसिएका कथाहरू मिथक हुन् । त्यही मिथकीय परम्परा नै नेपाली साहित्यको सुरूवात मान्न सकिन्छ  अहिले आएर साहित्यका विभिन्न हाँगा र क्षेत्रहरू फैलिएका छन् । मिथकबाट सुरूवात भएको नेपाली साहित्य विभिन्न प्रकारका कथा, निवन्ध, उपन्यास, कविता, नाटक, गजल आदि विधामा प्रवेश गरिसेकेको छ ।

कविता विधाका फुटकर कविता, खण्डकाव्य र महाकाव्य यी तीन शाखा मध्ये महाकाव्य सबै भन्दा ठूलो शाखा हो । महाकाव्यमा विभिन्न प्रकारका मिथकहरूलाई समावेश गराइएको हुन्छ । पूर्वीय तथा पाश्चात्य दुबै जगतका महाकाव्यहरूमा मिथकको प्रयोग गरिएको पाइन्छ । कुनै महाकाव्यमा प्रत्यक्ष रूपमा मिथकको प्रयोग गरिएको छ भने कुनैमा अप्रत्यक्ष रूपमा भएपनि मिथकको प्रयोग चाही भएको पाइन्छ । नेपालका

महाकाव्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटाको नाम उल्लेखनीय छ । यिनले नेपालमा महाकाव्यको अभावलाई पूर्ति गराए । वि.सं. २००२ सालमा 'शाकुन्तल' महाकाव्यका अतिरिक्त सुलोचना, प्रमिथस, महाराणा प्रताप, वनकुसुम र पृथ्वीराज चौहान गरी जम्मा ६ वटा पूर्ण महाकाव्यहरू प्रकाशित भएका छन् ।

हाल आएर धेरै महाकविहरूले महाकाव्य रचना गरेका छन् । तर महाकवि देवकोटालाई उछिन्न सक्ने महाकवि फेला परेका छैनन् । मिथकीय दृष्टिकोणले पनि उनले नै महानता हासिल गरेका छन् । महाकवि देवकोटाले पूर्वीय तथा ग्रीसेली दुबै मिथकलाई आफ्ना महाकाव्यमा समावेश गराएका छन् । नेपाली महाकाव्य जगतमा देखा परेका केही महाकवि र महाकाव्यकार यस प्रकार छन् :

लक्ष्मीप्रकाद देवकोटा ⇒ शाकुन्तल, सुलोचना, प्रमिथस, महाराणाप्रताप, वनकुसुम, पृथ्वीराज चौहान

लेखनाथ पौड्याल ⇒ तरूण तपसी, (नव्यकाव्य)

सोमनाथ सिग्देल ⇒ आदर्श-राघव

बालकृष्ण सम ⇒ चिसो चूल्हो

जगदीश शमशेर राणा ⇒ नरसिंह अवतार

उमानाथ शास्त्री सिन्धुलीय ⇒ मकवानी बाला

भानुभक्त पोखरेल ⇒ मृत्युञ्जय

नीलकण्ठ न्यौपाने ⇒ महामानव

बुनु लामिछाने ⇒ याचना

मोदनाथ प्रश्रित ⇒ मानव

माथि प्रस्तुत गरिए अनुसार नेपालका धेरै महाकविहरूले महाकाव्य रचना गरेका छन् तर उल्लेख गरिएका सबै महाकाव्यहरूमा प्रत्यक्ष रूपमा मिथकलाई समावेश गरिएको छैन । त्यसैले यहाँ देवकोटाका महाकाव्यमा प्रयोग गरिएको मिथकसँग तुलना गर्नका लागि केही महाकाव्यको मात्र मिथकलाई विश्लेषण गरिएको छ । यहाँ मिथकीय प्रयोगको दृष्टिकोणले मात्र लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यसँग सोमनाथ सिग्देलको आदर्श-राघव र जगदीश शमशेर राणाको नरसिंह अवतार महाकाव्यको तुलना गरिएको छ । आदर्श-राघव र अरसिंह अवतार देखि अन्य महाकाव्यहरूमा प्रयोग भएको मिथकले

देवकोटाका महाकाव्यमा प्रयोग भएको मिथकलाई एक अंश पनि भेट्न नसक्ने भएकाले यहाँ तुलना नगरिएको हो ।

आदर्श-राघव महाकाव्यमा प्रयोग गरिएको मिथकलाई अति संक्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ । यस महाकाव्यमा रामराज्यकालीन सामाजिक अवस्थाको केही कथा मिथक बनेर आएको छ । त्यसै गरेर यस महाकाव्यमा अतीतको आर्य आदर्श झल्काउनका निम्ति वानप्रस्थाश्रम् र तपोवनको सभ्यतालाई देखाउने काम भएको छ । खासगरी हिन्दूवर्णाश्रम व्यवस्थालाई ध्यान दिदै धार्मिक मर्महरूलाई नै सामाजिक आदर्शका रूपमा चित्रण गरिएको पाइन्छ । यस महाकाव्यको द्वितीय सर्ग देखि आदर्श राघवको मिथकीय कथानकले आफ्नो स्वरूप फेला पार्दछ । यस महाकाव्यको द्वितीय सर्गमा विश्वामित्रको आगमन, आश्रमतिर प्रस्थान, रामको अभिनन्दन, रात्रीविश्राम आदिको वर्णन गर्दै रामचन्द्रको वालचरित्रको उल्लेख गरिएको छ । त्यसपछि रामचन्द्रको मिथिलागमन, शिवधनुभङ्ग, विवाह, राम वनवास गएको, सीताको पतिभक्ति आदि मिथकीय कथाहरू उल्लेख गरिएको पाइन्छ । त्यसै गरी अन्य उललेखनीय मिथकमा रावणको दुष्टता सीताहरण, लङ्का जलन आदि पर्दछन् । यस महाकाव्यमा सुग्रीव र हनुमानको कथाहरू पनि आएका छन् । यस प्रकार आदर्श-राघव महकाव्यको मिथकीय विश्लेषण गर्दा महाकाव्यको विषयवस्तु नै राम मिथकलाई बनाएको छ भन्न सकिन्छ । यस महाकाव्यमा प्रयोग भएको कथावस्तु, चरित्र तथा परिवेश सबैमा मिथक व्याप्त देखिन्छ ।

**नरसिंह अवतार महाकाव्यको संक्षिप्त मिथकीय विश्लेषण**

नरसिंह अवतार महाकाव्यमा पनि विभिन्न मिथकीयलाई विषयवस्तु बनाएको छ । यस महाकाव्यमा विशेष सामाजिक रूपान्तरणका मिथक पाइन्छन् । समाजमा बसोबास गरेका व्यक्तिहरूले लामोसमयसम्म अर्काको शासीत भएर बस्नु पर्यो भने आफै काल-पुरूष भएर उभिन्छन् र शोषक वर्गको पतन हुन्छ भन्ने सन्देश बोकेका मिथकहरू यस महाकाव्यमा आएका छन् । जस्तैः कोठग्रस्त धरती र चेतनाविहीन समाजमा कालपुरूषको यशोगान र पर्णन गर्दै सहर, वस्ती र माउँको मालिक अनि मानिस युगकै प्रतिकका रूपमा वर्णन गर्दै उसको आगमन भएको उल्लेख पाइन्छ । समाजमा कालपुरषको आगमनले मसिनो र झीनो भए पनि नयाँ आशाको सञ्चार हुन पुगेको छ । कालपुरूषको चारैतिर भव्य स्वागत गरिन्छ र नयाँनयाँ नियम र कानुनहरूले मानवका वस्तीवस्तीमा नवनव चेतना र आशाको दीयो भर्दछन् । कालपुरूष पनि आफ्ना जनतालाई गुलियो आश्वासन र

घतिला विश्वमस दिलाउँदै नियम र कानुन लगायतका भविष्यको दश सूत्रीय कार्यक्रम लिएर आफ्नो अलौकिक शक्तिको पहिचान दिन खोज्दछ । यि माथिका सम्पूर्ण कथाहरू काल्पनिक भएकाले सबै मिथक नै हुन् । यसरी नरसिंह अवतार महाकाव्यमा कथावस्तु चरित्र तथा परिवेशगत रूपमा धेरै मिथकहरू आएका छन् ।

माथि उल्लेख गरिएका विभिन्न महाकाव्यहरूमा केही मात्रामा मिथकको प्रयोग भएको देखिन्छ । प्रस्तुत गरिएका दुईवटा महाकाव्य आदर्श-राघव र नरसिंह अवतार महाकाव्यमा फरक-फरक ढङ्गले मिथकको प्रयोग गरिएको छ । आदर्श-राघव महाकाव्यमा रामको प्रत्यक्ष मिथक आएको छ भने नरसिंह अवतार महाकाव्यमा त्यस्त चर्चित मिथकहरू आएका छैन । महाकविलक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा भने उक्त दुई महाकाव्य र अन्य सबै महाकाव्यको मिथकले पनि भेटाउन नसक्ने पूर्वीय तथा ग्रीसेली मिथकको प्रयोग भएको पाइन्छ । उनको शाकुन्तल महाकाव्यमा पूर्वीय मिथकले ठाउँ पाएको छ भने प्रमिथस महाकाव्यमा ग्रीसेली मिथकको समावेश गराएका छन् । त्यसै गरेर अन्य चारवटा महाकाव्यमा स-साना र अप्रत्यक्ष मिथकको प्रयोग भएको छ । लक्ष्मीप्रसाद देवकोटाका प्रकाशित ६ वटै महाकाव्यमा प्रयोग भएको मिथकलाई विश्लेषण गर्दा अन्य कुनै पनि महाकाव्यमा प्रयोग भएको मिथकले भेटाउन सक्ने देखिदैन । त्यसैले मिथकीय विषयलाई आधार बनाएर महाकाव्य रचना गर्ने सबै भन्दा सर्वश्रेष्ट र महान् प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटा नै हुन् । यहाकविका महाकाव्यहरुको विश्लेषणका क्रममा सविस्तार चर्चा गरिने छ ।

## ३.५. निष्कर्ष

मिथक शब्द अङ्ग्रेजी भाषाको 'मिथ' आधार पदमा संस्कृत भाषाको 'क' प्रत्यय जोडिएर बनेको शब्द हो । अङ्ग्रेजी भाषाको मिथ शब्द ग्रिक भाषाको मुथस वा माइथसबाट व्युत्पन्न भएको हो र यसको मूल मुखबाट उच्चारित बाणी भन्ने हुन्छ । समयको परिवर्तनसँग मूल अर्थमा परिवर्तन भएर आप्त वचन, अतर्क्य कथन, कथा, धार्मिक कथा, असत्यकथा, ब्रह्माण्डको रहस्य बुझाउने कथा हुँदै जीवन र जगत् सम्बन्धी विशेष धारण एवं पुराकथाका माध्यमद्वारा समसामयिक चेतनाको बोधजस्ता विभिन्न अर्थमा मिथ वा मिथक शब्द प्रचलित भएको पाइन्छ । मिथकले आफूलाई गरिमामय बनाउन त्यसले विभिन्न विशेषताहरू ग्रहण गरेको पाइन्छ ।

प्राचीन संस्कृत तथा ग्रेसेली काव्यहरूमा मौलिक र परम्परित मिथकको प्रयोग पाइन्छ तर अहिलेको वर्तमान समयमा कविहरूले कल्पना गरेका कविकल्पित मिथकहरू पनि पाइन्छन् । मिथक अतिमानवीय घटना र चरित्रमा आधारित हुने भएकाले गर्दा कविहरूले वर्तमान समयमा भएका आफ्नै समाजका पात्रहरूलाई अतिमानवीय रूप दिएर मिथक बनाई महाकाव्यको सिर्जना गरेका छन् । प्राय गरेर मिथक कथात्मक नै हुने गर्दछ । त्यसैले आधुनिक समयमा आएर वर्तमान समाजका विभिन्न परिवेहरूलाई ग्रहण गरी कथात्मक रूप दिएर महाकाव्यको निर्माण गरिएको पाइन्छ । त्यसैले मिथकले वर्तमानमा आएर आफ्नो रूप र विशेषता केही फरकपन ल्याएको छ । परम्परित मिथकले विश्वब्रहमाण्ड र आदिम मानिसका बारेमा धारणा व्यक्त गर्दछ तर अहिले वैज्ञानिक अनुसन्धान र अनुभवका रूपमा सत्य कथा वा मिथक पाइन्छन् । मिथक वास्तवमा इतिहास पनि हो । यसले मानवका विभिन्न अवस्था, समय र विकासका घटनाहरूलाई व्यक्त गर्दछ । वर्तमान समयका केही महाकाव्यहरूमा आदिम मानवका इतिहास मात्र व्यक्त नगरेर वर्तमानका इतिहासहरूलाई पनि मिथककै ढाँचामा प्रस्तुति गरिएको पाइन्छ । मिथक सामुहिक तथा व्यक्तिगत अचेतको प्रस्तुत गर्ने स्वैरकल्पनात्मक हुन्छ । त्यसैले समाजका विभिन्न प्रकारका मनस्थिति भएका व्यक्तिहरूको मनौवैज्ञानिक रूपमा कल्पना गरेर महाकाव्यको सिर्जना गर्न सकिन्छ । त्यस्ता महाकाव्यहरूले विभिन्न मानसिक अवस्था भएका मानवीय क्रियाकलापको अभिव्यक्ति  दिन्छन् ।

माथि उल्लेख गरिए अनुसार आदिम मिथकीय समयदेखि वर्तमानसम्म आईपुग्दा मिथकीय ढाँचामा धेरै परिवर्तन भएको पाइयो । अहिले विभिन्न ज्ञानविज्ञानले गर्दा आज मिथक व्यापक र दुर्बोध्य बनेको देखिन्छ । त्यसै कारणले मिथकको वर्गीकरण गरेर छुट्टयाउने कार्य पनि जटिल बनेको छ । मिथक प्रायः गरेर संसारका विकसित सबै भाषा र जातीका छन् । अनि मानवीय ज्ञान, समाजको विकास र परिवर्तनले गर्दा मिथकीय संरचनामा परिवर्तन आएकोछ । जसले गर्दा मिथकको वर्गीकरण गर्न थप जटिल बनेको छ । यति हुँदा हुँदै पनि मिथकलाई मोटामोटी रूपमा धर्म, संस्कृति, प्रकृति, समाज, स्वर्ग, नरक, इतिहास, सृष्टि, प्रलय आदि विषयका आधारमा वर्गीकरण गर्न सकिने देखिन्छ । त्यसै गरेर प्राकृतिक परिवर्तन र ऋतु परिवर्तन सम्बन्धी उत्पत्ति सम्बन्धी दानव र राक्षस सम्बन्धी मिथकहरू पनि पाइन्छन् । यसरी विभिन्न प्रकारमा मिथकलाई वर्गीकरण गरिएको छ । मिथकलाई

जेजति रूपमा वर्गीकरण गरिएता पनि वर्गीकरणको मुख्य स्रोत विषयवस्तुलाई नै बनाइएको देखिन्छ ।

माथि उल्लेख गरिए अनुसार मिथकको प्रकार एउटा मात्र छैन । यसका रूप र प्रयोग गराइको तरिका पनि फरक-फरक देखिन्छ । त्यसैले महाकविहरूले आफ्ना महाकाव्यमा प्रयोग गर्ने मिथक पनि एउटै नभएर फरक-फरक हुन्छन् । मिथकको प्रयोग गराई त्यसको गाम्भीर्यता अनि त्यसबाट मानवले प्राप्त गर्ने ज्ञानका आधारमा छुट्ट्याउदा महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यहरू सर्वश्रेष्ठ देखिन्छन् । लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा पूर्वीय संस्कृतिका मिथकहरू देखि लिइएर सामाजिक सांस्कृतिक र वैज्ञानिक मिथकहरू पाइन्छन् । त्यसै गरेर महाकवि देवकोटाले ग्रीसेली मिथकलाई पनि नेपाली महाकाव्यमा भित्र्याएका छन् । देवकोटा बाहेकका अन्य महाकविहरूले यस प्रकार वर्तमानका सामाजिक वैज्ञानिक मिथकलाई प्रयोगमा ल्याउन सकेका छैनन् । त्यसै गरेर पश्चिमी मुलुकका मिथकलाई नेपाली महाकाव्यमा समावेश गर्न सकेको पाइदैन । त्यसैले नेपाली महाकाव्यमा मिथकीय प्रयोगको दृष्टिकोणले अन्य महाकाव्यका तुलनामा लक्ष्मीप्रसाद देवकोटाका महाकाव्य नै सबै भन्दा उत्कृष्ट ज्ञानवर्धक पाइन्छन् ।

GGG

# चौथो परिच्छेदः

## देवकोटाका महाकाव्यहरूको मिथकीय विश्लेषण

### ४.१. विषयप्रवेश

महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटा (वि.स.१९६६-२०१६) ले ३६ वर्षको उमेरमा रचना गरेको महाकाव्य शाकुन्तल पूर्वीय कथामा आधारित छ । उनको यही शाकुन्तल महाकाव्य (२००२) नेपालीको प्रथम आधुनिक महाकाव्य हो । स्वच्छन्दतावादी, प्रगतिवादी, मानवतावादी कवि देवकोटाले उनमा आएको उग्रता, क्रान्ति, चेत, वनारस प्रवास, पूर्वीय पाश्चात्य साहित्यको अध्ययन आदिका पृष्ठभूमि र प्रभावले शकुन्तल, सुलोचना, प्रमिथस, वनकुसुम, महाराणा प्रताप र पृथ्वीराज चौहान महाकाव्य रचना गरेका हुन् । शाकुन्तल महाकाव्यको प्रकाशन पूर्व वालकृष्ण सम, माधवप्रसाद घिमिरे, सोमनाथ सिग्देल र देवकोटा स्वयम्ले महाकाव्य लेख्ने प्रयास गरेको तर सबैका प्रयास अपूर्ण रहेका  देखिन्छन् । अन्य केही कविहरूले महाकाव्य लेख्दै छन् भन्ने थाहा पाएर उनले हतार हतार लेखेर तीन महिनामा नै सिध्याएर प्रकाशन गराएर पनि आधुनिक नेपाली महाकाव्य जगत्को पहिलो र हाल सम्मकै उत्कृष्ट महाकाव्यका रूपमा मूल्याङ्कित छ । यो महाकाव्य संस्कृतको 'अभिज्ञान शाकुन्तलम्' नाटकबाट प्रभाव ग्रहण गरेर लेखिएको भएता पनि मौलिकताका साथ प्रस्तुत गरिएको छ । यस महाकाव्यमा पूर्वीय मिथकीय कथाहरूलाई मिश्रित रूप दिएको छ  र प्राचीन आर्य सभ्यताले जगेर्ना गर्ने मूल स्वर भरिएको छ । मानवमा आध्यात्मिक र भौतिक दुबै गरणहरू हुनुपर्ने आवश्यकता औल्याउने यो महाकाव्यले देवकोटाको स्वच्छन्दतावादी दृष्टिकोणलाई पूर्ण रूपले अभिव्यक्ति दिएको देखिन्छ । 'शाकुन्तल' महाकाव्यमा विभिन्न रसहरूको प्रयोग गरिएको छ  र अङ्गी रसका रूपमा श्रृङ्गार रस नै रहेको पाइन्छ । श्रृङ्गार रसमा पनि विप्रलम्भ श्रृङ्गार यसको अङ्गी रस बनेको छ । 'शाकुन्तल' महाकाव्यमा भाव र कल्पनाको अपूर्व सम्मिश्रण छ, प्राकृतिक गति छ र छन्दमा सङ्गीतको स्वर लहरी तरङ्गित भएको छ । यस महाकाव्यमा जम्मा २४ सर्ग र १९३८ श्लोक संख्या रहेका छन् भने विभिन्न प्रकारका अलङ्कारको प्रयोग गरिएको छ ।

नेपाली समाजमा परिचित भइसकेको महाभारतीय शकुन्तलोपाख्यानलाई शाकुन्तल महाकाव्यको मुख्य वस्तुका रूपमा ग्रहण गरेर देवकोटाले नवीन मिथकीय सन्दर्भ

प्रदान गरेका छन् । महाभारतीय युगजीवनका दुष्यन्त र शकुन्तलाको मिथकलाई कालिदासले लिच्छविकालीन युग सन्दर्भसँग जोडेर अभिज्ञान शाकुन्तल जस्तो नाटक प्रदान गरिसकेको अवस्थामा देवकोटाद्वारा अहिलेको वर्तमान युगको राणाकालीन वातावरणको पुनः प्रस्तुति गर्ने काम गरिएको छ । कवि देवकोटाले वास्तवमा शाकुन्तल महाकाव्यमा अतीतको वर्णन गर्दै वर्तमानलाई उदाङ्ग पार्न खोजेका छन् । उनले यस महाकाव्यमा गृहस्थी, राजनीति। वैभव, विलास, आदर्शप्रेम, तपोवन, आध्यात्मिक आदर्श आदिका दृष्टिले अतीतकेन्द्री हुँदै वर्तमानलाई शिक्षा दिन खोजेका छन् । त्यसकारण भन्न सकिन्छ यस महाकाव्यले द्वापर युदेखिख वर्तमान सम्मलाई आफ्नो देशकाल/परिवेश बनाएको छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाका पूर्ण छ  वटा नेपाली महाकाव्य मध्ये दोस्रो महाकाव्य सुलोचना हो । यो कृति उनले भाषानुवाद परिषदमा कार्यरत रहँदाकै समयमा सिर्जना गरेका हुन् । सुलोचना महाकाव्य सामाजिक विषयवस्तुमा आधारित गरी दशै दिनमा तयार पारिएको कृति हो । यो महाकाव्य वि.स. २००२ सालमा लेखिएको र वि.स. २००३ सालमा प्रकाशन भएको कृति हो । शाकुन्तल महाकाव्यमा प्रायः धेरै ठाउँमा अतीतको वा मानव समाजको यात्रा गरेका छन् भने सुलोचना महाकाव्यमा नेपाली सामाजिक धरातलको वर्णन गरेका छन् । यति हुँदाहुँदै पनि सुलोचना महाकाव्यमा ठाउँ ठाउँमा मिथकीय आदिम कथालाई पनि ग्रहण गरेका छन् । यस महाकाव्यमा कविले युगचेतनालाई ज्यादै नजिकबाट नियाल्न खोजेका छन् । यस महाकाव्यमा समकालीन बूढो पुरानो पुस्ता र नयाँ पुस्ताको बीच आस्तिक र नास्तिकताको सन्दर्भबाट उठाइएको  द्वन्दले नेपाली समाजको युगचेतना राम्रोसँग प्रतिविम्वित हुन पुग्दछ । वास्तवमा यस महाकाव्यमा सामाजिक संक्रमण र युगबोधलाई आधार बनाएर दुई भिन्न पुस्ताको मनोदशालाई आन्तरिक रूपले केलाउने र देखाउने काम भएको छ । पुरानो पुस्ता बढी परम्परावादी भएको र नयाँ पुस्ताले परिवर्तन गर्न खोजको कुरालाई यस महाकाव्यमा देखाइएको छ । परम्परावादी र आधुनिकतावादी बीच भएको द्वन्दले दुबै पक्षलाई हानी गरेको र दुबै पुस्ता दुर्घटित भएको कुरालाई परिवेशका रूपमा चित्रण भएको देखिन्छ । वास्तवमा नयाँ र पुरानो दुबैको समन्वयमा मनुष्य सभ्यता अटल र अमर भई गतिशील हुने जानकारी यस महाकाव्यबाट प्राप्त भएको छ । यस महाकाव्यमा वंशावली र ऐतिहासिकता मिथकीय रूपमा प्रस्तुत भएका छन् । त्यसै गरेर समकालीन नेपाली समाजको संक्रमणकालको स्थितिलाई चित्रण गर्ने सामार्थ्य यस सुलोचना महाकाव्यले बोकेको देखिन्छ ।

लक्ष्मीप्रसाद देवकोटाले ग्रीक पुराकथाको प्रस्तुतिमा समुद्रपारका पाश्चात्य परिवेशमा पुगेर ‘प्रमिथस’ महाकाव्यको रचना गरेका हुन् । यो उनको अन्तिम महाकाव्य हो । यसको रचना २००७ सालको अन्त्यतिरबाट प्रारम्भ भएको देखिन्छ । महाकवि देवकोटाको संयोग हो वा योजना हो ‘शाकुन्तल’ महाकाव्य पूर्वीय पुराकथामा र ‘प्रमिथस’ पाश्चात्य पुराकथामा आधारित देखिन्छन् । यसले के देखाउँछ भने महाकाव्य-यात्राको प्रारम्भ पूर्वीय अवधारणाबाट भयो र अन्त्य ‘प्रमिथस’ जस्तो पाश्चात्य पुराकथामा गएर टुंगियो । छन्दोवद्ध कविताबाट सुरू गरेर गद्यवद्ध कवितामा पुगेको स्थितिलाई हेर्दा ‘शाकुन्तल’ र ‘प्रमिथस’ विपरित ध्रुवमा उभिएका महाकाव्य देखिन्छन् । प्रमिथस महाकाव्यमा ग्रिसेली पुराणमा चर्चित प्रमिथसलाई नायक बनाएर प्रमिथसका साहसी, मानवीय, कल्याणकारी चरित्रलाई यसमा उद्घाटन गरिएको छ । वि.स. २००७ को परिवेशमा नेपाली समाजमा आएको जागराण, राणा विरोधी क्रियाकलाप, प्रजातन्त्रको लहर आदि विषयको प्रस्तुतिका निम्तिः प्रमिथसको आदिम मिथकीय सन्दर्भलाई कथ्य बनाएर प्रस्तुत गरिएको छ । यसरी यस महाकाव्यमा नेपाली पाठकहरू विश्वपरिवेशको झलक देख्दछन् र मानवताको पाठ सिकदछन् ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको महाकाव्य ‘महाराणा प्रताप’ वि.स. २००३ सालमा लेखिएको हो । यो महाकाव्य प्रकाशनका दृष्टिले कविको मृत्युपछि प्रकाशित पहिलो महाकाव्य मानिनछ । उक्त महाकाव्य वि.स. २०२४ सालमा प्रकाशन भएको हो । यस महाकाव्यको कथावस्तु ऐतिहासिक छ । यसमा ‘शाकुन्तल’मा र ‘प्रमिथस’मा जस्तो आदिम पुराकथा नभएता पनि ऐतिहासिक कथावस्तु भएकाले गर्दा मिथकीय कथावस्तु र शैली छ भन्न सकिन्छ । किनकी मिथकका विशेषताहरूमा उल्लेख भईसकेको छ मिथक ऐतिहासिक हुन्छ भनेर । यस महाकाव्यमा कविले हिन्दू संस्कृतिका बारे राष्ट्रिय विभूतिलाई जगाउने क्रममा भारतका परमवीर ऐतिहासिक पुरूष महाराणा प्रतापलाई महाकाव्यको नायकत्व प्रदान गरेका छन् । यसरी छिमेकी राष्ट्र भारतका ऐतिहासिक पुरूषको गाथागान गरेर नेपाली आन्दोलन र भारतीय आन्दोलन साथै रन्काइरहेको देखिन्छ । यस महाकाव्यमा राष्ट्रिय चेतना, स्वतन्त्रता, अनि स्वधर्मको रक्षाको लडाई देखिन्छ । त्यो ऐतिहासिक घटना र परिघटनाको संस्मरण गर्दै ऐतिहासिक, राजनैतिक, सांस्कृतिक र स्वराष्ट्रको मुक्तिका निम्ति वलिदान गर्ने क्रान्तिकारी चेतना यस महाकाव्यले प्रदान गरेको पाइन्छ ।

'पृथ्वीराज चौहान' महाकाव्य प्रकाशनका दृष्टिले सबैभन्दा पछि वि.स. २०४९ सानलमा प्रकाशित भएता पनि महाकवि देवकोटाको महाकाव्य यात्राको पूर्वाधको रचना हो । यो महाकाव्य वि.स. २००२-२००३ सालतिर लेखिएको देखिन्छ । महाराणा प्रताप जस्तै हिन्दू संस्कृतिका वीरहरूलाई जगाउने क्रममा पृथ्वीराज चौहान महाकाव्य लेखिएको देखिन्छ । यस महाकाव्यमा पनि ऐतिहासिकता र सांस्कृतिक परिवेश आएका छन् । त्यसैले यस महाकाव्यमा पनि मिथकीय रूप देखिन्छन् । यस महाकाव्यलाई लोकलयमा लेखेर पूर्वीय काव्यमान्यतालाई परिवर्तन गरिदिएका छन् । आख्यानीकरणका दृष्टिले यो महाकाव्य मध्यम स्तरको देखिन्छ । यस महाकाव्यमा पुर्खाहरूको संस्मरण गर्दै स्वधर्मको रक्षा गर्नु पर्ने जानकारी पाइन्छ । त्यसै गरी देशलाई बन्धनबाट मुक्त पार्नु पर्ने सन्देश पनि यस महाकाव्यमा पाइन्छ । अनि राष्ट्रिय स्वतन्त्रताका मुक्तिको स्थापना र अलिक मुक्तिका निम्ति प्राण आहुती गर्न पनि पछि नहट्ने वीरत्वपूर्ण प्राण भावनाको परिवेश यस महाकाव्यमा पाइन्छ ।

'वनकुसुम' महाकाव्य महाकवि लक्ष्मीप्रसाद देवकोटाको महाकाव्य-यात्राको चौथो महाकाव्यका रूपमा वि.स.२००३ सालमा लेखिएको र वि.स. २००५ सालमा प्रकाशित भएको देखिन्छ । शीर्षकबाट नै प्रकृतिकाव्यका रूपमा पस्तुत हुने यस काव्यमा देवकोटाले प्रकृतिलाई नै विषयवस्तु बनाएका छन् र यहाँको सन्दर्भ प्रकृतितर्फ महाकाव्यको देश, काल वातावरण राष्ट्रिय इतिहास र दन्त्यकथाको दोसाँधमा रहेको देखिन्छ । यस महाकाव्यमा आएका यी इतिहास र दन्त्यकथा दुबैले मिथकको विशेषता ग्रहण गरेकाले यस महाकाव्यमा मिथकको प्रयोग देखिन्छ । सत्ताका निम्ति दरबारिया षडयन्त्र र जालझेल, मानवताको क्रुर स्थितिको सर्वेक्षण गर्दै प्रकृतिमै देखिने सरलता र स्वच्छन्दता यस महाकाव्यमा प्रस्तुत भएको पाइन्छ । त्यसै गरेर यस महाकाव्यमा दरबारिया षडयन्त्र, छलकपट, ईर्ष्या, घृणा आदि पनि प्रस्तुत भएको देखिन्छ । यस महाकाव्यमा प्राकृतिक परिवेश र कृत्रिम परिवेशबीचका सभ्यताको झ-झल्को द्वन्दद्वारा भारदारगाथा र किसानगाथाको प्रस्तुति यसमा भएको पाइन्छ । वास्तवमा यस महाकाव्यमा ग्रामीण परिवेश र नगर परिवेशको द्वन्द गराई ग्रामीण परिवेशको विजय गराएका छन् ।

माथि प्रस्तुत गरिएका ६ वटा महाकाव्यलाई नियालेर हेर्दा महाकवि देवकोटाका महाकाव्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विभिन्न प्रकारका मिथकहरू आएका छन् । उनका महाकाव्यमा पूर्वीय सभ्यता, प्राचीन पाश्चात्य सभ्यता, स्वराष्ट्रको र धर्मको रक्षार्थ तैनाथ

बन्नु पर्ने ज्ञान पाइन्नछन् । त्यसै गरेर वीरताको प्रशंसा, प्रकृतिको संगत र मानवसँगको सामीप्यता पनि उनका महाकाव्यमा पाइन्छन् । ऋषि गाथा, देवगाथा, मानवगाथा जस्ता मिथकीय रूप पनि उनका महाकाव्यका विशेषता नै बनेका देखिन्छन् । त्यसैले महाकवि लक्ष्मीप्रसाद देवकोटाका सबै महाकाव्यहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भए पनि मिथक आएको नै पाइन्छ ।

## ४.२. शाकुन्तल महाकाव्यमा प्रयुक्त मिथक

मिथक परिवर्तनशील र विकासशील अवधारणा हो । एउटै मिथक धेरै लामो समयपछि कही फरक भएर युग सान्दर्भिक रूपमा देखा पर्न सक्दछ । त्यसैले शाकुन्तल महाकाव्यमा प्रयुक्त मिथक महाभारतकालीन राज्यसत्ताको प्रारम्भिक अवस्था भन्दा कलात्मक रूपमा विकास भएको देखिन्छ । देवसमाज र मानवसमाजको द्वन्दात्मक स्थितिलाई कालिदासमा आइपुग्दा परिवर्तन भएर शक्तिशाली राज्य, राजा, कमजोर नारीको स्थिति आदिमा पनि विकासशील रूप देखा पर्दछ । देवकोटाको समय महाभारतकाल भन्दा करिव तीन हजार वर्ष र कालिदासकाल भन्दा करिव पन्ध्र सय वर्ष पछिको समय हो । त्यसैले महाभारतको कालिदासकालीन समयको र देवकोटेली समयको सामाजिक मूल्य, राज्यव्यवस्था, शासकको स्थिति नारीको अवस्था आदिमा फरकपन पाइन्छ । यती हुँदाहुँदै पनि शाकुन्तल महाकाव्यसँग कालिदासकालीन समय बढी तुलनीय देखिन्छ । शाकुन्तल महाकाव्यमा शकुन्तलाप्रधान मिथक निर्माण भएको छ र यसलाई कालिदासकोले नै निर्माण गरेका हुन् । कालिदासले प्रयोग गरेको मिथकलाई देवकोटाले केही परिवर्तन गरेर आफ्नो युग सुहाउँदो बनाएका छन् । महाकवि देवकोटाले रचना गरेको 'शाकुन्तल' महाकाव्यमा शकुन्तला र दुष्यन्तको आख्यानमा पाइने विभिन्न मिथकहरू प्रयुक्त छन् । यस शाकुन्तल महाकाव्यमा प्रयोग गरिएका नवीन मिथकीय रूपलाई विभिन्न शीर्षकमा देखाउन सकिन्छ ।

### उषा र सूर्यको मिथक

शाकुन्तल महाकाव्यमा उषा र सूर्यको कथा मिथकीय रूप बनेर आएको छ । यस महाकाव्यमा प्रयोग गरिएका पात्र शकुन्तलालाई उषासँग र दुष्यतलाई सूर्यसँग तुलना गरिएको छ । यस महाकाव्यमा उषाको उदाहरण दिइएर शकुन्तलालाई पनि उषा जस्तै अत्यन्त सुन्दरीका रूपमा चिनाइएको छ । उषालाई सुन्दरीका रूपमा हेर्ने परम्परा ऋगवेददेखि नै पाइन्छ । त्यसै गरेर सूर्यलाई पुरूषका वा नायकका रूपमा हेर्ने परम्परा पनि

पापइन्छ । ऋग्वेदमा सूर्यलाई नारीका पछि लाग्ने पुरूष जस्तै उषालाइ पछ्याउनेका रूपमा चित्रण गरिएको पाइन्छ ।[२५] त्यसै गरी उषार्ला आकाशकी छोरी भनेर मानवीकरण गर्ने कार्य ऋग्वेकालदेखि नै भएको छ । प्राचीन समयदेखि नै उषा र सूर्यलाई मानवीकृत गरेर नायक नायिका वा पतिपत्निका रूपमा चित्रण गरिदै आएको पाइन्छ । वेद्मा कपन ऋषि र उषाको सम्बन्ध भएजस्तै महाभारतमा शकुन्तला र कपन ऋषिको सम्बन्ध देखिन्छ । मेनका र विश्वामित्रद्वारा परिव्यक्त शकुन्तलालाई पालन गर्ने व्यक्तिका रूपमा कण्व ऋषि नै आएका छन् । ऋग्वेदमा उषामो मानवीकरण भए जस्तै सूर्यलाई पनि मानवीकरण गरिएको छ । ऋग्वेदमा सूर्यलाई राजाका रूपमा चित्रण गरिएको छ । ऋग्वेदकै अर्को ठाउँमा पुरूषले नारीलाई पछ्याएजस्तै सूर्यले उषालाई पछ्याएको उल्लेख छ ।[२६] यसरी सूर्य र उषा आदिम समयदेखि मानवीकृत र अझ पतिपत्नि, नायकनायिका आदि रूपमा चित्रण हुँदै आएको छ ।

शाकुन्तल महाकाव्यमा माथि उल्लेख गरिएका उषा र सूर्यको मिथकलाई पृष्ठभूमि बनाई शकुन्तला र दुष्यन्तको मिथकलाई देखाइएको छ । जस्तैः “बोक्छन् काँधविशे उषा-छवि हुँदा लाली प्रभातीशिशु”[२७] “मानी लाज बनेर बादल उषा जस्ती बनिन्ती बधू”[२८] यस प्रकारका उषा र सूर्यको अनेकौ बिम्बद्वारा शकुन्तला र दृष्यन्तको सम्बन्ध बोध गराइएको छ । प्रायः गरेर नायकिय मिथकको स्रोत सूर्यमा पाइन्छ र सूर्यको उदय र अस्तले नायकको उदय र अस्तलाई सङ्केत गरेको पाइन्छ । शाकुन्तल महाकाव्यमा नायकीय गुणको सादृश्य सूर्यसँग देखाइएको छ । सूर्यले अन्धकार नाश गरेजस्तै नायकले शत्रुको विनास गर्ने सूर्यका किरण फैलिएजस्तै नायकका वाण फैलिने आदि गुणले आदिम नायकीय मिथक सूर्यबाट उत्प्रेरित भएको देखिनछ । नायकलाई सूर्यजस्तो उज्यालो र शत्रु वा खलनायकलाई अन्धकारसँग सादृश्य देखाउनुले नायकीय मिथकको उत्पत्ति सूर्यबाट अन्धकारबाट उत्प्रेरित भएको देखिन्छ । उषा र सूर्यको मिथक आदिम मानवले गरेका छन् । त्यही आदिम मिथकबाट वेदकालीन दुष्यन्त र शकुन्तलाको मिथक बने । त्यसपछि आफ्नो सामााजिक परिपाटी अनुसार महाभारतकालीन र कालिदास कालीन दुष्यन्त र शकुन्तलाको मिथक बने । तिनै मिथकहरूलाई हेरेर देवकोटाद्वारा नेपाली सन्दर्भअनुकूल मिथक निर्माण

२५. ऋग्वेद, १ मण्डल ११५/२ ।
२६. ऋग्वेद, १ मण्डल, ११५/२ ।
२७. लक्ष्मीप्रसाद देवकोटाः शाकुन्तल महाकाव्य, सर्ग ६, श्लोक ३५ पृ.६५ ।
२८. लक्ष्मीप्रसाद देवकोटाः पूर्ववत, सर्ग १६ श्लोक ३४ पृ. २०७ ।

गरेर महाकाव्य लेखेको देखिन्छ, देवकोटाद्वारा सिर्जना गरिएको शाकुन्तल महाकाव्य युगचेतनाले भरिएको छ । यसमा कालिदासद्वारा विकसित मिथकीय रूप देखिन्छ ।

## प्रणय मिथक

'शाकुन्तल' महाकाव्यमा प्रणयमिथक पनि आएको छ । यस महाकाव्यमा लक्ष्मीप्रसाद देवकोटाद्वारा दुष्यन्त र शकुन्तलाको मिथकलाई प्रणय मिथकका रूपमा उपयोग गरिएको छ । मानवमा रतिभाव आदिम मानिन्छ र मिथकमा मानवीय इच्छा-आकांक्षा एवं रत्यादि भावनै व्यक्त भएका हुन्छन् । यस महाकाव्यमा दुष्यन्त र शकुन्तलाको मिथकको मानवीय रतिभाव प्रणय मिथकका रूपमा व्यक्त भएको छ । यस प्रणयमिथकमा अन्य मिथकहरू जस्तैः शिकार विषयक, स्मृतिविस्मृति, संस्कृति आदि विभिन्न मिथकीय रूपहरू मिलेका छन् र सिङ्गो दुष्यन्त-शकुन्तला मिथक बनेको छ । महाभारतमा कालिदासको नाटकमा र देवकोटाको शाकुन्तल महाकाव्यमा प्रणयमिथक केही फरक हुँदै आएको छ । महाभारतमा एउटा बीर योद्धाले एउटी सुन्दरी प्राप्त गरेको छ भने कालिदासको नाटकमा एउटा प्रेमी राजाले आफ्नो रूप, गुण, कुलअनुरूपको प्रेमिका रानी प्राप्त गरेको छ । शाकुन्तल महाकाव्यमा भने प्रेमी राजाले स्वच्छ अगाध प्रेमको प्रतिमूर्ति प्रेमीकालाई प्राप्त गरेको छ । देवकोटा राज्यवैभवको कुनै पनि पक्षलाई महत्व दिँदैनन् । देवकोटाक निम्ति सम्पति पैतालाको धुलो बराबर हो । त्यसैले राजा दुष्यन्तले शकुन्तलालाई बिर्सिएर पैसाको लोभ देखाई छुटाउन खोज्दा शकुन्तलाका मुखबाट धनको तुच्छता एवम् प्रेमको महत्व दर्शाइएको छ । जस्तैः

भनेको सुन्दा ती विरह झैं टल्पल गरी
पुकारा गर्छिन् "हा ! धन पयरको पांशु छ हरी
थियो जो मेरो यो रतन रवि जस्तो त्रिभुवनी
गुमाएँ त्यै हीरा धन अरू धुलो हा"[२९]

शाकुन्तल महाकाव्यमा प्रेमलाई पवित्र स्वीकारिएको छ र प्रेमको दिव्य मिथक स्थापित गरिएको छ । अभिज्ञान शाकुन्तलमा दुष्यन्त र शकुन्तलाको भौतिक सौन्दर्यमा आकर्षित देखिन्छन् । दुष्यन्त र शकुन्तलाको सम्बन्ध भोक्ता र भोग्या? रूपमा प्रस्तुत गरिएको छ । स्वयम् दुष्यन्तका मुखबाट शकुन्तलालाई नसुँघिएको फूल, नचिमोटिएको

२९. पूर्ववत, सर्ग २२ श्लोक १९० पृ.३०३

कोपिला, नछेडिएको रत्न, नचाखिएको मधु आदि उपमानद्वारा पाँच इन्द्रियद्वारा उपभोग्य वस्तुका रूपमा वर्णन गरिएको छ ।[३०] तर देवकोटा भने भोक्त-भोग्य सम्बन्धबाट माथि उठेर शकुन्तलाको प्रेमको अनुपम सौन्दर्य वर्णन गर्दै आत्मिक प्रेमको अविचलित महिमा गान गर्दछन् । कण्व ऋषि शकुन्तलालाई गृहस्थ जीवनको अर्तिबुद्धि भन्दा पनि व्यक्तिको विशिष्ट गुणमा जोड दिन्छन् । शकुन्तलाको विदाइमा "सुखसित गए प्रेमका साथ सम्भें" भनेर प्रेममा नै जोड दिइएको छ । राजा दुष्यन्त अभिज्ञान शाकुन्तलमा जस्तो शकुन्तलाको सौन्दर्यमा आकर्षित भएर भोगवादी दृष्टि राख्नुको सट्टा आत्मिक मिलनको महत्वले शकुन्तलाप्रति आकर्षित हुन्छन् । देवकोटा दुष्यन्त र शकुन्तलालाई भोक्ता र भोग्य भावद्वारा वर्णन नगरेर प्रेम र आत्मिक मिलनको भावद्वारा आकर्षित गराउाछन् । शकुन्तलाको दर्शनले मोहित भएका राजा दुष्यन्त वन्यजीवनको महत्व प्रकट गर्दै आफू त्यही बस्ने इच्छा प्रकट गर्दछन् । जस्तैः

तप, जपसित बस्दा मोहिनी दिव्य आई
हृदयकन छुनेछन् प्रेम भैं मुस्कुराई
जुन ऋषिहरू खोज्छन् वन्य मीठो विभूति
नयननिकट बन्छिन् आज मेरी यहीँ ती ।[३१]

राजा दुष्यन्त शकुन्लतासँग मात्र आकर्षित छैनन । उनलाई आफ्नो राज्यका धनसम्पत्तिभन्दा वनका मोती, पन्न अनमोल भएको धारणा व्यक्त गर्दछन् आफ्नो राज्यमा झिलिमिलि भएता पनि उनले खल्लो मानेका छन् । अनि प्रकृतिलाई शान्ति प्राप्त गर्ने ठाउँ भनेका छन् । त्यसै गरि प्रकृतिमनै मधुर लय र गला छन् त्यसैले यो प्राकृतिक राज्य अपार छ भनेका छन् । जस्तैः

झिलिमिलि न छ खल्लो चाहना चारूथो। ।
प्रकृति गति र गाना हान्तिको तुल्य शोर ॥
ऋषिमहल हरीयो पात झुम्का सिँगार ।
विटप विविध खम्बा कुञ्ज खोपी हजार ॥
सुखद विपिनवल्ली छन् नटी बैंसदार ।
मधुर लय गला छन् राज्य यो क्या अपार ॥[३२]

---

३०. कालिदास, २००४: १८२ ।
३१. लक्ष्मीप्रसाद देवकाृटा, पूर्ववत, सर्ग १३ श्लोक ५ पृ. १३६ ।
३२. लक्ष्मीप्रसाद देवकोटा, पूर्ववत, सर्ग १३ श्लोक २० पृ. १३८ ।

राजा दुष्यन्त ऋषिआश्रमको अलौकिक सम्पत्ति र वनवासीको अभौतिक प्रेमले वशीभूत भएका देखिन्छन् । त्यसैले आफ्ना सहयोगीहरूलाई आश्रमका मञ्जरीहरूमा प्रेमपूर्वक कान थापेर ऋषिहरूको वार्ता सुन्न आग्रह गर्दछन् ।

यसरी शाकुन्तल महाकाव्यमा राजा दुष्यन्तलाई कण्व आश्रमको शान्ति र प्रेममय वातावरण एवम् शकुन्तला र उनका सखीहरूको निश्छल र निष्ठावान प्राकृतिक प्रेमप्रति आकर्षित गराइएको छ । त्यसै गरी भौतिक विलास र राज्यवैभवभन्दा आत्मिक प्रेमलाई जोड दिइएको देखिन्छ । कालिदासको सायमा भएको उदार गार्हस्थ प्रेम र भोग भोक्ता भावको विलासी मिथक देवकोटाको समयमा निश्छल आतित्मक, अमर अखभौतिक प्रेमको मिथकमा रूपान्तरण भएको पाइन्नछ ।

## दिव्य र अदिव्य मिथक

प्रायः गरेर सबै संस्कृतिका मिथकहरूमा आकाश धर्ती, देवता मनुष्य, इश्वर र मानव आदि अलौकिक र लौकिक बीचको कुनै न कुनै सम्बन्ध देखिन्छ । पूर्वीय मिथक परम्परामा पनि यस्ता दिव्य र अदिव्यबीचको मिथक प्रशस्त पाइन्छन् । यस्तै मिथकमध्ये शकुन्तला र दुष्यन्तको मिथक पनि हो । शाकुन्तलको मिथकमा दिव्यादिव्यको वा अलौकिक र लौकिक बीचको सम्बन्ध पाइन्छ ।

शाकुन्तल महाकाव्यमा प्रकरीका नायक-नाइकाका रूपमा रहेका र मूलकथावस्तुको पृष्ठभूमि रूवरूप भएका विश्ववामित्र र मेनका मानवीय तथा अतिमानवीय पात्रका रूपमा देखिन्छन् । विश्वामित्र यस धरतीका उपज हुन् साधारण पानिस हुन् तर कठोर तपस्याद्वारा स्वर्ग विजयी बन्न चाहन्नछन् । धर्तीको सारा सुख वैभव अपुरो छ र पार्थिव छ । त्यसैले यहाँको नाशवान विषयलाई त्यागेर वैभवको खोजीमा विश्वामित्र समाधिस्थ छन् । जस्तैः

जरा भै पृथ्वी मधुर रसले तुष्ट नभई ।
उठूँ छाडी छोटा विषयधन यी पार्थिव भनी ॥
सबैलाई राम्रा कुसुमधन झार्दा नृपवर ।
जगत्को निद्रामा तरूसरि समाधिस्थ अब छन् ।[३३]

विश्वामित्रको त्यो तपस्या मर्त्यबाट अमरत्वको खोजी हो । यो मानवले क्षणिक

३३. लक्ष्मीप्रसाद देवकोटा, पूर्ववत, सर्ग २, श्लोक २०, पृ. १३ ।

विषयभोगबाट उठेर शाश्वत एवम् अमर कर्मको खोजी गरेको मिथक हो । विश्वामित्र र मेनकाजस्ता मानव र अतिमानवबाट शकुन्तलाको जन्म भएको छ । शकुन्तलाको रूप, गुण र सौन्दर्य आदि अतिमानवीय छन् भन्ने कुरा कालिदासद्वारा पनि उल्लेख गरिएको छ । जस्तो "मनुष्य जातिमा यस प्रकारको सौन्दर्य कसरी सम्भव हुन्छ जसरी दीप्तिले विजुली पृथ्वीबाट जन्मन सक्तैन ।"[३४] यस कालिदासीय कथनबाट शकुन्तलामा दिव्य सौन्दर्य पाइन्छ । देवकोटाद्वारा शकुन्तलाको सौन्दर्य वर्णनमा पूरै सर्ग खर्च गरिएको छ । शकुन्तलाको बाल्य सौन्दर्यमा सम्पूर्ण जगत्को रहस्य नै अनुभूत गरिएको छ । जस्तो:

यौटैं चित् छ समस्त रश्मि रँगिदो त्यो रङ्ग हीरो हुँदो ।
बल्दो धप्प छुँदो शशी, रवि कही खोला बनी भङ्गिँदो ॥
झल्की दीप्ति झलक्क झल्किइदिंदो त्यस्तै मिही मुस्किंदो ।
फुल्दो मूल बनी रहस्य भवको खोली मिही फुस्किँदो ॥

विश्वामित्रको तपस्याले मानवविकासको प्रागइतिहासकालीन अवस्थालाई सङ्केत गर्दछ । शक्तिलाई केन्द्रीकृत गरेर बसेका वशिष्ठजस्ता ब्रह्मषिका विरूद्धमा कठोर सङ्घर्ष गरेर विजय प्राप्त गर्ने विश्वामित्र तत्कालीन गतिशील एवम् सङ्घर्षशील चेतनाको द्योतक बनेको छ । सङ्घर्षको यात्रामा निस्केको मानवलाई षड्यन्त्र, बाधा व्ययधान धोका भएको छ र त्यो हिजोको मानवका निम्ति अदृश्य, दैवी वा नियतिजन्य बाधा थियो भने आजको सुझ-बुझयुक्त मानवका निम्ति निरङ्कुश शासक वा शक्तिसम्पन्न सामन्त नै बाधक तत्व बनेको छ । देवकोटा आदिम विश्वामित्रको तपस्यामा बाधक बनेको दैवी शक्तिलाई स्पष्टरूपमा निरङ्कुश शासकमा आरोप गर्दछन् । यसरी शाकुन्तल महाकाव्यमा आकाङ्क्षाको सङ्गमका रूपमा चित्रण हुन पुगेको छ ।

## शाकुन्तल महाकाव्यको कथावस्तुमा पाइने मिथक

शाकुन्तल महाकाव्यको कथावस्तुको मूल स्रोत महाभारत हो भने कालिदासद्वारा गरिएको कलात्मक परिष्कारलाई पनि अङ्गीकार गरिएको छ । यहाँ मूल कथावस्तुका रूपमा दुष्यन्त र शकुन्तलाको संयोग-वियोग र पुनःसंयोग रहेको छ । नायक नायिका प्रणयप्रसङ्गमा केन्द्रित भएकाले यहाँसँग सम्बन्धित मिथकीय वस्तुढाँचा यहाँ प्रयोग गरिएको देखिन्छ ।

३४. लक्ष्मीप्रसाद देवकोटा, पूर्ववत, सर्ग ५, श्लोक ४५, पृ. ५८ ।

शाकुन्तल महाकाव्यमा पाइने मिथकीय कथावस्तु शकुन्तलाको रहस्यमय जन्मप्रसङ्ग एक हो । यस महाकाव्यमा सांसारिक सुखवैभवबाट मुक्त हुन चाहने र स्वर्गीय वैभवको खोजीमा लागेका तपस्वी विश्वामित्रको तपस्या खण्डित गर्दै अमर्त्य मेनकासँगको शकुन्तलाको सौन्दर्यको व्यञ्जना गम्य अनुपम वर्णन गरिएको छ । विश्वामित्र र मेनकाको सङ्गमबाट जन्मिएकी शकुन्तला दिव्यसौन्दर्यकी मूर्ति हो । यसरी नै दुष्यन्त मानव भएर पनि निर्वाध स्वर्गको यात्रा गर्न सक्ने पराक्रमी व्यक्तिका रूपमा चित्रण गरिएको छ । शकुन्तला मानवीय सौन्दर्यचाहनाको प्रतिमूर्ति हो र अनुपम सङ्गम हो । मानव पनि तपस्या र आफ्नो बलपराक्रमद्वारा देव बन्न सक्ने र स्वर्गीय भोग गर्न सक्ने कुरालाई विश्वामित्रको तपस्या र दुष्यन्तको स्वर्गयात्राको सन्दर्भबाट देखाइएको छ । देवत्व मानव आकाङ्क्षाकै उच्चतम रूप हो जुन मानिस स्वयम्ले आफ्ना तप, संयम र अन्तर्बलले प्राप्त गर्दछ । युद्ध, हिंसा क्षुद्र, उपभोगवादी चिन्तन आदि पक्षहरू मानवीय सीमा हुन् । तिनलाई युद्धबाट विरत विश्वामित्रको तपस्याबाट व्यक्त गरिएको छ । त्यसै गरी कण्वआश्रममा पुगेका दुष्यन्तलाई आफ्नो नागर वैभव र प्रासादीय सुखसम्पदा सामान्य महसुस भएको छ । तर प्राकृतिक सम्पदामा अनन्त सौन्दर्य प्राकृतिक छटाहरूले भरीपूर्ण भएकाले सुख भएको कुरा दुष्यन्तले व्यक्त गरेका छन् । आदिम मानवले प्रकृतिबाट नै दिव्यताको अनुभूति गरेको हो तसर्थ देवकोटा दिव्य र अदिव्यबीचको भिन्नतालाई कर्मबादी सिद्धान्तद्वारा सिद्धि चाहन्छन् । कामबाटनै मानवले अनेकौ अँध्यारा पक्षहरूबाट मुक्ति पाउने धारणा व्यक्त गरिएको छ । जस्तोः

गए फ्याँक्दै फ्याँक्दै तहतह अनेकौं तिमिरका ।
उडे पत्रे बोक्रा, जब ऋषि बसे शान्त तपमा ॥
उडेका ती आत्मा सुरपुरतिरै उन्नत भई ।
उठे बज्रीलाई अब भय महाभीषण दिई ॥[३५]

यसरी विश्वामित्र तपस्यामा लीन हुँदा अनेकौ अन्धकारका बोक्रा उडेको र स्वर्गीय उचाइतर्फ आत्मा उडेको भाव व्यक्त गरिएको छ । विश्वामित्रको उक्त समस्याले मानवविकासको आदिम काललाई सङ्केत गर्दछ । त्यसै गरी मेनकाद्वारा शकुन्तलालाई वनमा छोडेर गएपछि नरभक्षी बाजले बालिकालाई झम्टेको र अन्य पक्षीहरूद्वारा लालनपालन गरिएको हुँदा पछि उनको नाम शकुन्तला रहन गएको पाइन्नछ । शकुन्तलाको

३५. लक्ष्मीप्रसाद देवकोटा, पूर्ववत, सर्ग २, श्लोक ३१, पृ.१५ ।

अद्भूत जन्मसन्दर्भले महाकाव्यीय गरिमालाई वृद्धि गरेको छ । नायिका प्रधान महाकाव्य भएकाले यहाँ दुष्यन्तको जन्मप्रकरण नभएर शकुन्तलाको छ । संसार भरिकै मिथकहरूमा मिथकीय नायक नायिकाको जन्ममा दिव्य रहस्य लुकेको हुन्छ । त्यसैले शकुन्तलाको जन्मप्रकरण संसारकै मिथकीय वस्तुमा पाइने ढाँचा भएकाले यो मिथकीय रूप बनेको हो ।

शाकुन्तल महाकाव्यमा पाइने अर्को मिथकीय प्रसङ्ग यात्रावृत्तान्त हो । यात्रा मिथक संरचनाको एउटा महत्वपूर्ण पक्ष मानिन्छ । विशेष गरेर नायकले सामाजिक कल्याणका निम्ति कष्टपूर्ण यात्रा गर्नु परेका घटनाहरू मिथकमा देखिन्छन् । यात्राका क्रममा नायकले अनेक कष्ट र यातना भोग्दै परिपक्क, धीर एवम् असामान्य व्यक्तित्वका रूपमा देखिन्छ भने अचानक लाभ सुखद परिस्थिति र जीवनका लागि नयाँ मोड प्राप्त गरेको पनि देखिन्छ । शाकुन्तल महाकाव्यको दशौं सर्गमा राजा दुष्यन्त राजकाजबाट केही विश्रान्ति लिनका निम्ति सिकारयात्रामा निस्किन्छन् । विशाल सैन्य दलबलका साथमा निस्किएका राजा दुष्यन्त मृगको पछि दौडदा दौडदै कण्वआश्रममा पुग्दछन् । आश्रमको वैभवले र शकुन्तलाको सौन्दर्य र हाउभाउले ,दुष्यन्त मोहित हुन्छन् । यस महाकाव्यमा राजा दुष्यन्त सहरबाट वनतर्फ यात्रा गर्ने भएकाले यहाँ नागरसभ्यता र वन्य सभ्यताका भिन्न-भिन्न पक्ष प्रकट भएका छन् । दुष्यन्त वनको मनोरम प्राकृतिक छटा देखेर लोभिन्छन् । आफ्नो राज्य नफर्कने भाव सर्ग १३ को श्लोक ५ देखि २० मा व्यक्त गर्दछन् । राजा दुष्यन्तका दष्टिमा आफ्नो महल पनि खल्लो लाग्दछ भने नागरजीवन धूर्त, छट्टु, भड्किलो, बोक्रे, झिलिमिली भएको लाग्दछ । जस्तै :

महल छ सब खल्लो छट्टुको राज्य जस्ता ।
रंगहरू अति चड्का, पौर छन् चाल सस्ता ॥
झिलिमिली सब बोक्रा, बैंस खोक्रा त्यहाँका ।
सुमन मृदु खिरीला डाँठमा छन् यहाँका ॥[३६]

यसरी राजा दुष्यन्तको यात्रामा वीरता भन्दा पनि सौन्दर्य प्राप्तिमा उपलब्धी देखिन्छन् । वनमा रहेको ऋषिको आश्रममा बसेर वनवासीको साथमा रमाउन चाहने भाव दुष्यन्तद्वारा व्यक्त गरिएको छ । यस प्रकारको यात्रावर्णन आदिम मिथकका रूपमा यस महाकाव्यमा पाइन्छ ।

---

३६. लक्ष्मीपसद देवकोटाः पूर्ववत, सर्ग १३, श्लोक ६४, पृ.१४६ ।

शकुन्तल महाकाव्यमा आउने अर्को मिथकीय कथा देवदानवको युद्ध हो । त्यसै गरी देवता र दानवको युद्ध सँगसँगै स्वर्गका सन्दर्भहरू पनि आउँछन् । मिथकमा अतिमानवीय पक्षको प्रवलता पाइन्छ र देवताको जन्म, क्रीडा, प्रेम-प्रणय, मानवप्रति दया र घृणा, देवदानव युद्ध आदि अनेक पक्षहरू मिथकमा देख्न सकिन्छ । विश्वामित्रको तपस्याप्रति देवराज इन्द्र ईष्यालु भएर देखा पर्दछन् भने उनको तपस्या भङ्ग गरी दिव्यत्व प्राप्तिको लक्षभङ्ग गरेको पाइन्छ । यसले मानवप्रति देवताहरूको ईष्यालाई सङ्केत गरेको छ । त्यसैगरी शाकुन्तल महाकाव्यमा राजा दुष्यन्त दानवहरूसँग युद्ध गर्न स्वर्ग गएको प्रसङ्ग छ । देवकोटाारा दुष्यन्तको स्वर्गीय यात्रामा सात लोकको वर्णन गरिएको छ र यसदाई लाक्षणिक रूपमा देखाउन खोजिएकको छ । महाकवि देवकोटाद्वारा स्वर्ग पृथ्वी, जल, वायु, अन्धकार, रजस हुँदै शुचि अर्थात पवित्र तह पार गरेपछि आनन्द लोक पुगिन्छ र यही आनन्दलोक नै स्वर्गभूमि हो भन्ने देखायएको छ । उनले देव र दानवहरूप्रतिको परम्परागत मिथकीय धारणासँग नवीन दृष्टिकोण समेत प्रस्तुत गरेका छन् । दैत्यहरूलाई काला, ध्वाँसे, डरका विकराल मूर्ति लामा दाह्रा किटेका, रिसले गर्जना गर्ने जस्ता बिम्बहरू प्रस्तुत गरिएको छ । त्यसरी नै देवतालाई सत्का रूपमा देखाइएको छ । सत्य र असत्यका आधारमा देवत्व र दानवत्व छुट्टयाउँदै सत्का पक्षमा दुष्यन्त लडेको र सत् पक्षको विजय भएको देखाइएकको छ ।

शाकुन्तल महाकाव्यमा मिथकीय प्रतिकहरू पनि पाइन्छन् । नेपाली समाजमा प्रचलित विभिन्न प्रकारका देवताका रूपहरू नै देवप्रतिकका रूपमा रहेका देखिन्छन् । चन्द्र, सूर्य, आकाश, धरती, इन्द्र, वायु, ब्रह्मा, विष्णु, महेश्वर आदि देवताहरू अनेक सन्दर्भमा प्रतीकात्मक रूपमा प्रयोग भएका देखिन्छन् । शाकुन्तल महाकाव्यमा विशेषतः इन्द्रको सन्दर्भ बढी मात्रामा दाहोरिएको देखिन्छ

इन्द्रलाई षड्यन्त्रकारी शासक, बीर, इर्श्यालु व्यक्ति आदि अनेक रूपमा देखाइएको पाइन्छ । पूर्वीय परम्परामा वैदिक कालमा इन्द्र शक्तिशाली देवताका रूपमा रहे पनि पौराणिक कालका इन्द्र छली, कातर, कुटिल, व्यवहार गर्ने देवताका रूपमा रहेको देखिन्छ । इन्द्रलाई विलासीको प्रतीकका रूपमा पनि चित्रण गरिएको छ । जस्तैः

परीका गाला झैं रसमधुर प्यालाहरू लिई

विलासीका नेता त्रिदशपति निर्धक्कसँग ती

सुगन्धी स्वर्गैको अमरपुरमा दिव्य महल

बनाई राज् गर्थे तर डर पसी विह्वल बने ।[३७]

यहाँ इन्द्र विलासी वर्गका नेताका रूपमा चित्रित छन् । दिव्य महलमा बसेर राजगर्ने प्रतीकात्मक अभिव्यक्तिबाट इन्द्र तत्कालीन विलासी राणा शासकको प्रतीक बन्न पुगेको छ । त्यसै गरी मेनकाको स्वभाव, भोग, सत्ता, आनन्द, विलासीता सांसारिक माया आदि अनेक अर्थमा विचित्र किसिमको देखिन्छ । विश्वामित्रको तपस्या भङ्ग गर्ने र सांसारिक सुखमा भुलाउने मायावी शक्तिका रूपमा मेनकाको प्रतीक स्थापित भएको देखिन्छ । देवकोटाको दृष्टिमा देवत्व भोग, सत्ता, सत्य, सौन्दर्य आदि अनेक प्रतीकका रूपमा रहेको देखिन्छ । देवब्रतीका माध्यमबाट देवकोटाले समाजमा स्थापित दैवी चिन्तनको ठाउँमा त्यसको वास्तविक अर्थ पहिल्याउने कार्य गरेको देखिन्छ । स्वर्ग मानवीय लक्ष्य भए पनि सीमित मानवबाट स्वर्गको आधिपत्य कब्जा गरिएको र त्यसबाट श्रमिक सर्वसाधारण वञ्चित हुनु परेको भाव महाकाव्यमा व्यक्त गरिएको छ ।

माथि वर्णन गरिए अनुरूप शाकुन्तल महाकाव्यमा दुष्यन्त र शकुन्तलाको मिथकमा केन्द्रित महाकाव्यीय मिथक नवीन सन्दर्भसहित युगीन बन्न पुगेको छ । आदिमसमयको उषा र सूर्यको मिथक अहिलेको समयमा दुष्यन्त र शकुन्तलाको मिथक बन्न पुगेको देखिन्छ । यस महाकाव्यमा महाकाव्यीय स्वरूप प्रदान गर्नका निम्ति कथावस्तु, चरित्र, परिवेश, प्रतीक आदि तत्वहरूलाई मिथकीय रूप दिइएको छ । कथावस्तुमा रहस्यमय जन्मवृत्तान्त, यात्रा वर्णन मिलन र विरह जस्ता मिथकीय कथावस्तु पाइन्छन् ।

## ४.३. सुलोचना महाकाव्यमा प्रयुक्त मिथक

महाकवि लक्ष्मीप्रसाद देवकोटाको दोस्रो महाकाव्यका रूपमा सुलोचना महाकाव्य देखा पर्दछ । यो महाकाव्य वि.स. २००२ मा रचना गरिएको हो भने वि.स. २००३ मा प्रकाशित भएको हो । सुलोचना महाकाव्य कवि देवकोटाको मौलिक सामाजिक महाकाव्य हो । यस महाकाव्यको विषयवस्तु सामाजिक बनाइएता पनि कता कती दन्त्य कथालाई पनि ठाउँ दिइएको पाइन्छ । यस महाकाव्यमा प्रयोग गरिएको मिथकलाइ नियाल्दा मौलिक वा परम्परित मिथक नभएर कविकल्पित मिथक आएको छ । महाकवि देवकोटाले सामाजिक मौलिक विषयवस्तु ग्रहण गरेर त्यसलाई कथात्मक मिथकीय रूप ग्रहण गरेर

---

३७. लक्ष्मीप्रसाद देवकोटा, पूर्ववत, सर्ग २, श्लोक ३४, पृ.१५ ।

त्यसलाई कथात्मक मिथकीय रूप दिइएका छन् । यस महाकाव्यमा पाइने कविकल्पित मिथकलाई यसप्रकार प्रस्तुत गरिएको छ :

## पुरानो पुस्ता र नयाँ पुस्ता

सुलोचना महाकाव्यमा परम्परागत मान्यतालाई यथावत राख्न चाहने पुस्ता पुरानो र परिवर्त्तन ल्याउन चाहने नयाँ पुस्ता बीच भएको द्वन्द्वलाई देखाइएको छ । यस महाकाव्यमा खास गरेर परम्परागत मान्यतालाई यथावत राख्न चाहने पात्रहरू शत्रुमर्दन र मखनाले प्रतिनिधित्व गरेका छन् । त्यसै गरेर नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने पात्र सुलोचना र अनङ्ग हुन् । यी पात्र सुलोचना र अनङ्ग अंग्रेजी शिक्षा समेत हासील गरेका शिक्षित व्यक्ति हुन् । त्यसैले उनीहरू नयाँ दुनियाँ बुझेका तथा परम्परागत मान्यतामा परिवर्त्त गर्ने र नया जीवन मूल्य अँगाल्न चाहाने व्यक्ति हुन् । बूढो पुरानो पूस्ताको प्रतिनिधित्व गर्ने पात्र शत्रुमर्दन र मखनाले सुलोचनालाई तिनको इच्छाविरूद्ध विलासहिंहसित जवरजस्ती विवाह गरिदिएका छन् । यस घटनाबाट पहिले उक्त नयाँ पुस्ताको हार र पुरानो पुस्ताको विजय भएको देखिन्छ । पछि विलाससिंहले अपराध बोधका कारण आत्म हत्या गरेको छ । त्यसपछि मृत्युशयामा परेकी सुलोचनालाई हेर्न आएका मखनालगायत सबैले पश्चात्तापको बलिन्द्र धारा आँसु बगाएको छन् । जस्तैः

आँधिका जलदको घट जस्तो ।
थोर आँसु मुटुका बरररर ॥
छाल नै रूधिरका दुखदार ।
जो निशाभर छचल्किन जान्थे ।[३८]

उक्त घटना द्वारा सुलोचनाहरूको नयाँ पुस्ता हारेर पनि जितेको र शत्रुमर्दनको पुरानो पुस्ता जितेर पनि हारेको दर्शाईएको छ । यसबाट विद्रोह र नयाँ मूल्य मान्यताप्रतिको आग्रह तथा समाजसुधारको चेतना छर्लङ्गिएको देखिन्छ ।

## आत्मिक प्रेमको मिथक

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित प्रस्तुत सुलोचना महाकाव्यको आधिकारिक कविकल्पित मिथक चाहि प्रेमको पाइन्छ । उनले यस महाकाव्यको तृतीय सर्गदेखि प्रेम कथा प्रसङ्ग शुरू गरेका छन् । यस महाकाव्यको नायक मध्यमवर्गीय शिक्षित

---

३८. लक्ष्मीप्रसाद देवकोटा सुलोचना महाकाव्य सर्ग ७ श्लोक ५०,पृ ११४ ।

युवक अनङ्गनाथ खत्री हुन् । त्यसै गरी नायिकाचाहि उच्चवर्गीय शिक्षित सुन्दरी युवती सुलोचना हुन् । यी दुवै नायक नायिका आत्मिक प्रेम गर्दछन् । तर त्यो प्रेम थाहा पाएर पनि सुलोचनाका बाबु कप्तान शत्रुमर्दनले अनङ्गको अपमान गर्दछन् । जस्तैः

"तँ छस असल हे गुण्डो! तरूनी होस फकाउने ।

नआजा ! घरमा मेरो नपसेस कान्धने तँ को ,

मेरो अगाडि यो फूर्ति देखाएर बडो हुने ?

तँ जस्ता लाख छन् मेरो घरमा पनि नोकर ।

साथी हजार पाइन्छन् मुढेको कन्धने तँ जा ।

बाटो खुला छ , आ फेरी खुट्टा काटी पठाउँछु ।

ए गुण्डा !गइहाल जा !"[३९]

यस प्रकार सुलोचना र अनङ्गको आत्मिक प्रेम माथि गरिएको हमलाले यी दुवैको जीवन बरालिएको छ । त्यसपछि बाबु आमाका करकापले कर्णेल प्रतापसिंहका छोरा विलाससिंहसित विवाह गर्न सुलोचना बाध्य हुन्छिन, । पतिघरमा सुलोचना यातनामय जीवन यापन गर्न थाल्दछिन । यता अनङ्गको पनि जीवन सुलोचनालाई प्राप्त गर्न नसकेर र अनङ्ग र सुलोचनाको मिलनमा आफू बाधक बनेको अपराध -बोधद्वारा पिडीत विलाससिंहले आत्महत्या गर्दछ । विलाससिंहको मृत्यु भएपछि मरणासन्न अवस्थामा पुगेकी सुलोचनाले आर्यघाटमा न भन्न न बौलाहा भन्नुजस्ता अनङ्गको झुलुक्क दर्शन पाएपछि प्राण त्याग गर्दछिन् ।

यसरी सुलोचना र अनङग बिचको आत्मिक प्रेमलाई पुरानो पुस्ताले नबुझ्दा सुलोचनाको तथा विलाससिंहको दुःखद निधन भएको छ भने अनङ्ग बौलाहा जस्तै बन्नु परेको छ । त्यसैले प्रस्तुत महाकाव्यको आधिकारिक कथावस्तुले मुख्यतया भौतिकता मूल्यवान, हुन्छ भन्ने देखाएको छ । मन वा आत्मा एकातिर र तन वा शरीर अर्कातिर परेमा अथवा तन र मनका बीच सामन्जस्य कायम रहन नसकेमा जीवन त्यसै समाप्त हुने मूलभाव पाइन्छ । त्यसै गरी प्रेमको अर्को कथा सहायक कथाका रूपमा गाँसीएर आएको छ । त्यस कथाका अनुसार माइत बसेकी विधवा युवती बिजुली घरकै नोकरबाट गर्भवती

---

३९. लक्ष्मीप्रसाद देवकोटा , पूर्ववर्त, सर्ग ४,श्लोक ६१, पृ , ७० ।

बनेपछि सुन्दरीजलमा ज्यापू ज्वानुको झोपडीमा सुटुक्क लगेर राखिएकी हुन्छे । अनि घुम्दै त्यहाँ पुगेका तिमिरमर्दनले यसरी यस पतका भागमा आएको छोटो मिथकले चाहिँ मनका सदभावना र प्रेमलाई महत्व दिइएको देखिन्छ । अनि विधवा- विवाहको समर्थन गर्नुपर्छ भन्ने भाव प्रष्ट देखिन्छ । यसबाट कविको भौतिकता भन्दा मन वा आत्मा र आत्मिक प्रेमप्रतिको अभिमुखता र वैचारिक क्रान्ति तथा समाजसुधारको भावना प्रकटिएको प्रस्ट हुन्छ ।

**प्रतीकात्मक मिथक**

महाकाव्यमा प्रस्तुत गरिएका कथावस्तु, पात्र, परिवेश तथा संवाद आदि देवकोटा कालीन समाजको प्रतिरूप जस्तो देखिन्छ । यस महाकाव्यको परिवेशलाई हेर्दा १९९७ सालतिरको रणाकालीन नेपालको जस्तो देखिन्छ । त्यसमा पनि खास गरेर काठमाडौँली संक्रमणकालीन समाजको परिवेश आएको पाइन्छ । त्यसै गरी तत्कालीन समाजको बुढो-पुरानो र युवा-नयाँ पुस्ताका मान्यताबीचको द्वन्द्व-चित्रण गरिएको पाइन्छ । यसबाट के प्रष्ट हुन्छ भन्ने नेपाली जनता र राणा शासनको द्वन्द्व चर्कीएको अवस्था थियो । त्यसैगरी यस महाकाव्यको वस्तुविधानका क्रममा ठाउँ -ठाउँमा नाटकीय रूप पनि आएको छ । यस नाटकीय रूपले नेपाली जनताले राणा विरूद्ध आन्दोलन गरेको र केही नेपाली सहीद हुनु परेको पुस्ता सोझा सादा, अलिअलि शिक्षा हासिल गरेका र परिवर्तनका लागि अन्दोलन गर्ने खालका देखिन्छ, यहाँ पुरानो पुस्ता भन्नाले राणाहरूलाई सङ्केत गरेको पाइन्छ । पुरानो पुस्ताले नयाँ पुस्तालाई दवाउने कोसिस गरेको छ ।

केही समयसम्म पुरानो पुस्ताको जीत देखिए पनि अन्त्यमा नयाँ पुस्ताकै जीत देखिन्छ । यस घटनाबाट राणा शासनको अन्त्य भएर प्रजातन्त्र आएको संकेत प्रतीकात्मक रूपमा बुझ्न सकिन्छ ।

विशेष गरेर यस महाकाव्यको नाटकीय रूप सर्ग ३ बाट सुरूभएको छ । सर्ग ३ मा आफ्ना सहपाठी मर्दन दाजुभाइहरूका जोडले उनीहरूको घरमा पुगेका अनङ्ग फर्कन लाग्दा बाटो बिराएर बगैँचातर्फ पुग्नु र त्यहाँ सुलोचनासँग उनको प्रेमालाप हुनु । त्यसै गरेर सर्ग ४ मा ईश्वरको अस्तित्व-अनस्तित्वबारे दाजुभाई र अनङ्ग तथा सुलोचनाका वीच बहस चलेको छ । त्यही बहस चलिरहेको बेला कोठामा एक्कासि पसेर शत्रुमर्दनले अनङ्गलाई अपमानित गरेका छन् । अर्को प्रसङ्ग अनुसार सुन्दरीजलमा ज्यापू ज्वानुको

झोपडीमा विरामी बच्चाका साथ सुत्केरी विजुली सित तिमिरमर्दनको अप्रत्याशित नाटकीय ढङ्गमा भेट भएको छ र दुवै प्रणयबन्धनमा बाँधिएका छन् । सुलोचनाको पति घरमा नोकर बस्न आएको जैमानेले प्रसंगवश तर अप्रत्याशित रूपमा अनंग र सुलोचनाको प्रेमकथा बताएको छ । त्यो प्रेम कथा थाहा पाएर त्यही रात दुई प्रेमी-अनंग र सुलोचनाका वीच आफू बाधक बनेको पश्चातापले विलाससिँहले एक्कासि आत्महत्या गर्दछ । यसरी नाटकीय रूपमा प्रस्तुत गरिएका विभिन्न घटनाहरूले प्रतीकात्मक रूपमा देवकोटेली समयमा हुने गरेका विभिन्न वास्तविक घटनाहरूलाई सङ्केत गरेको देखिन्छ । त्यसै गरेर प्रस्तुत महाकाव्य धनकेन्द्री तथा हृदयहीन यान्त्रिक नागर जीवनबाट वितृष्णित सहनायक तिमिरमर्दन तथा परम्परागत सामजिक हठवादिताबाट उत्पीडित नायक अनङ्ग प्रकृतिको काखमा र व्यापक आध्यान्मिक परिप्रेक्षतर्फको आकर्षण प्रकटिएको पाइन्छ । त्यसपछि चौथो सर्गमा आस्तिकताका पक्षधर अनङ्ग र सुलोचना तथा नास्तिकताका पक्षपाती चण्डमर्दन र तिमिरमर्दनका बीच बहस भएको पाइन्छ । त्यस बहसमा आस्तिक पक्षको समर्थन गरिएबाट र सुलोचाको वैवाहिक जीवनको यन्त्रणामा तिनले अँगालेको कृष्ण आरधनाबाट पनि आस्तिक-आध्यात्मिक धरातलतर्फ वैचारिक स्तरमा यो महाकाव्य उन्मुख रहेको देखिन्छ । यस महाकाव्यमा पाइने आस्तिकता-नास्तिकतासम्बन्धी बहसले तत्कालीन ने.भा.प्र.स.मा स्वयं कवि देवकोटा र बालकृष्ण शमशेर तथा पुष्कर शमशेरका वीच बेलावेला हुने गरेका बहस वास्तविक छन् । यस प्रकारले सुलोचना महाकाव्यमा प्रतीकात्मक रूपमा वास्तविक घटनाहरूलाई उद्घाटित गरिएको छ ।

समष्टिगत दृष्टिले यस महाकाव्यमा प्रयोग गरिएको मिथकलाई नियाल्दा प्रस्तुत महाकाव्यमा कविको आशुलेखनका क्रममा आएका कविकल्पित मिथक नै प्रचुर मात्रामा प्रयोग गरिएको देखिनछ । यस महाकाव्यमा आएका बहसको मिथक तथा पुरानो र नयाँ पुस्ताका बीचको द्वन्दात्मक मिथक सबै कविकल्पित नै छन् । यी मिथकहरूमा संक्रमणशील सामाजिक यथार्थतातिरको उन्मुखता र समाजसुधारको भावना अभिव्यक्तिएको देखिन्छ ।

## ४.४. प्रमिथस महाकाव्यमा प्रयुक्त मिथक

प्रमिथस महाकाव्य लेखाइका दृष्टिले लक्ष्मीप्रसाद देवकोटाको अन्तिम महाकाव्यका रूपमा देखिएको छ । यस महाकाव्यको रचना २००७ सालको अन्त्यतिरबाट प्रारम्भ भएर २०१० सालमा सिद्धिएको देखिन्छ । त्यसै गरेर यस काव्यको प्रकाशन भने

वि.स. २००२८ मा भएको देखिन्छ । महाकवि देवकोटाको प्रमिथस महाकाव्य ग्रिसेली पुराणमा चर्चित प्रमिथसलाई नायक बनाएर प्रमिथसका साहसी, मानवीय, कल्याणकारी चरित्रलाई यसमा उद्घाटन गरिएको छ । यहाँ प्रमिथस महाकाव्यमा प्रयुक्त मिथकलाई विभिन्न शीर्षकहरूमा विभाजन गरेर विश्लेषण गरिएको छ ।

## प्रमिथस महाकाव्यमा मिथकीय वस्तुविधान

'प्रमिथस' महाकाव्यको वस्तुगत स्रोत ग्रिक पुराणका अनुसार पृथ्वीको सृष्टि हुनुपूर्व अदिम अवस्थामा शून्य मात्र थियो । त्यही शून्य अवस्थाबाट नै सम्पूर्ण सृष्टि विकसित भएको हो । आदिम शून्य अवस्थामा पृथ्वी, समुद्र हावा आपसमा जोडिएका थिए साथै पृथ्वी ठोस अवस्थामा आइसकेको थिएन, समुद्र तरल अवस्थामा थिएन एवं हावा गतिशील थिएन । त्यही ग्रिक पुराण अनुसार के ओसबाट पृथ्वी , पातालको अन्धकार (टाॅटरस), प्रेम -इरोस) अन्धकार (एरिस) र राति -नाइट) को उत्पत्ति भएको देखिन्छ । साथै रात्रि र अन्धकारबाट आकाश (इथर) एवं दिनको जन्म र पृथ्वीबाट स्वर्ग, पहाड र समुद्रको जन्म भएको देखिन्छ (रोज, १९६०, पृ.१९)। ग्रिसेली पुराण अनुसार टाइटनवंशी प्रमिथस बुद्धिमानी, मानवप्रेमी जिउसका सल्लाहकार एवं प्रेमी पात्रका रूपमा रहेका देखिन्छन् । युरानसका नाति र क्रोनसका छोरा जिउसले आफ्ना पिताको हत्या गरेर स्वर्गाधिपति बन्न सफल भएको देखिन्छ । यस मिथकीय कथा अनुसार प्रमिथसले स्वर्गको आगो चोरेर एउटा यज्ञमा जिउसलाई हड्डी र बोसो भएको ठूलो भाग छान्न लगाएर दोस्रो गल्ती गरेको छ । प्रमिथसका यी गल्तीबाट क्रुद्ध बन्न पुगेका जिउसले उनलाई कठोर सजाय दिने निर्णय गरी ककेसस्  पहाडमा किला ठोकेर राखेको पाइन्छ । प्रमिथसको स्वभाव हठी र दृढा निश्चयी भएको हँदा जस्तोसुकै कडा सजायले पनि झुकेका छैनन् । त्यस्तो अवस्थामा त्यहाँ आएका देवीहरूमध्ये आशादेवीले आफ्नो परिचय दिई प्रमिथसलाई आशावादी बनाएर गएको देखिन्छ । त्यसै गरेर ललितकलाका देवीहरूले चाहिँ नाचगान गरेर प्रमिथसलाई मनोरञ्जन गराएको पाइन्छ । प्रमिथसले आफ्नै छोरा जिउसका हातको हतियारद्वारा मृत्यूशचयामा पुगेका क्रोनोसले जिउसलाई दिएर गएको भन्ने सुनाउँदै अन्याय र अत्याचारका विरूद्ध संघर्ष गरेर मानवहरूले स्वर्णयुग ल्याउनेछ भन्ने भविष्यवाणी प्रकट गरेको पाइन्छ ।[४०] त्यसपछि प्रमिथसको पीडा देखेर मलम बनाउने बुटी खोज्न जलपरीहरू हिँडेका छन् । त्यसपछि शान्ति, प्रेम, करूणा, क्षमा जस्ता भावपरीहरू प्रमिथसप्रति सहानुभूति प्रकट गर्न

४०. महाकवि लक्ष्मीप्रसाद देवकोटा, प्रमिथस, सर्ग र, श्लोक १० ।

आइपुगेका र तिनीहरूमध्ये प्रेमदेवीलाई प्रमिथसले संक्रान्त, युद्धशील एवं तर्सुवा मानवहरूको प्रकृतिमा स्वर्गिक ज्योति प्रदान गर्न पृथ्वीतर्फ जाने आग्रह गरेको पाइन्छ । यस्तैमा प्रमिथसका चुनौतिपूर्ण एकेक कुरा गुप्तचरहरूद्वारा सुनेपछि जिउसले ओलिम्पसका देवदूत हर्मोजलाई प्रमिथसकहाँ पठाएको कथा पाइन्छ । हर्मीजले प्रमिथसलाई जिउससामु झुक्न सल्लाह दिइएको तर प्रमिथसले धम्की, असत्य र त्रासमा स्वर्गको राज रहँदैन भन्ने धारणा व्यक्त गरेको देखिन्छ । त्यो सुनी हर्मीजले त्यसो भए अब तँ अनन्त दूर अन्धकारमय बेपींध खाडीमा उल्टो पारी गिराइनेछस् भन्ने आक्रोश व्यक्त गर्दै त्यहाँबाट प्रस्थान गर्दछ । त्यसपछि धनघोर आँधी चलेर चर्र-चर्र चिरिन थालेको अनि पृथ्वी चिरिएर बनेको बेपींध अन्धकारमय महाखाडीले प्रमिथसलाई निल्न मुख बाएको जस्ता मिथकीय कथावस्तुहरू यस महाकाव्यमा पाइन्छन् ।

**संस्कृतिसँग सम्बन्धित मिथक**

प्रमिथस महाकाव्यमा प्रमिथसको मिथकलाई संस्कृति, सभ्यता र मानवीय गुणको वीजाधान गर्ने मिथकका रूपमा स्थापित गरिएको छ । आदिम ग्रिक पुराणमा प्र मिथस अग्निचोर , मानव सृष्टिकर्ता र मानव संरक्षकको मिथकका रूपमा रहेको र त्यस मूल मर्मलाई आत्मसात गर्दै युगीन सन्दर्भमा समेत नयाँ व्याख्याको खोजी गर्ने काम महाकाव्यमा भएको देखिन्छ । कृष्ण गौतमका अनुसार प्रमिथस महाकाव्यमा नव जागरणले ल्याएका सामाजिक, राजनैतिक , आर्थिक, नैतिक , बौद्धिक, साँस्कृतिक परिर्वतनहरूको एकीकृत रूपयान छ तापनि यिन मध्ये नेपालको राजनीति पक्ष नै प्रमूख रहेको छ ।[४१] प्रमिथस महाकाव्यको रचनाकाल २००७ सालको राजनैतिक अवस्था रहेकाले स्वाभाविक रूपमा देवकोटासामु मुख्य रूपमा राजनैतिक समस्या प्रमुख भएको हुन सक्छ । प्रमिथस मिथकका माध्यमबाट देवकोटा उच्च चैतन्य विकासको चाहना राख्दछन् । नविन स्वयं चेतना, जागरण उज्यालो आदिको प्रतीक बनेको छ । आगाको प्राप्तिले नै मानवजगत् उन्नत बनेको पाइन्छ । देवकोटाले यस महाकाव्यको चतुर्थसर्गको अधिकांश भाग आगाको महत्व दर्शाउन खर्च गरेका छन् । जस्तैः

आगो देवत्वको गरम राप हो मानवको
आगो अपोलोदेवको धकधक सङ्गीत जोश

४१. कृष्ण गौतम, २०५६: २१४ ।

आगो जीवनको ज्वलन्त अनुहार ! आत्मा
भावको हृदय यही आगो [४२]

त्यसैगरी प्रमिथस महाकाव्यमा आदिम मानवको अवस्थालाई विकासवादी दृष्टिबाट हेरिएको छ । सृष्टिको प्रारम्भमा मानव स्वभाविक रूपमा रूग्ण , कमजोर र निरीह देखिन्छ । प्रमिथसले स्वर्गबाट आगो ल्याएर मानिसलाई सुसंस्कृत, सभ्य, सुन्दर बनाएको पाइन्छ । सृष्टिको उषा कालमा मानविय प्रमिथसले स्वर्ग गएर जिउसले लुकाएको आगो चोर्ने र त्यसलाई मानवजगत्मा स्थापित गर्ने जुन कार्य गरे त्यो संस्कृति र सभ्याताको प्रारम्भिक अभियानका रूपमा देखिन्छ । महाकवि देवकोटाले प्रमिथसको मिथकलाई एकातिर संस्कृति र सभ्यताको प्रारम्भका रूपमा हेरेका छन् भने अर्कातिर जिउसको निरङ्कुशता र अहङ्कारका विरूद्धमा प्रमिथसले गरेको क्रान्तिकारी एवं विद्रोहीका रूपमा लिएका छन् ।

प्रमिथसको चरित्र जिउसका विरूद्ध दृढ र क्रान्तिपूर्ण देखिन्छ । राणाकालीन निरङ्कुश वातावरणको अन्त्य गर्न र उन्मुक्त परिस्थिति सिर्जना गर्न प्रमिथसको साहस उपयुक्त माध्यम भएको छ । नेपालमा प्रमिथसको वलिदानीपूर्ण चेतना आवश्यक भएकाले देवकोटाले ग्रिसेली मिथकको उपयोग गरेको देखिन्छ । निरङ्कुश शासनको त्रासले निरीह र पीडित भएको नेपाली जनतामा उत्साह, क्रान्ति र वलिदानको अभिव्यक्ति महत्वपूर्ण छन् । जस्तैः

निसास्सिन्न, निसास्सिन, म हुँ सागर - पौडाहा
म अगाध -डुवुल्की -मार, म सदा तयार-तयार
तयार उड्न तयार बुड्न, तयार गुड्न होस्
जुन दिशा, जहाँ म आँधी उडाउँछु पैयाँमा
तयार छु काटिन, माटिन, फाटिन, लाटिन
माटामा ट्वाङट्वाङती  तीन टाउको थापी तयार
सुइरिन, रोपिन, शूलिन, घोचिन, सब तयार [४३]

यसबाट तत्कालीन नेपाली जनतामा र विश्वकै परिवेशमा उठेको स्वतन्त्रताको आत्मचेतलाई प्रस्ट हुन्छ । नेपालको सन्दर्भमा १९९७ सालको सहीद काण्डलाई सङ्केत गर्दछ । उक्त अभिव्यक्तिले त्याग र क्रन्ति विना स्वतन्त्रता सम्भव नहुने भाव व्यक्त भएको

४२. लक्ष्मीप्रसाद देवकोटा, प्रमिथस, सर्ग ४, श्लोक १९ ।
४३. लक्ष्मीप्रसाद देवकोटा, ऐजन, सर्ग ५, श्लोक ३१ ।

छ । स्वविभमान र स्वतन्त्रताविनाको शान्ति व्यर्थ हुने भएकाले देवकोटा महाकाव्यमा उग्र क्रान्तिको पक्षमा देखिएका छन् । प्रमिथसलाई दृढ मानवप्रेमी, निडर मानवसंस्कृतिका बीजका रूपमा चित्रण गरिएको छ । अग्नि उत्पत्तिको बीज मिथक रहेको प्रमिथस मानव उत्पत्ति, सभ्यता, संस्कृति आदिको उन्नायक मिथकका रूपमा देवकोटेली मिथक स्थापित हुन पुगेको देखिन्छ ।

**प्रमिथस महाकाव्यको चरित्रमा पाइने आद्यरूप**

प्रमिथस महाकाव्यमा मुख्यतः प्रमिथस र जिउस दुई पात्र रहेका छन् । त्यसै अन्य पात्रहरूमा हेफिस्टस, क्राहोस, हर्मीज, युरानस जिया क्रोजोस, रीया, टाइटानहरू, जलपरीहरू भावरी, प्रेमकुमारी, क्षमा, करूणा आदि छन् । यी सबै पात्रहरू ग्रिक पौराणिक सन्दर्भसँग जोडिएका र सार्वभौम मानवीय चारित्रिक विशेषता व्यक्त गर्ने प्रकारका देखिन्छन् । मानवका आदिम मनोवृत्ति र सर्वभौम, सार्वकालिक आद्यरूपी चारित्रिक बैशिष्ट्य भएको मुख्य पात्रहरूको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

**विद्रोही नायक**

प्रमिथस महाकाव्यमा प्रमुख नायकीय भूमिका प्रमिथसको नै छ । प्रमिथस अर्द्धदेव र अर्द्धमानवका रूपमा रहेका देखिन्छन् । ग्रिसेली पुराण अनुसार टाइटानवंशी देवकुलमा जन्मेर प्रमिथसको मानववंशको विकास गर्ने चरित्रका रूपमा प्रमिथसको भूमिका रहेको छ । टाइटान आयोपेटसका छोरा हुन् । प्रमिथसकी आमाको नाम भने कतै एजिया कतै क्लाइमेन र कतै थेमिस भएको देखिन्छ । महाकवि देवकोटाले प्रमिथसलाई "ए बुद्धिमान थेमिसपुत्र ! ए महावीर"[४४] भनेर प्रमिथसकी आमा थेमिस भएको बताएका छन् । जीउसका भतिजा पर्ने प्रमिथस बुद्धिमानी, दूरद्रष्टा, जिउसका सहयोगी एवम् सल्लाहाकारका रूपमा रहेका  देखिन्छन् । प्रमिथसकै कारणले जिउसले मानव जगत्बाट आगो खोसेकाले जिउसका विरूद्ध यिनले स्वर्गबाट आगो चोरेको र मानवलाई प्रदान गरेको पाइन्छ । प्रमिथस अत्यन्त विद्रोही बनेर जिउसलाई चुनौती दिएको प्रसंग आएको छ । प्रमिथसमा भएको विद्रोही भाव यसरी व्यक्त भएको छ :

म तयार छु तयार झझाको घमेडा चढ्न
तयार छु डुब्न नेत्रजल सागरमा

४४. महाकवि लक्ष्मीप्रसाद देवकोटा, ऐजन, सर्ग ७, श्लोक १२, पेज १०१ ।

तयार सुइरिन, रोपियन, कुटिन, हतौडिन
कीलिन, कुल्चिन लोह पयरले दुष्टका
तयार परोक्षित हुन अन्तमा[४५]

माथि व्यक्त गरिएको भावबाट देवकोटाले प्रमिथसलाई मानवकल्याणका निम्ति जिउससँग चरम बिद्रोह गर्ने नायकका रूपमा प्रस्तुत गरेको देखिन्छ । प्राचीन समयदेखि नै प्रमिथसको मिथक देवतासँग विद्रोह गरेर मानवलाई संरक्षण गर्नेका रूपमा परिचित रहँदै आएको छ । मानिसले आदिम समयदेखि प्रकृति, पशु र स्वम् मानवसमाजका अनेक असंगत पक्षसँग विद्रोह गर्दै त्यसमा विजय प्राप्त गर्दै आएको छ । गिल्वर्ट मेरेका अनुसार जिउस प्रकृतिको व्यापक शक्ति हो भने प्रमिथस मानवीय चेतनाको शक्ति हो ।[४६] मरेको यस विश्लेषणबाट के प्रष्ट हुन्छ भने प्रमिथस आदिम मानवमा निहित शक्ति हो जुन प्रकृतिको जडशक्तिप्रति विद्रोह गरी विजय प्राप्त गर्न चाहन्छ । प्रमिथस बुद्धि, आत्मा, ज्ञान, ज्योति आदिको संकेत भएको पात्र हो । महाकाव्यको नायक सत्यको पक्षधर र स्वयम् सत्यपुरूष हुनुपर्दछ । प्रमिथस पनि सत्य, न्याय, सत्पुरूषका रूपमा रहेका देखिन्छन् ।

सत्य र न्यायका पक्षमा भएकाले प्रमिथस मानवका निम्ति महान नायक र पूज्य व्यक्ति बन्न सकेका छन् । प्रमिथसमा एकातिर मानवप्रति प्रेम छ अर्कातिर जिउसप्रति घृणा छ । प्रमिथसमा परिस्थिति अनुसार प्रेम र घृणा दुबै पाइन्छ । मानववादी प्रमिथसले तानाशाही स्वर्गपतिका विरूद्ध विद्रोह गर्दै त्यो सकल सभ्यताको प्रथम प्रकाश-‘आगो’ चोर्न गएको कुरा पाइन्छ । प्रमिथसको यस विद्रोहमा हामी २००७ सालको जनक्रान्तिको, तानाशाही स्वर्गपतिमा निरंकुश राणा शासकको तथा सकल सभ्यताको प्रथम प्रकाश आगोमा जनअधिकार तथा स्वतन्त्र ज्योतिको जागृति चेतना र ज्ञानालोकको सम्झना गर्न पुग्छौं ।[४७]

यस प्रकार नायक प्रमिथसलाई विद्रोही नायकका रूपमा चिनाइएको पाइन्छ । उनी विद्रोही तर निर्माणमुखी मिथकमा आधारित भएर विद्रोही र निर्माणमुखी नायकका रूपमा उपस्थित भएको देखिन्छ ।

---

४५. ऐजन, सर्ग ३, श्लोक ३२, पृ४७ ।
४६. गिल्वर्ट मरेः १९५२, पृ.१२ ।
४७. डा. कुमारबहादुर जोशी, महाकवि देवकोटा र उनका महाकाव्य, दोस्रो संस्करण, वि.स. २०४५, .२३३

**प्रमिथस महाकाव्यमा मिथकीय परिवेश**

प्रमिथस महाकाव्यमा रहेको परिवेशगत पृष्ठभूमि मिथकीय छ । प्रमिथसको कथावस्तु घटित स्थल आदिम ग्रिसको ओलिम्पस स्वर्गभूमि रहेको छ । डिक्सनरी अफ मिथोलोजीका अनुसार ओलिम्पस ग्रिसको उत्तरतर्फ मेसेडोनिया र थेस्सलीका बीचमा रहेको पर्वत शृंखला हो । यस पर्वत श्रृंखलामा जिउस र उनका सन्तान देवताहरूको प्रसाद रहेको पाइन्छ । यस महाकाव्यमा विशेष गरेर स्वर्गभूमि, धर्ती र पाताललाई परिवेश बनाएको देखिन्छ ।

मानव जातिको विकाससँग स्वर्गीय लोकको पनि परिकल्पना हुँदै आएको पाइन्छ । ग्रिसेली पुराण अनुसार आदिम देवीदेवताहरूको वासस्थान ओलिम्पस पहाड रहेको पाइन्छ । यसै स्थानमा बसेर जिउनले शासन गरेको र यहाँ सबै प्रकारका सुख सुविधा रहेको देखिन्छ । महाकवि देवकोटाले आदिम ग्रिसेली मिथकीय भूमिको सुन्दर वर्णन गरेका छन् :

यति रमणीय यति कमनीय
क्षितिज छैन क्षितिजमण्डलमा
चुली चारू फुलहरू प्रातः साँझ झैँ
प्रकृति छैनन कतै यत्तिकी उदार
मकर मीठी प्रसुन प्रचुर [४८]

ग्रिसको स्वर्गभूमि धर्तीभन्दा अलग रहेको देखिदैन तर धर्तीकै उच्च अर्थात पर्वत शृंखलामा रहेको सो स्वर्गभूमि जिउस अर्थात रोमेली नाम जुपिटरको राज्य रहेको देखिन्छ । जिउस र उनका सन्ततिहरूको बसोवास रहेको ओलिम्पस पर्वत श्रृंखला स्वर्गका रूपमा र समग्र ऐश्वर्यले भरिपूर्ण देखिन्छ । मानिसले मर्त्यबाट अमर्त्य, दुःखबाट सुख र दौर्बल्यबाट सबल हुन चाहेको अभिलाषा नै स्वर्गीय मिथक यस महाकाव्यमा प्रकट गरिएको मिथक हो ।

प्रमिथस महाकाव्यमा धर्ती सम्बन्धी मानवीय परिकल्पना वा मिथकीय रूप आएका छन् । धर्तीलाई जीयाका रूपमा स्वीकारेर आकाश (युवानस) र धर्ती (जीया) को विवाह भएको मिथकीय कथा पाइन्छ । पृथ्वीलाई मानवीय गर्दै आदि माताका रूपमा ग्रहण

४८. लक्ष्मीप्रसाद देवकोटा, ऐजन, सर्ग १, श्लोक ८, पृ.३ ।

गर्ने परम्परा प्रायः सबै मिथकमा पाइन्छ । प्रमिथस महाकाव्यमा धर्तीका प्राणीलाई पृथ्वीका सन्तानका रूपमा लिएर पृथ्वीको चैतन्यीकरण गरेको पाइन्छ । जस्तैः

तरूजनी मही जन्माउँछिन् अरू
विशाल गात्र विहगनीड
दोस्रा युगका सन्तान [४९]

आदिम धर्ती आगोविना अन्धकारयुक्त भएको आविष्कारले धर्ती उज्यालो र मानवले पशुमाथि विजय प्राप्त गरेको देखिन्छ । पृथ्वीका विषयमा अनेक मन्त्र, सूक्त वा मिथकहरू बनेका देखिन्छन् । प्रायः गरेर पृथ्वीको मातृत्वरूप नै यस महाकाव्यमा धर्तीको मिथक बनेर आएको पाइन्छ ।

प्रमिथस महाकाव्यमा स्वर्ग र धर्ती आएजस्तै पाताल पनि मिथकीय रूप लिइएर आएको छ । मिथकीय परिकल्पनामा ऊर्ध्व दिशामा स्वर्ग भएजस्तै धर्तीको अधो दिशामा पातालको परिकल्पना पाइन्छन् । पाताललाई आदिम शून्यबाट उत्पन्न भएको मानिन्छ । प्रमिथस महाकाव्यमा पाताल दण्डित गर्ने स्थानका रूपमा चिनिएको छ । यस महाकाव्यका अनुसार पाताल नरकका रूपमा देखापर्दछ । त्यहाँ स्वर्गाधिपतिले दण्डित गरेका व्यक्तिहरूको वासस्थान रहेको पाइन्छ । यस प्रकार प्रमिथस महाकाव्यको परिवेशलाई हेर्दा स्वर्ग, धर्ती र पाताल तीनै स्थानमा आदिम परम्परागत मिथक आएको पाइन्छ ।

## ४.५. वनकुसुम महाकाव्यमा प्रयुक्त मिथक

लक्ष्मीप्रसाद देवकोटाले आफू भाषानुवाद परिषदमा जागीरे छँदा वि.स. २००३ सालमा वनकुसुम महाकाव्य रचना गरेको पाइन्छ । उक्त महाकाव्य वि.स. २०२५ सालमा आएर मात्र कमल दीक्षितको सम्पादनमा नेपाली भाषा प्रकाशिनी सममितिको उत्तराधिकारी साझा प्रकाशन, काठमाडौँबाट प्रकाशित भएको देखिन्छ । यस महाकाव्यमा विभिन्न १० शास्त्रीय वर्णमात्रिक छन्दहरू पाइन्छ । त्यसै गरेर जम्मा परिगणित श्लोक ६९२ छन् भने १० सर्गमा आबद्ध महाकाव्य हो । यस महाकाव्यको कथावस्तु प्रसिद्ध पुराण दन्त्यकथा इतिहासमा आबद्ध भएको देखिदैन । त्यसैले यस महाकाव्यको कथा कविकल्पना प्रसूत वा उत्पाद्य रहेको पाइन्छ । यस महाकाव्यको मिथक कविकल्पित भए तापनि दन्त्यकथा-

४९. लक्ष्मीप्रसाद देवकोटा, ऐजन, सर्ग २, श्लोक ७, पृ.१९ ।

लोककथाका पनहरूलाई अँगाली तयार पारेको देखिन्छ । वनकुसुम महाकाव्यमा प्रयुक्त मिथकहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

**वनकुसुम महाकाव्यको कथावस्तुमा प्रयुक्त मिथक**

वनकुसुम महाकाव्यमा आएको मिथक परम्परित नभई कविकल्पित छ । यस महाकाव्यको कथाबस्तु लावण्य नामक नगरीको वर्णनबाट सुरू भएको पाइन्छ । लावण्य देशका सत्तरीवर्षे वृद्ध राजा महेन्द्रले आफ्नो स्नेहपात्र जेठा छोरा राजकुमार नरेन्द्रलाई राज्य सुम्पी शान्तिसँग बस्ने इच्छा प्रकट गरेको देखिन्छ । तर मन्दारिका नामको २४ वर्षे कान्छीरानीका वशमा परेका निज वृद्ध राजाको उक्त इच्छा पूरा हुन पाउँदैन । राज्यका उत्तराधिकारी नरेन्द्रलाई पन्छाई आफ्नै छोरालाई राज्य दिलाउने प्रयासमा कान्छीरानी लागेको देखिन्छ । त्यसका लागि राज्यका हर्ताकर्ता मदन नामक सेनापनिलाई प्रेमक्रीडाबाट आफूतर्फ आकृष्ट गरी षड्यन्त्र शुरू गरेको पाइन्छ । त्यो दरबारको षड्यन्त्रपूर्ण दूषित वातावरण थाहा पाएर त्यसमा रूमल्लिनुभन्दा सुन्दर-शान्त प्राकृतिक वातावरणमा गई स्वतन्त्र जीवन बिताउन नरेन्द्र वनतर्फ लागेको देखिन्छ । नरेन्द्र घुम्दै जाँदा एउटी सुन्दरी युवती कृषककन्या वनकुसुम सँग भेट हुन्छ । त्यसपछि राजकुमार नरेन्द्र तिनकै घरमा गएर बस्न थाल्दछन् । त्यहाँ उनले आफ्नै जीवन कथा झल्काउने गरी केटाकेटीलाई दन्त्यकथा सुनाएको देखिन्छ । उक्त दन्त्यकथामा जङ्गबहादुरकालीन नेपालको इतिहासको छाया परेको देखिन्छ । त्यसै गरी राजकुमार नरेन्द्र हराएको र राज्य विग्रन लागेको देखेर चिन्तित बनेका बृद्धमन्त्री विकटाक्षले आफ्नी छोरी प्रतिमालाई लोग्नेमान्छेको भेष धारण गरी नरेन्द्रलाई खोज्न पठाएको देखिन्छ । प्रतिमाले राजकुमारलाई एकान्तमा भेटेर दरबार फर्कने आग्रह गर्दा छद्‌म भेषमा रहेकी प्रतिमालाई चिन्न नसकेका राजकुमारले वनमानै बस्ने कुरा बताएको पाइन्छ । त्यसपछि प्रतिमाले राज्यको दुर्दशा बताएर फर्कन जोड गरेपछि चाहि उनले दरबार फर्कन बचन दिइएका छन् र उनी दरबार फर्केका छन् । आफ्नो हराएको छोरो नरेन्द्रलाई सकुशल देखेर बृद्धराजा खुशी भई प्रतिमाको बुद्धि, चातुर्य र साहसको प्रशंसा गरेको देखिन्छ । त्यसपछि बृद्धराजाले प्रतिमाको विवाह नरेन्द्रसँग गरिदिने इच्छा प्रकट गरेको पाइन्छ तर प्रतिमाले सेनापति मदनलाई फँसाउन आफूले सतीत्व बेचिसकेको कुरा बताएको देखिन्छ । अन्त्यमा प्रतिमाले राजकुमार नरेन्द्रको विवाह वनकुसुमसँग हुनुपर्ने सङ्केत गर्दै प्राण त्यागेको पाइन्छ ।

यसप्रकारले दन्त्यकथाको पनलाई अँगाली तयार परिएको यस महाकाव्यको कथावस्तु भरी कल्पनात्मक कविकल्पित मिथकहरू आएका देखिन्छन् । प्रस्तुत महाकाव्यको यस कविको काल्पनिक कथाले शासन सत्तानिम्तिको दरबारिया संघर्ष देखाइएको पाइन्छ । त्यसै गरेर सरल प्राकृत ग्रामीण जीवन बढी आनन्द दायक र सुख प्रदान गर्ने किसिमको हुन्छ भन्ने कुरा व्यक्त गरेको देखिन्छ । यसका साथै उक्त कविकल्पित मिथकले प्रतीकात्मक रूपमा राणाकालीन नेपालको सत्तानिम्तिको दरबारिया षड्यन्त्रलाई पनि अभिव्यज्जित गरेको पाइन्छ ।

**प्रकृतिपरक प्रतिपाद्य मिथक**

वनकुसुम महाकाव्यका सबै मिथक प्रतिपाद्य नै देखिन्छन् । प्रकृतिपर मिथकीय जीवनदर्शनका दृष्टिले यो महाकाव्य एउटा महत्वपूर्ण रचनाका रूपमा रहेको पाइन्छ । प्रकृतिपुत्रीका रूपमा रहेकी नायिका वनकुसुमको नामबाट नामकरण गरिएको यो वनकुसुम नाम प्राकृतिक प्रतीककै रूपमा आएको देखिन्छ । यस महाकाव्यमा प्रकृतिलाई मानवीकरण गरीएको छ । प्रकृति र मानवका बिचको अन्तः सम्बन्ध प्रतिपादित गरिएको प्रस्तुत महाकाव्यमा कविले नागर जीवन र प्राकृतिक जीवनको तुलना गरेका छन् । महाकवि देवकोटाले यस महाकाव्य मार्फत नागर जीवनमा सङ्कीर्णताहरू कुटिलताहरू र कृत्रिमताहरू तथा धनकेन्द्री नाना दुर्भावनाहरू, कलुषितभावहरू रहनेकुरा बताएको पाइन्छ । त्यसै गरेर प्रकृतिमाताको सुन्दर, शान्त र सुखमय काखमा किसानको जस्तो परिश्रमशील सहज प्राकृत एवं सरल जीवन पाइने कुरा उल्लेख छ । महाकवि देवकोटाले प्रकृति र प्राकृतिक जीवनतर्फको आफ्नो अत्यधिक आकर्षण प्रकट गरेको पाइन्छ । उदाहरणका लागि प्रस्तुत यस महाकाव्यका केही पंक्ति उद्धृत छन् : प्रकृतिलाई मानवीकरण गरिएको, जस्तैः

"अस्ताद्रिका उपर साँझ मुसुक्क हाँसी
हेर्छिन् उँचा गजुर झल्ल गरी प्रकाशी"[५०]

"तानेर सुस्त समको तब कृष्ण पर्दा
निद्रा भगाउन नयाँ छवि फेरि छर्दा
सन्देशसाथ दिनको गिरिमा नवीन
चढ्छन् प्रभाकर बजाउन वन्य वीन"[५१]

---

५०. लक्ष्मीप्रसाद देवकोटा, वनकुसुम, वि. स. २०२५ साझा प्रकाशन, सर्ग १, श्लोक ३१,पृ, ७ ।
५१. लक्ष्मीप्रसाद देवकोटा, ऐजन, पृ, ८ ।

कवि देवकोटा नागर जीवन र प्राकृत जीवनको तुलनाका क्रममा दरबारी चालालाई दु:खकारी र प्रकृतिलाई सुखकारी सम्भन्छन् । जस्तैः

"गति दरबारी अति दुखकारी
सहन नसक्दा दिल सुकुमारी"[५२]

यसै सिलसिलामा कविको दृष्टिकोण के छ भने प्रकृति विरूद्ध चलेमा जीवनबाट सुख पर हुन्छ अर्थात जीवनमा प्रकृति नै सुख र विकृति नै दु:ख हो अनि प्रकृतिप्रवुद्ध हृदयविना नागरजीवन असमृद्ध हुन्छ । जस्तैः

"जन सब चल्छन
प्रकृति विरूद्ध
सुख पर हुन्छन्
सकल विशुद्ध
हृदय नभै ती
प्रकृति प्रबुद्ध
पुर नर नारी
नित असमृद्ध"[५३]

यस्तै, प्रकृतिको काखमा सहज प्राकृत जीवन जिउने कृषकहरू अत्यधिक छन् भन्दै सहर छाडेर तिनै कृषकहरूको जस्तो परिश्रमशील सहज प्राकृत जीवन जिउने अभिलाषा व्यक्त गरेको देखिन्छ । कवि देवकोटा धरतीपुत्र प्रकृतिपुत्र कृषकहरूको सहज प्राकृत जीवनतर्फको आफ्नो अत्यधिक आकर्षण कल्पित मिथकका रूपमा यस प्रकार व्यक्त गर्दछन् । जस्तैः

"मिरि मुख चाली
        वनबिच राम्रा ।
विचरण गर्ने
        कृषिजन हाम्रा ॥
कति सुखभागी
        प्रकृत र चारू ।
पिकसरि बोल्दा
        वन सुरदारू ॥"[५४]

---

५२. लक्ष्मीप्रसाद देवकोटा, ऐजन, सर्ग ४, श्लोक२ पृ ५२ ।
५३. लक्ष्मीप्रसाद देवकोटा, ऐजन, श्लोक ७७, पृ. ६८ ।
५४. लक्ष्मीप्रसाद देवकोटा, ऐजन, श्लोक ८६, पृ.७० ।

यसप्रकार कवि देवकोटाले कविकल्पित मिथकद्वारा सहरिया-दरबारिया सामन्ती सभ्यतातर्फको विमुखता र प्रकृति तथा सरल-प्राकृत ग्रामीण सभ्यतातर्फको अभिमुखता प्रकटिएको पाइन्छ । त्यसैगरी यस महाकाव्यमा प्रकृति माता हुन्, प्रकृति र मानवका आपसमा तादात्म्य सम्बन्ध छ, मावन र परमेश्वरका बीच पनि परम्परमा अन्तः सम्बन्ध छ र प्रकृतिविरूद्ध चलेमा सुख पर छ जस्ता कविकल्पित मिथक देखिन्छन् ।

**वनकुसुम महाकाव्यको चरित्रमा पाइने मिथक**

यस महाकाव्यका सबै पात्रहरूमा काल्पनिक क्रियाकलाप गराइएको छ । त्यसैले प्रत्येक पात्रहरूमा कविकल्पित मिथक आएको पाइन्छ । कान्छी रानीले श्रृङ्गारका बलले षोडशी भई राजालाई पूरै वशमा राखेको देखिन्छ । जेठी रानी बूढी सरल र धार्मिक छिन् तर उनीलाई राजा कहाँ ढोका बन्द छ । जेठी रानीका छोरा युवराज अठार वर्षका सुन्दर फुर्तिला युवक छन् । तर रसरंगमा उनलाई सौख भएको देखिदैन । अठार वर्षे युवराज प्रकृतिका प्रेमी देखिन्छन् । कान्छी रानीको नजरमा यिनी आँखाको काँडा भएको देखिन्छ । बूढा राजाका दृष्टिमा राजकुमार नरेन्द्र आँखाका तारा जस्तै भएको पाइन्छ । यदि हुदाहुदै पनि कान्छी रानीको छलले गर्दा उनी केही बोल्न सक्दैनन् । कान्छी रानीचाहिँ आफ्नै छोरालाई राज्य दिलाउने चेष्टामा देखिन्छिन् । त्यसैका निम्ति कान्छी रानीले राजाका पत्यारका तरूना सेनापतिलाई आफ्नो रूप र यौवनसमेत यसको लागि खर्चन उनी तयार भएको देखिन्छ ।

माथि प्रस्तुत गरिएजस्तै जालझेल पूर्ण वातावरणबाट मन उडेर राजकुमार जंगलतिर हिड्छन् र पहाडमा पुग्छन् । पर्वत शिखरको मनोहरताले उनी मुग्ध भएको देखिन्छ । रात परेपछि जंगलमा रूखमुनि ढुंगाको सिरान हाली उनी घाँसमा पल्टेको पाइन्छ । भोलिपल्ट विहान सबेरै उठेर राजकुमार घोडामा चढी अगाडी बढ्छन् । धेरै पर पुगेपछि एउटी राम्री तरूनी आइमाई नुहाउन लागेकी देखेर मुग्ध भएको देखिन्छ । दरबारमा राजकुमारको आवश्यक भएकाले लोग्ने मान्छेको भेष बदलेर प्रतिभा राजकुमारलाई खोज्न हिडेको देखिन्छ । प्रतिमाले भेटेर उनलाई दरबार फर्कन जोड गर्छिन् तर राजकुमारले फर्कन चाँहदैनन् । त्यसपछि प्रतिमाले राज्यको अवस्था खराब छ केही समय गाउँमा बिताएर राज्य समाल्न आउनुपर्छ भन्दा उनले हुन्छ भनेको देखिन्छ । अन्त्यमा राजकुमार आफ्नो राज्य सम्हालेका छन् । अनि प्रतिमाले आफ्नो प्राण त्याग्ने बेलामा राजकुमारको विवाह वनकुसुमसँग हुनुपर्छ भनेको पाइन्छ । यसरी कवि देवकोटाले वनकुसुम महाकाव्यका पात्रहरूमा पनि कविकल्पित मिथकको प्रयोग गरेको देखिन्छ ।

सारांशमा भन्नुपर्दा कवि देवकोटाले बनकुसुम महाकाव्यमा शासनसत्ताको निम्ति हुनेगरेका दरबारिया संर्घष व्यक्त गरेको देखिन्छ । त्यसै गरि उनले विभिन्न कविकल्पित मिथकको प्रयोग गरेर यस महाकाव्यमा राणाकालीन नेपालका दरबारिया वातावरणको प्रतिकात्मक छनक दिइएको पाइन्छ । यसै क्रममा रूसोप्रेरित प्रकृतितर्फ फर्केको रोमाण्टिक मानवतावादी सन्देश पनि मिथकीय रूपमा प्रकट भएको देखिन्छ ।

## ४.६. महाराणा प्रताप महाकाव्यमा प्रयुक्त मिथक

भारतीय इतिहासमा आधारित महाराणा प्रताप महाकाव्य वि. स. २००३ सालमा रचना गरेको देखिन्छ । कविको देहावसान पछि वि. स. २०२४ सातमा आएर मात्र नेपाल सांस्कृतिक संघ, डिल्लीबजार, कामाडौँबाट प्रकाशित भएको पाइन्छ । नेपाली इतिहासमा आधारित काव्य रचना गर्न उनलाई तत्कालीन शासन व्यवस्थाले व्यवधान पुऱ्यायको देखिन्छ । त्यसैले छिमेकी राष्ट्रका ऐतिहासिक पुरूषको गाथागान गरेर नेपाली आन्दोलन र भारतीय आन्दोलनको रन्को रन्काइएको छ । यस महाकाव्यमा राष्ट्रिय, चेतना, स्वतन्त्रता अनि स्वधर्मको रक्षाको लडाई व्याप्त रहेको देखिन्छ । मिथकका विशेषताहरूमा माथि नै उल्लेख भई सकेको छ कि मिथक ऐतिहासिक हुन्छ । त्यसैले यो महाकाव्य इतिहासमा आधारित भएकाले मिथकीय कथाबस्तु आएको देखिन्छ । यस महाकाव्यमा आएको मिथकीय इतिहास केही वास्तविक भए तापनि कविकल्पित मिथक पनि आएको पाइन्छ । यस महाकाव्यमा प्रयुक्त मिथकलाई यसप्रकार विश्लेषण गर्न सकिन्छ ।

### कथावस्तुमा पाइने मिथक

महाराणा प्रताप महाकाव्यको कथावस्तु इतिहास प्रधान देखिन्छ । यस महाकाव्यको इतिहास खास गरेर भारतीय भएको पाइन्छ । महाकाव्यमा प्रयुक्त मिथकीय इतिहास अनुसार अकबरका फौजले मेवाडको राजधानी चितौडमा हमला गरी कब्जा जमाएको देखिन्छ । त्यहाँवाट हटी आफ्नो पहाडी किल्लातर्फ राजा उदयसिंह लागेको र उदयसिंहको देहावसान पछि उनका भाइ जगमल भेबाडको राजगद्दीमा बस्छन् तर भारदारहरूले उनलाई हटाई गद्दीमा हकदार महाराणा प्रतापलाई राजा तुल्याएको देखिन्छ । राजा बनेपछि महाराणा प्रतापले "जबसम्म चितौड हाम्रो हुदैन र यी म्लेच्छहरू लाई हटाउन सकिन्न तबसम्म म परालको शैथ्या बनाउँछु र कुनै ठाँउ बाट गर्दिन सुनको थालमा खान्न" भन्ने प्रतिज्ञा गरेको पाइन्छ । त्यसपछि बन्दुक तथा तोपहरूद्वारा सुसज्ति

अढाईलाख मुगले फौजसँग महाराणा प्रतापले आफ्ना बाईस हजार फौजले आच्छु आच्छु पारेको देखिन्छ । त्यो महाराणा प्रतापको वीरता देखेर अकबरले उनलाई आफ्नो पक्षमा ल्याउन अनेक प्रयास गरेको विवरण छ । महाराणा प्रतापले खरानी हुनु परे पनि शत्रुसामु शिर ननिहुराउने जानकारी गराएका छन् ।

त्यस पछि दुई पक्षका बीच वर्षौं सम्म बारम्वार युद्ध भई नै रहेको पाइन्छ । त्यस अवस्थामा पृथ्वीराज चौहानले पूर्ण रूपमा विजय प्राप्त गर्न नसकेको देखिन्छ । जंगलको वास र घोर दारिद्रचको अवस्थामा केही सीप नलाग्ने देखेर आफ्ना परिवारका साथ पृथ्वीराज सिन्ध प्रदेशतिर प्रस्थान गर्दछन् । बाटामा उनका अमात्यभामा शाहले उनलाई १२ वर्षसम्म २५ हजार सेनालाई पाल्न सकिने सम्पत्ति प्रदान गरेको पाइन्छ । त्यही सम्पत्तिले पृथ्वीराज चौहानले पुनः सैनिक सङ्गठन गरी मुगलहरूसँग लडेर चित्तौड र अजमेरबाहेक आफ्नो मेवाड राज्यका सबैजसो भाग फिर्ता लिइएको देखिन्छ । उनको यस्तो अदम्य साहस र वीरता देखेर अत्यन्त प्रभावित बनेका बादशाह अकबरले आफ्ना सेनालाई उनीसँग नलड्ने हुकुम दिई युद्धबन्द गरेको कथा छ । उनले आफ्ना सबै राज्य फिर्ता लिइए तापनि चितौड राजधानी फर्काउन नसकेकोमा मनमनै दुःखित बनेका देखिन्छन् । त्यसपछि उनी सख्त बिरामी भई मरणासन्न अवस्थामा पुगेको पाइन्छ । त्यस्तो अवस्थामा पनि उनलाई आफ्ना राजकुमार अमर अल्छी र विलासी भएकाले आफ्नो शेषपछि राज्य कसले थाम्ने हो भन्ने चिन्ताले सताएको देखिन्छ ।

उक्त चिन्ताले प्राण त्याग्न गाह्रो भएको छ, अनि उनको मनसाय बुझेका सालुम्ब्रा सरदारले हामी यो देशलाई म्लेच्छको हात पर्न नदिई रक्षा गर्छौं भनेपछि उनले प्राण त्यागेको देखिन्छ । यो कथा भारतको मध्यकालीन वा मुगलकालीन र अझ खास अकबरको राज्यकाल (सन १५५६-१६०५) सित सम्बद्ध इतिहासमा आधारित रहेको देखिन्छ ।[५५]

यस ऐतिहासिक मिथकबाट कविले मुख्यतया महाराणा प्रतापको राष्ट्रिय स्वतन्त्रा निम्तिको अदम्य वीरता, अथक संघर्ष एवं अनुपम स्वाभिमानी र आत्मबलिदानी चरित्रको उदाहरण प्रस्तुत गरेको देखिन्छ । त्यसै गरेर सन् १९४६ तिरको भारतको स्वतन्त्रता संग्राम र खास गरी नेपालको प्रजातान्त्रिक आन्दोलनमा संघर्षरत

---

५५. डा. कुमारबहादुर जोशी, महाकवि देवकोटा र उनका महाकाव्य वि.स. २०४५, साझा प्रकाशन पृ. १९६ ।

क्रान्तियोद्धाहरूलाई साहस, स्वाभिमान तथा वीरता र आत्मबलिदानको अपेक्षित उत्प्रेणा प्रदान गरेको पाइन्छ । यसरी ऐतिहासिक मिथक दिएर काव्यका माध्यमबाट हामीलाई कविल स्वाभिमानको पाठ सिकाएका छन् ।

**सत् र असत् पक्षका बीचको द्वन्द्वात्मक मिथक**

महाराणा प्रताप महाकाव्यमा सत् पक्ष र असत् पक्षका बीचको द्वन्द्वलाई मिथकीय रूपमा (कथात्मक ढाँचामा) प्रस्तुत गरिएको छ । यस महाकाव्यमा महाराणा प्रताप सत् पक्षका र अकबर असत् पक्षका बीचको द्वन्द्व देखिन्छ । यस महाकाव्यका नायक प्रताप राष्ट्रिय स्वातन्त्र्य चेतनका प्रतिरूप र अकबर आक्रमक शक्तिका प्रतिमूर्ति देखिन्छन् । विजयेच्छाको मूल वीरतत्व प्रताप र अकबर दुबैमा उत्तिकै देखिएको छ । त्यसैले महारणा प्रताप र अकबरको युद्ध सुरूमा समान गतिले अगाडि बढेको पाइन्छ । पन्ध्रौ सर्गमा गएर अकबर ले प्रतापको आत्मसमर्पण नगर्ने स्वाभिमानी सहनशील चरित्रप्रति संवेदनशीलता प्रकट गर्दै युद्ध बन्द गर्ने आदेश दिएबाट उक्त मूल द्वन्द्वमा सत् पक्षको नै नैतिक विजय भएको देखिन्छ । यति भएर पनि महाराणा प्रतापलाइँ चित्तौड हात नलागेकाले दुःखान्त तत्त्वचाहिँ शेष नै रहन गएको पाइन्छ । मिथकीय दृष्टिकोण भए तापनि इतिहासका अधीनमा रहँदा प्रस्तुत महाकाव्यमा कविले नायक र प्रतिनायकका बीचको द्वन्द्वको पूर्ण सुखान्त वा दुःखान्त नियति देखाउने अवसर नपाएकाले उक्त द्वन्द्वमा आंशिक दुःखान्तसहित सत् पक्षको नैतिक विजय गराइएको देखिन्छ । यसबाट पात्रहरूको चरित्राङ्कन इतिहाससम्मत हुनका साथै कविको काल्पनिक मिथकद्वारा नीतिचेत, इतिहासचेत र सत्तर्फको आकर्षणजस्ता रोमाण्टिक प्रवृत्ति प्रकटिएको पाइन्छ ।

**चरित्रमा पाइने मिथक**

महाराणा प्रताप महाकाव्यमा प्रयोग गरिएका चरित्रहरूमा कविकल्पित मिथक पाइन्छ । यस महाकाव्यको मुख्य चरित्र महाराणा प्रताप नै हुन् । उनका अतिरिक्त अकबर, मानसिंह, शक्तसिंह, भामाशाह र झालाका सरदार आदि पात्रहरू यस महाकाव्यमा देखिन्छन् । यी प्रत्येक पात्रहरूले मिथकीय काल्पनिक रूपमा र ऐतिहासिक रूपमा आ-आफ्नो भूमिका निर्वाह गरेका छन् । यस महाकाव्यको प्रमुख पात्र महाराणा प्रतापले नैतिक बलका कारण आफूलाई विजय गराएको देखिन्छ । उसमा राष्ट्रिय स्वातन्त्रप्रेम , देशभक्ति तथा जागरणधर्मी क्रान्तिकारी चेतना भएको पाइन्छ । त्यसै गरेर ऊ क्रान्तिकारी योद्धा र

आत्मबलिदानी व्यक्ति हो, उसमा साहस स्वाभिमान र वीरता देखिन्छ । ऊ जातीय राष्ट्रिय एवं राजनैतिक-सांस्कृतिक स्वातन्त्रय-युद्धको अमर आत्मबलिदानी योद्धाका प्रतीक नै बन्दछन् ।

यस महाकाव्यका प्रतिनायक बनेको अकबर चाहिँ आक्रामक शक्तिको प्रतिमूर्तिका रूपमा देखिन्छ । ऊ सँग अत्याधुनिक हातहतियार (बन्दुक र तोपहरू) भएको पाइन्छ । त्यसै गरी उसका अत्यधिक धेरै -अढाइलाख) मुगल फौज भएको बताइएको छ । त्यसैगरी यस महाकाव्यमा राष्ट्रिय स्वतन्त्रताका निम्ति सर्वस्वदान गर्ने भामाशाहको भूमिका पनि महत्वपूर्ण देखिन्छ । आत्मबलिदानद्वारा अनुपम स्वमिभक्ति प्रदर्शित गर्ने झालाका सरदार तथा भ्रातृप्रेमको ज्वलन्त दृष्टान्त बनेको पाइन्छ । यसप्रका कवि देवकोटाले ऐतिहासिक पात्रहरू लिइएर मिथकीय ढाँचामा पात्रहरूको भूमिका निर्वाह गराएका छन् । प्रस्तुत महाकाव्यमा प्रयोग गरिएको मिथकलाई नियाल्दा मुख्यगरेर विषयवस्तु गत, द्वन्द्वत्मक र पात्रगत मिथक आएको पाइन्छ । यी मिथकहरू ऐतिहासिक र कवि कल्पना प्रचुर देखिन्छन् ।

## ४.७. पृथ्वीराज चौहान महाकाव्यमा प्रयुक्त मिथक

महाकवि लक्ष्मीप्रसाद देवकोटाले वि.स. २००३ सालमा रचना गरेको महाकाव्य 'पृथ्वीराज चौहान' ऐतिहासिक विषयवस्तुमा आधारित देखिन्छ । त्रिचन्द्र कलेजका तत्कालीन प्रोफेसर गोकुलचन्द्रको 'हिन्दु संस्कृतिका राष्ट्रिय वीर-विभूतिहरूलाई पनि जगाउनुपर्छ' भन्ने प्रेरणाबाट  रचना गरेको यो महाकाव्य वि. स. २०४९ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको पाइन्छ । यो झ्याउरे लयमा लेखिएको बाईससर्गे महाकाव्य हो । यस महाकाव्यको विषयवस्तु ऐतिहासिक भएकाले मिथकीय ढाँचामा संरचित छ । मिथक ऐतिहासिक हुने भएकाले यस महाकाव्यमा आएका ऐतिहासिक घटना, तिथीमिति र स्थान सबै मिथकीय छन् । यस महाकाव्यको मिथक शाकुन्त तथा प्रमिथसमा भए जस्तो परम्परित नभएर कविकल्पित मिथक हो । त्यसै गरेर यस महाकाव्यको नायक पृथ्वीराजमा पनि अनेक मिथकीय गुणहरु देखिन्छन् । यस महाकाव्यमा प्रयुक्त विभिन्न मिथकहरूलाई यसप्रकार विश्लेषण गरिएको छ ।

**कथावस्तुमा पाइने मिथक**

यो महाकाव्यको कथावस्तु भारतिय इतिहासमा आधारित देखिन्छ । प्रस्तुत महाकाव्यमा आएका घटना, पात्र, क्रियाकलाप आदि केही बास्तवीक भए तापनि धेरै कविकल्पित परिवेश पाइन्छ । त्यसैले यस महाकाव्यमा कविकल्पित र अप्रत्यक्ष मिथक आएको देखिन्छ । प्रस्तुत महाकाव्यको कथावस्तुमा पाइने कविकल्पित मिथक यसरी सुरू भएका छन् । सन् ११९० तिरको कुरो थियो, त्यस समयमा भारत ससाना राज्यहरूमा विभाजित देखिन्छ । त्यतिखेरका हिन्दु राजा रजौटाहरू स्वार्थी भएको पाइन्छ । उनीहरूले परस्परमा इर्ष्या, द्धेष र वैरभाव राख्ने गरेको देखिन्छन् । को भन्दा को कम को घमण्डले गर्दा उनीहरूमा आपसी एकता र प्रेम भएको पाइदैन । ठाँटबाँट र झिलिमिलिको प्रदर्शन गर्ने स्वभाव भएका उनीहरूमध्ये प्रायजसो सुरा, सुन्दरी र सुनका लालची अर्थात् भोगविलासमा लम्पट भएको देखिन्छ । सत्य र धर्म थोत्रो र धोद्रो भन्ने भाव अँगाल्ने उनीहरूमा कलि (दुराचार) व्याप्त भएको पाइन्छ । यसरी त्यतिखेरको भारतका शासकहरू अत्यन्त भोगविलासी देखिन्छन् । भने प्रजाहरू चाहिँ भोकभोकै रहने गरेको पाइन्छ । यो ऐतिहासिक मिथकीय कथाबाट नेपालको १०४ वर्षे राणा शासनको अवस्थालाई देखाउन खोजिएको देखिन्छ ।

त्यस बेलाको भारतका राजा रजौटाहरूमा वसन्तको ताजा आदर्श कुनै बेला आए पनि चाडै बिलाएर गएको देखिन्छ । त्यसै गरी त्यस समयका राजा रजौटाहरूमा कुचक, षड्यन्त्र, लडाइँ-झगडा भइरहने गरेको पाइन्छ । त्यतिखेर सबैजसोको आत्मा असत्मा, अज्ञानमा, अँध्यारामा प्रवृत्त भएको देखिन्छ । यसो भए तापनि त्यस बेलाको भारतमा पृथ्वीराज चौहान एक जनाचाहि आदर्श हिन्दू राजा भएको पाइन्छ । यस महाकाव्यको कविकल्पित मिथक अनुसार पृथ्वीराज चौहान बालकै देखि शुरवीर र होनहार भएको  देखिन्छ । उनलाई धेरै नबोल्ने नचल्ने तथा पीठमा ठोक्रो र पार्स्वमा तरबार भिर्ने उनलाई 'माछाको आँखामा प्वाल पार्ने वीर' भनेर दरबारमा प्रशंसा गरिएको पाइन्छ । यस महाकाव्यका अर्को पात्र जयचन्द्र पृथ्वीराजको वीरता र फुर्ति देखेर भित्रभित्रै जल्न थालेको र अवश्वमेध यज्ञ गर्न चाहेको कथा छ । यस महाकाव्यका अनुसार जयचन्द राजा अश्वमेध यज्ञ गर्न लागेका थिए भने उनकी परमसुन्दरी छोरी संयोगिताले चाहिं धाईद्वारा पृथ्वीराज चौहानको वीरचरित्र सुन्दा उनैको सपना देख्न थालेको पाइन्छ ।

यता पृथ्वीराजले आफ्ना मित्र चन्दाबाट संयोगिता साह्रै राम्री कुलघरानकी भन्ने बयान सुने पछि तिनलाई स्वयं हेर्ने निर्णय गरेर आफू साधु र चन्दालाई आफ्ना चेला बनाएर भेष बदली कन्नौजतर्फ प्रस्थान गरेको प्रसङ्ग छ । कन्नौज सहरमा पत्र जाँचेर ढोकेले साधु शिष्यलाई दरबारतर्फ जान दिइएको देखिन्छ । त्यसपछि संयोगिताले टाढैबाट बडो गजबसँग गीत गाउने चेला सहित एक जना साधु आएको खबर सुनेर गीत सुन्ने रहर गरेकाले बगैचाभित्र गीत सुन्ने आयोजना भएको पाइन्छ । त्यहाँ गाना सुनेर हलचल भएकी तथा साधुको भेषमा ओजस्वी मुहार र वीरको जीउडाल देखेर आफ्नै हृदयदेव पो हुन् कि भन्ने भावले संयोगिताले पृथ्वीराजलाई चिनेपछि 'के चढाऊँ ?' भनेर सोद्धा पृथ्वीराजले प्रेमको दिव्य हृदय पाए यो संसारमा अरू क्यै चाहिन्न भन्ने जवाफ दिइएको पाइन्छ । जस्तैः

"के चढाऊँ भनी जा सोधिदेन"
भन्दछिन हाँसेर ।
"अत्यन्त राम्रो लाग्यो त्यो गाना
फेरि र फेरि सुन्नको चाह
दिलको भएर ।[५६]
चन्दाले गुरूसँगमा सोधी
जवाफ यो दिए ।
हृदय मात्र प्रेमको दिव्य
चाहिन्छ भन्ने आज्ञा भो लभ्य
जगत्मा त्यो भए ।[५७]

त्यसै गरि यस महाकाव्यको अर्को मिथकीय कथा अनुसार करीब सन् ११९० तिरको ऐतिहासिक घटना देखा पर्दछ । त्यसै बेला महम्मद गोरीले हमला गरी पंजाब जितेर त्यहाँको प्रशस्त धनदौलत समेत हत्याएको देखिन्छ । त्यसपछि वीर पृथ्वीराजले स्वयं सेनापति भएर सैन्य संगठन गरी रणमा कदम बढाएको पाइन्छ । महम्मद गोरी र पृथ्वीराज चौहानका बीचको युद्धमा पहिले मुसलमानले पेले तापनि पछि पृथ्वीराजले लखेटेको देखिन्छ । यसरी कथा अनुसार पृथ्वीराजको विजय भएको पाइन्छ ।

यता जयचन्द्रको दरबारमा चाहिँ राजसूय यज्ञको धुमधामका साथ संयोगिताको स्वयंवरको पनि आयोजना गरिएको देखिन्छ । त्यस यज्ञमा पृथ्वीराकहाँवाट चन्दालाई प्रतिनिधि बनाई पठाइएको पाइन्छ । त्यसैका रिसले उनको अनुहार झल्काउने पित्तलको

---

५६. लक्ष्मीप्रसाद देवकोटा, पृथ्वीराज चौहान वि. स. २०४९, साझा प्रकाशन सर्ग १०, गुच्छक ८, पृ.१२२-१२३ ।
५७. लक्ष्मीप्रसाद देवकोटा, ऐजन, पृ. १२३ ।

मूर्तिद्वारमा राख्न लगाई जयचन्द्रले त्यसमा सिस्नोको माला पहिराउन लगाँएको देखिन्छ । पृथ्वीराजचाहि भेष बदलेर अरू नै देशका राजा झै भई सभामा बसेको पाइन्छ । स्वयंवरको समय भयो संयोगिताले पृथ्वीराजलाई नदेखेपछि द्वारमा स्थित उनको मूर्तिमा माला पहिराइ दिइएको देखिन्छ । ठीक त्यसैबेला पृथ्वीराजले उठेर संयोगितालाई घोडामा राखी वायुवेगले कुदाएको प्रसंग पाइन्छ । त्यसपछि दिल्ली राजधानीमा परस्परको प्रेमातिशयमा भुलेर बस्न थालेका पृथ्वीराज र संयोगिताले भने हमलाको कुरा भुसुक्कै बिर्सेको देखिन्छ । यसै बेला पुनः गोरीले आक्रमण गरेर दुवै तर्फ घमासान युद्ध भएको पाइन्छ । यस युद्धमा हिन्दु राजाको हार भएको देखिन्छ । युद्धमा पक्रिएका पृथ्वीराजलाई गोरीको पाउ परी इस्लाम धर्म ग्रहण गरेमा नोकरसम्म बनाएर राख्ने नत्र शिरच्छेदन गर्ने घोषणा सुनाइएको पाइन्छ । यो सुनेर पृथ्वीराजले पनि उल्टो त्यसै भनेर गोरीलाई जवाफ दिइएको देखिन्छ । यसपछि रिसाएका गोरीको हुकुमद्वारा पृथ्वीराजको शिरच्छेदन गरेको पाइन्छ । भने संयोगिता सती गएको देखिन्छ ।

यसरी यस महाकाव्यमा कवि देवकोटाले ऐतिहासिक कविकल्पित मिथकलाई विषयबस्तु बनाएर महाकाव्य रचना गरेको पाइन्छ । यो मिथकीय कथाले हिन्दुराजाहरू शाहासी, बहादुरी, आत्मबलीदानी स्वधर्मनिष्ठ स्वभावका थिए भन्ने जानकारी दिइएको देखिन्छ ।

## ४.८. निष्कर्ष

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित छ वटै नेपाली महाकाव्यहरूमा मिथकको प्रयोग भएको छ । उनका महाकाव्यहरूमा प्रयोग गरिएको मिथक फरक फरक देखिन्छन् । मिथक परम्परित र कविकल्पित गरी दुई प्रकारका हुन्छन् । उनले उक्त दुबै प्रकारका मिथकहरू आफ्ना महाकाव्यमा प्रयोग गरेको देखिन्छ महाकवि देवकोटाले शाकुन्तल महाकाव्यमा पूर्वीय कथालाई मिश्रित रूप दिइएका छन् । त्यसैले शाकुन्तल महाकाव्यमा पूर्वीय एवं परम्परित मिथकको प्रयोग भएको पाइन्छ । यस महाकाव्यमा प्रयुक्त मिथकबाट महाभारतीय समाज, कालिदासीय समाज र देवकोटेली समाजको चित्रण भएको छ । महाभारत, अभिज्ञान शाकुन्तल र शाकुन्तल महाकाव्यमा वर्णित यात्राप्रसंगबाट करिब तीन सहस्राब्दीको भिन्न भिन्न सामाजिक मूल्यको बोध हुन्छ । त्यसैगरी शाकुन्तल महाकाव्यमा प्रयुक्त विभिन्न मिथकहरू मध्ये मिलन, विरह र पुनर्मिलनको क्षणलाई मिथकीय

विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । यस महाकाव्यमा प्रयुक्त अन्य केही मिथकहरूमा देवकोटाका मिथक, स्वर्गभूमिका मिथक, अवतारका मिथक आदि पर्दछन् । माथि प्रस्तुत मिथकका अतिरिक्त महाकाव्यीय स्वरूप प्रदान गर्नका निम्ति कथावस्तु, चरित्र परिवेश, बिम्ब, प्रतीक एवं भाषाशैलीमा समेत मिथकीय तत्वको समुचित विन्यास गरिएको देखिन्छ । त्यसैले लक्ष्मीप्रसाद देवकोटाद्वारा २००२ सालमा लेखिएको र सोही सालमा प्रकाशित शाकुन्तल महाकाव्य मिथकीय दृष्टिकोणले उच्च बनेको छ ।

तीन महिनामा 'शाकुन्तल' महाकाव्य लेखें भन्ने देवकोटाको भनाइलाई जाँच्नको निम्ति पुष्करशमशेरले दिएको विषयवस्तु भित्र रही १० दिनमा लेखिएको प्रतिस्पर्धात्मक र अग्निपरीक्षाको उपजका रूपमा सुलोचना प्रकाशित भएको पाइन्छ । यो महाकाव्य भानुभक्तको रामायण र देवकोटाको शाकुन्तल पछिको तेस्रो महाकाव्यका रूपमा देखिन्छ । यस महाकाव्यमा कवि देवकोटाले सामाजिक विषयवस्तुलाई ग्रहण गरेका छन् । मिथकका दुई प्रकार परम्परित (प्राकृतिक) मिथक र कविकल्पित (मौलिक) मिथकमध्ये यस महाकाव्यमा कविकल्पित मिथकको प्रयोग भएको पाइन्छ । महाकवि देवकोटाले यस महाकाव्यमा हाम्रै नेपाली समाजमा हुने गरेका विभिन्न सामाजिक क्रियाकलापहरूलाई मिथकीय रूप दिइएर कथात्मक रूपमा प्रस्तुत गरेका छन् ।

महाकवि देवकोटाको अर्को मिथकीय कथाले भरिपूर्ण महाकाव्य प्रमिथस हो । यो महाकाव्य उनले २००७ सालमा लेख्न सुरू गरेर २०१० सालमा सिध्याएको भएतापनि २०२८ सालमा प्रकाशित भएको पाइन्छ । लेखनका दृष्टिले यो महाकाव्य नेपाली साहित्यकै पहिलो जेठो गद्यात्मक महाकाव्य हो । यस महाकाव्यले पाश्चात्य ग्रीकपुराकथालाई आफ्नो विषयवस्तु बनाएको देखिन्छ । यस मध्ये महाकाव्यमा प्रयोग गरिएका विभिन्न मिथकहरू मध्ये मानव उत्पतिको मिथक, आगाको उत्पति र स्वर्गबाट आगो चोरेर पृथ्वीमा ल्याएको मिथक महत्वपूर्ण देखिन्छ । त्यसै गरेर यस महाकाव्यमा प्रयुक्त अन्य मिथकहरूमा साँस्कृतिक उन्नयनको मिथक, कठिन कार्य गरेको मिथक, स्वर्गको यात्रा गरेको मिथक र स्वर्ग धर्ती  पाताल सम्बन्धित मिथक आदि पाइन्छन् । यस महाकाव्यले यसरी विभिन्न मिथकहरूको माध्यमबाट र पाश्चात्य त्रासदीय चेतनाका माध्यमद्वारा मानव मनका विकृति, विसंगति, कुकृत्य र भावनालाई हटाउने उद्देश्य राखेको देखिन्छ ।

'वनकुसुम' महाकाव्य लक्ष्मीप्रसाद देवकोटाले आफू भाषानुवाद परिषदमा जागीरे छँदा वि.स. २००३ सालमा रचना गरेको पापइन्छ । दन्त्यकथा लोककथात्मक

पनलाई अँगाली तयार पारिएको यो महाकाव्य वि.स. २०२५ सालमा आएर साझा प्रकाशन, काठमाण्डौबाट प्रकाशित भएको देखिन्छ । यो महाकाव्यमा दन्त्यकथा लोककथाका पनहरू मात्र छन् तर यस महाकाव्यमा प्रयोग गरिएको मिथक दन्त्यकथामूलक प्राकृतिक मिथक नभई कविकल्पित मिथकनै हो । यस प्रकार कवि स्वयम्ले कल्पनामूलक बनाए तापनि यस महाकाव्यको कथाले शेक्सपियरको म्याक्वेथ र ह्यामलेट प्रभाभित पहलमानसिंह स्वाँरको अटलबहादुर नाटकका कथानकको सम्झना गराउँछ । यस महाकाव्यको मिथकीय कथानक प्रथम सर्गको सातौं श्लोकदेखि शुरू हुने लावण्य नामक नगरीको वर्णनबाट प्रारम्भ भएको देखिन्छ । कविले यस महाकाव्यमा काल्पनिक मिथकको प्रयोग गरेर प्रकृतितर्फ फर्क भन्ने रूसोको सिद्धान्तलाई पालना गरेका छन् । त्यसैगरी प्रकृति धाई आमा  हो र यसैमा सुख छ भन्ने भाव व्यक्त गरेका छन् ।

महाकवि देवकोटाले रचना गरेका महाकाव्यहरू मध्ये महाराणा प्रताप र पृथ्वीराज चौहान भारतीय इतिहासमा आधारित देखिन्छन् । उक्त दुई महाकाव्य मध्ये महाराणा प्रताप २००२ मा रचना भएर २०२४ सालमा प्रकाशित भएको पाइन्छ भने पृथ्वीराज चौहान २००२-२००३ मा रचना भएर २०४९ सालमा प्रकाशित भएको देखिन्छ । यी दुई महाकाव्यको रचना भएको समयमा नेपालमा राणा शासन थियो, त्यसैले नेपाली इतिहासतर्फ फर्कन उनलाई उक्त शासन व्यवस्थाले व्यवधान पुऱ्याएको देखिन्छ । त्यसैले छिमेकी राष्ट्रका ऐतिहासिक पुरूषको गाथागान गरेर र ऐतिहासिक कविकल्पित मिथकको प्रयोग गरेर नेपाली आन्दोलन र भारतीय आन्दोलनको रन्को रन्काएको पाइन्छ । यी महाकाव्यमा आएका मिथकहरू ऐतिहासिक, राजनैतिक भए तापनि रामायणका जस्ता प्राकृतिक वा परम्परित मिथक होइन । यी महाकाव्यमा आएका ऐतिहासिक परिवेश कहि वास्तविक भएतापनि धेरै कुराहरू कविका कल्पनाका रूपमा आएका छन् । त्यसैले यी महाकाव्यमा आएका मिथकलाई कविकल्पित नै मान्नु पर्दछ । क्रान्ति चेत, स्वतन्त्रता राष्ट्रिय चेतना र वीरगाथाका कविकल्पित मिथकहरू पाइन्छन् ।

GGG

# पाचौं परिच्छेद

## साहित्यमा मिथकको महत्व

### ५.१. पृष्ठभूमि

मिथक एउटा स्वतन्त्र विधा भए पनि यो साहित्यका अन्य विधासँग अत्यन्त घुलमिल भएर कतिपय विधासँग अविभाज्य रहेको देखिन्छ । प्राचीन समयमा साहित्यका धेरै विधाहरु एकीकृत अवस्थामा रहेका पाइन्छन् । अहिलेका इतिहास, मिथक, अनुश्रुति जस्ता छुट्टाछुट्टै विधाहरु प्राचीन समयमा  एकीकृत अवस्थामा थिए । समयको गतिसँगै उक्त विधाहरु विभाजन भएको र ती विधाहरुको आफ्नै विशिष्ट पहिचान भइरहेको अवस्थामा मिथकहरु प्राचीन सम्पदाका रूपमा रहेका पाइन्छन् । आधुनिक युगमा इतिहास, साहित्य, विज्ञान आदिको जुन विशिष्ट पहिचान र उपयोग छ, त्यसको तुलनामा मिथक आफ्नो पहिचान र उपयोगका दृष्टिले ओझेलमा परेको छ । मिथक आधुनिक ज्ञान विज्ञानको जननीका रूपमा रहेको पाइन्छ । आधुनिक ज्ञानविज्ञानले विभिन्न मिथकीय कथाहरुलाई आधार बनाएर आजको सम्पन्न र गरिमामय अवस्थामा आई पुगेको देखिन्छ । त्यसकारण साहित्य र ज्ञानविज्ञानका क्षेत्रमा मिथकको ठूलो महत्व रहेको देखिन्छ । आधुनिक भाषाका जन्मदाता संस्कृत, ग्रीक र ल्याटिन भाषाको जुन स्थिति छ साहित्य र ज्ञानविज्ञानको क्षेत्रमा मिथकको त्यही अवस्था रहेको पाइन्छ । साहित्यका विभिन्न क्षेत्रहरु जस्तैः लोकसाहित्य, महाकाव्य र अनुभुति आदिमा विभिन्न तरिकाले मिथक समावेश भएको हुन्छ । साहित्यमा उक्त मिथक आएको हुन्छ । त्यसैगरी बिम्ब, प्रतीक, भाषा आदिमा पनि मिथक पाइन्छ । त्यसैले साहित्यको एक अभिन्न अङ्गका रूपमा नै मिथकलाई लिन सकिन्छ । मिथक प्राकृतिक (परम्परित) अथवा कविकल्पित (मौलिक) जे भए पनि साहित्यमा विशेषतः मिथकमा आएकै पाइन्छ । आधुनिक युगमा मिथकको महत्व व्यवहारिक धरातलमा नदेखिए पनि ज्ञानविज्ञानका र साहित्यका विभिन्न शाखामा यसको योगदान महत्वपूर्ण रहेको देखिन्छ । अतः यहाँ मिथकको साहित्यसँगको सम्बन्ध विश्लेषण गर्दै यसको स्वरुप एवं निजी पहिचानको बैशिष्ट्य केलाइएको छ ।

## ५.२. गजलमा मिथकको महत्व

नेपाली साहित्यको इतिहासमा गजल लेखनको सुरुवात मोतीराम भट्टबाट भएको पाइन्छ । उनले गजल लेखन सुरु गर्नुभन्दा अगाडि नेपाली भाषामा गजल लेखिएको पाइदैन । यिनले थालेका गजल लेखन परम्परा श्रृङ्गार धारालाई र केही अंश भक्ति धारालाई तिख्खर पार्नमा औधि सफल भएको मण्डली र उत्तरवर्ती कविहरु अर्थात गजलकारहरु 'भीमनिधी तिवारी, म.वि.वि.शाह आदिले नेपाली गजल फाँटमा ठूलो योगदान दिइएको देखिन्छ । त्यसपछि वर्तमान समयमा थुप्रै गजलकारहरु देखिएका छन् । त्यसै गरी गजल श्रृङ्गारिक र भक्ति धारा मात्र नभई राजनैतिक, शैक्षिक, व्यङ्ग्यात्मक आदि लेखिने गरेको पाइन्छ । आयामगत दृष्टिले हेर्दा गजल विधा खण्डकाव्य भन्दा धेरै सानु फुटकर कविताका समकक्षी भए तापनि यसले मिथकलाई अङ्गालेको हुन्छ । गजलमा कुनै विषय, पात्र, घटना वा परिवेश आदिको कथा आएकै हुन्छ । त्यो विषयवस्तु, पात्र र परिवेश पौराणिक अर्थात परम्परित मिथक पनि हुन सक्छ र समसामयिक परिवेशका सामाजिक कविकल्पित मिथक पनि हुन्न सक्छ । त्यसैले गजलमा आउने मिथक परम्परित अथवा कविकल्पित जे भए पनि यसको महत्व रहेको देखिन्छ । यदि गजलमा मिथक नहुने हो भने त्यसले कुनै कुराको पनि जानकारी गराउन सक्दैन । अझ भन्नु पर्दा मिथक विना गजलको अस्तित्व नै रहँदैन । केही न केही मिथकलाई आत्मसात गरेर गजलको निर्माण भएको हुन्छ । त्यही मिथकको ढाँचा हेरेर हामी कुन प्रकारको गजल हो भनेर छुट्याउन सक्छौ । जस्तैः

जता हेऱ्यो उतै नजमा

उता हेऱ्यो उतै मेरा नजर्मा राम प्यारा छन् ।[५८]

यो गजल गजलकार मोतीराम भट्टद्वारा लिखित भक्तिपरक गजल हो । यस गजललाई विश्लेषण गर्दा भगवान विष्णुका दश अवतार मध्ये एक अवतार राम भगवानको महिमा, निष्ठा, श्रदा, भक्ति यस गजलमा गजलकार भट्टले व्यक्त गरेका छन् । त्यसै गरी राम भनेको भगवान हुन् त्यसैले यता वा उता जता हेरे पनि हाम्रो नजरमा राम छन् र उनी नै सबैका प्यारा छन् । यस गजलमा भगवान रामको मिथक आएको देखिन्छ । यो परम्परित मिथक हो । यसरी जुनसुकै प्रकारका गजलमा पनि कथानक बनेर मिथक आउने भएकाले गजलमा मिथकको महत्व झल्केको पाइन्छ ।

---

५८. मोतीराम भट्ट, सङ्गीत चन्द्रोदयमा सङ्कलित

## ५.३. फुटकर कवितामा मिथकको महत्व

गजलमा जस्तै पुटकर कवितामा पनि मिथकको महत्व रहेको देखिन्छ । फुटकर कवितामा भाव, आख्यान वा कथा र लयको उचित आयोजना गरिएको हुन्छ । ती मध्ये कवितामा आएको छोटो आख्यान वा कथा नै मिथक हो । नेपाली भाषामा प्रयोग हुने कविता शब्द तत्सम शब्द हो । यो शब्द कवि शब्दमा 'ता' प्रत्यय लागेर बनेको पाइन्छ । जसको अर्थ कविद्वारा रचित रचना भन्ने बुझिन्छ भने कतै कविको कर्म भन्ने अर्थ भेटिन्छ । यसलाई पाश्चात्य साहित्यमा Poetry भनिन्छ जुन Poetry शब्द Poet बाट विकसित भएर बनेको देखिन्छ । आज आएर संस्कृतमा नेपालीमा वा अंग्रेजी साहित्यमा समेत कविता भन्नाले मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्य सबैलाई जनाएको देखिन्छ । यहाँ फुटकर कवितामा मिथकको महत्व विश्लेषण गरिएको छ ।

फुटकर कवितामा विषयवस्तु, परिवेश, आख्यान आदिले मिथकको काम गरेको हुन्छ । फुटकर कविताले कुनै न कुनै रुपमा एउटा सानो कथा लिइएर आएको हुन्छ । त्यो कथा पौराणिक, ऐतिहासिक वा कविकल्पित पनि हुन सक्छ । जस्तोसुकै कथा वा विषयवस्तु आएता पनि त्यो कथात्मक हुने भएकोले मिथकनै हो । त्यसैले फुटकर कवितामा मिथक नआए त्यो पूर्ण कविता बन्न नसक्ने देखिन्छ । त्यस्तो कवितामा कुनै कथा नहुने भएकाले केही भाव बोकेको हुँदैन र कुनै ज्ञानात्मक सन्देश पनि दिन सक्दैन । त्यसैले फुटकर कवितामा मिथकको महत्व अत्यन्तै धेरै देखिन्छ ।

## ५.४. खण्डकाव्यमा मिथकको महत्व

कविताको लघुतम रुप (मुक्तक) लघुरुप (फुटकर कविता) भन्दा ठूलो र वृहतरुप (महाकाव्य) भन्दा सानो रुप वा मझौलो रुप नै खण्डकाव्य हो । जसमा जीवन जगतको एक पक्षको प्रस्तुति हुँदा एक रसको पूर्णता प्रकट हुने गर्दछ । खण्डकाव्यमा समग्र जीवनको एक भागलाई धर्म अर्थ काम मौक्ष जस्ता चार वर्ग मध्ये एक वर्ग र नौ रस मध्ये एक मुख्य रसको प्रयोग गरिएको हुन्छ । मूलतः खण्डकाव्य आख्यानात्मक वा कथात्मक भएको पाइन्छ । त्यही कथात्मक विषयवस्तुमा एउटा मूल भावको प्रवाहमा कवितात्मक अभिव्यक्तिको संरचना हनु नै खण्डकाव्य हो । यसरी खण्डकाव्यमा आउने मूल आख्यान नै मिथक भएको देखिन्छ । आनन्दवर्द्धनले काव्यको भेद देखाउने सन्दर्भमा परिकथा, खण्डकाव्य, सकलकथा जस्ता भेदसँग खण्डकाव्यको मिल्दोजुल्दो स्वरुप देखाएको पाइन्छ । त्यसै गरी

उनले खण्डकाव्यका निम्ति आख्यान र कविताको संयोजन मिलाउनु पर्दछ भन्ने मत व्यक्त गरेको पाइन्छ । उनको यस परिभाषामा आएको आख्यान शब्द नै मिथक हो । त्यसैले खण्डकाव्यको आत्मा नै मिथक भएको देखिन्छ । खण्डकाव्यमा मिथकीय रुपले विषयवस्तु, पात्र, परिवेश, बिम्ब, प्रतीक आदि आउने गरेको पाइन्छ । त्यसैले खण्डकाव्यका निम्ति मिथक अत्यन्त महत्वपूर्ण मानिन्छ । खण्डकाव्यमा आएको मिथक परम्परित अथवा कविकल्पित जस्तो पनि हुन सक्छ । जुन प्रकारको भए पनि खण्डकाव्यका निमित्त मिथक अनिवार्य भएको देखिन्छ । उदाहरणका लागि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्य 'सृजामाता' र मुनामदन खण्डकाव्यलाई लिन सकिन्छ । सृजामाता खण्डकाव्यमा परम्परित वा प्राकृतिक मिथकको प्रयोग पाइन्छ । यस खण्डकाव्यको कथावस्तु ग्रीसेली पुराकथामा आधारित छ । यस खण्डकाव्यमा उक्त ग्रीसेली मिथकले त्यहीँको प्राकृतिक ऋतुचक्रलाई र सृष्टिको रहस्यलाई चित्रण गर्ने काम गरेको देखिन्छ । त्यसै गरी मुनामदन खण्डकाव्यमा पाइने मिथक कविकल्पित हो । यस खण्डकाव्यमा पाइने आख्यान वा कथावस्तु सामाजिक छ । त्यही सामाजिक मिथकका माध्यमबाट कविले नेपाली समाजको बिडम्बनालाई देखाउने काम गरेका छन् । यसरी खण्डकाव्यमा आउने मिथक जस्तोसुकै भए पनि यसले ठूलो महत्व राखेको पाइन्छ । अतः खण्डकाव्यको निमित्त मिथक अनिवार्य भएको देखिन्छ ।

## ५.५. महाकाव्यमा मिथकको महत्व

महाकाव्यमा मिथकको ठूलो महत्व देखिन्छ । जुनसुकै प्रकारको महाकाव्यमा पनि मिथक आएकै हुन्छ । विशेष गरेर महाकाव्यको कथानकमा मिथक आएको देखिन्छ । त्यसै गरी महाकाव्यमा परिवेश, चरित्र, बिम्बविधान, भाषिक विधान र प्रतीकविधान आदिका रुपमा मिथक आएको हुन्छ । मिथक कविकल्पित र परम्परित गरी दुई प्रकारका हुने भएकाले जुनसुकै प्रकारका महाकाव्यमा पनि मिथक आएकै हुन्छ । मूलतः पौराणिक पूर्वीय कथावस्तु ग्रहण गरेका महाकाव्यहरुमा परम्परित मिथक आएको देखिन्छ । वर्तमान अवस्थाका समसामयिक घटनाहरुलाई विषयवस्तु बनाएर सिर्जना गरिएका महाकाव्यहरुमा कविकल्पित मिथक पाइन्छ । मिथक परम्परित अथवा कविकल्पित जस्तो भए पनि महाकाव्यमा आएर त्यसले महाकाव्यको भावलाई उच्च बनाएको पाइन्छ ।

महाकाव्यमा कविताको आधिपत्यलाई स्वीकार गर्दै मिथकको उपस्थिति हुनुपर्दछ । महाकाव्यमा जीवनको समग्रतालाई परिचालन गर्न सक्ने गरी जीवनका

अनुभवहरुको कथन मिथकीय रुपले प्रस्तुत गर्नु पर्दछ । महाकाव्यले प्रकृति, समाज, मानसिकता, बौद्धिकता जस्ता आधारभूत कुराहरुलाई आफ्नो विषयवस्तु बनाउने गर्दछ । जीवनको आन्तरिक र बाह्यपक्षको समग्रतालाई समेट्ने गरी मिथकीकृत भाव महाकाव्यमा आउनु अनिवार्य देखिन्छ । यस प्रकारको मिथकीकृत भावले अँगाल्ने क्षेत्र त्यही समाज, प्रकृति, मानसिकता र बौद्धिकता पाइन्छ भने यसको तत्वका रुपमा त्यहीकै पात्र र परिवेश देखापर्दछ । महाकाव्यमा मिथक र कविताको उचित र व्यवस्थित तालमेल हुनु आवश्यक छ अन्यथा असन्तुलित मिथकको योजनाले महाकाव्य, दुर्घटनाग्रस्त हुन सक्ने देखिन्छ । मिथकलाई माध्यम बनाएर लयात्मक अभिव्यक्ति दिनु प्रबन्ध काव्य हो जसलाई महाकाव्य भन्ने गरिएको पाइन्छ । मिथकका सूत्रहरुमा कविताको प्रभुत्व रहने गरी महाकाव्यको सिर्जना गरिएको हुन्छ । मुख्य रुपमा महाकाव्यमा कविता तत्व र मिथक तत्व हुनुपर्दछ । यसो भन्दैमा मिथक र कविता भएर मात्रै महाकाव्य बन्दैन ती दुबै तत्व सन्तुलित रुपमा संयोजित हुनुपर्दछ । कविताको प्रधानता रहने गरी मिथकको अधिकता प्रयोग गरी महाकाव्यको सिर्जना भएको पाइन्छ । मिथकले कवितालाई थिच्यो भने त्यो पद्यात्मक उपन्यास बन्ने देखिन्छ । त्यसकारण मिथकलाई निम्नतम प्रयोग गरी महाकाव्य लेखिएको पाइन्छ । सामाजिक, ऐतिहासिक, पुराकथामूलक जस्तोसुकै महाकाव्य भए पनि मिथक अहिलेसम्म अपरिहार्य रुपमा रहेकै देखिन्छ । मिथक कथात्मक हुने भएकाले महाकाव्यमा पाइने कथा नै मिथक हो । कथानक विनाको महाकाव्य महाकाव्य ठहर्दैन, त्यसैले मिथक ( कथानक) महाकाव्यमा आएकै हुन पर्दछ । त्यसकारण महाकाव्यमा मिथकको महत्व भएको देखिन्छ ।

## ५.६. कथामा मिथकको महत्व

कथाकार एडगर एलेन पोका अनुसार कथामा कथात्मक हुनुपर्दछ । कथात्मका भन्नाले पात्र, घटना, कार्यव्यापार पर्दछ । यस भनाइबाट पनि कथामा मिथक (कथात्मकता) हुनै पर्ने देखिन्छ । कथामा समावेश भएको मिथक पात्र, घटना, विषयवस्तु सबैतिर व्याप्त हुन्छ । त्यसै गरी कथा विधामा बिम्बप्रतिक आदिमा पनि मिथकीय रुप पाइन्छ । कथाभित्र मिक पाइन्छ । त्यो कल्पित अथवा परम्परित जस्तो पनि हुन सक्छ । आधुनिक कथामा मिथक केही पातलो रुपमा पाइन्छ  तापनि मिथक भने प्रत्येक कथाभित्र रहेकै देखिन्छ । मिथकले कथामा कहिले सघन रूप लिन्छ भने कहिले पातलो रूप लिन्छ । कथा विभिन्न प्रकारका पाइन्छन् । जस्तैः सामाजिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा, मनोवैज्ञानिक

कथा आदि । यस्ता विभिन्न प्रकारका कथाहरु सबैमा कथा अनुसारको मिथक आएकै पाइन्छ । उदाहरणको लागि सामाजिक कथाको रूपमा गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथालाई लिन सकिन्छ । पौराणिक कथाका रुपमा बदरीनाथ भट्टराईको न्यायको पक्ष कथालाई लिन सकिन्छ । त्यसै गरी मनोवैज्ञानिक कथाको उदाहरणको रुपमा विश्वेश्वरप्रसाद कोइरालाको दोषी चस्मा कथालाई लिन सकिन्छ । यी सबै कथाहरुमा बेग्ला बेग्लै कथानक, पात्र, परिवेश, प्रतीक, बिम्ब आदि छन् । त्यसैले कथा अनुसार मिथक पनि फरक फरक हुन्छन् तर प्रत्येक कथामा मिथक हुनै पर्ने देखिन्छ । त्यसैले कथा विधामा मिथकको महत्व भएको हो ।

## ५.७. उपन्यासमा मिथकको महत्व

उपन्यास आख्यानात्मक भएकोले गर्दा यसमा मिथकको महत्व अत्यधिक देखिन्छ । आख्यानको पर्यायका रुपमा मिथक मिल्ने भएकोले मिथक बिना उपन्यासको सिर्जना हुन सक्दैन । उपन्यास शब्दको प्रयोग संस्कृत साहित्यको वैदिक एवम् लौकिक ग्रन्थहरुमा भेट्न सकिन्छ । वेदमा भएका आख्यान उपाख्यानले उपन्यास रचना निम्ति प्रेरक पृष्ठभूमिको काम गरेको पाइन्छ । लौकिक संस्कृतमा उपन्यास शब्दको सर्वप्रथम प्रयोग भरतमुनिले नाट्यशास्त्रमा गरेको देखिन्छ । पूर्वीय साहित्यमा बाणभट्टको कादम्बरीलाई महिमामय औपन्यासिक कृति मानिन्छ । अंग्रेजीमा आख्यानका रुपमा धेरै पहिलेदेखि लोककथा, दन्त्यकथा र परीकथालाई लिने गरिन्थ्यो । आख्यानले सम्पूर्ण गद्यविधालाई जनाउँथ्यो भने अहिले आएर अंग्रेजीमा आख्यानले कथा र उपन्यासलाई टुक्र्याएको देखिन्छ । त्यसकारण अंग्रेजी साहित्यमा पनि मिथक (आख्यान) लाई उपन्यासमा बढी महत्व दिएको छ ।

मिथक भनेको त्यो हो जो कथानकमा आधारित हुन्छ । अतः घटना र प्रसङ्गको तार्किक आधारमा कार्यकारण श्रृङ्गारबाट जोडिएको घटनालाई मिथक भनिन्छ । यस्ता घटनाहरु मानवीय हुन्छन् । पञ्चन्त्रमा पात्रहरु पशु भए पनि मानवीय कुराका लागि लाक्षणिक रुपमा प्रयोग गरिएको हुन्छ । अतः मानवीय कच्चा पदार्थलाई कार्यकारण श्रृङ्खला मिलाएर उत्पादन गरिएको घटनालाई मिथक भनिन्छ । मिथकमा प्रमुख महत्व चरित्रले पायो भने परिवेश र घटना गौण हुन सक्छन् । त्यसकारण उपन्यासमा जसरी भएपनि मिथक आएकै हुन्छ । मिथकले उपन्यासमा ठूलो महत्व राखेको देखिन्छ । उपन्यासको एउटा तत्वकै

रुपमा मिथक रहेको पाइन्छ ।

## ५.८. लोकसाहित्यमा मिथकको महत्व

मिथक र लोकसाहित्य बीच केही समान गुणहरु पाइन्छ । साहित्यका अन्य विधाहरुमा जस्तै लोकसाहित्यमा पनि मिथकको स्थान महत्वपूर्ण देखिन्छ । मिथक र लोकसाहित्यलाई पर्यायधर्मी शब्दका भावमा लिइएको पाइए पनि यी दुबै परम्परागत रुपमा हस्तान्तरण हुँदै र लोकविश्वासमा जीवित हुँदै आएका विधा हुन् । लेविस स्पेन्सका अनुसार मिथकशास्त्रले प्राचीन धर्मको अध्ययन गर्दछ भने लोकशास्त्रले पनि प्राचीन धर्म र रीतिरिवाजको अध्ययन गर्दछ (स्पेन्स, १९९४: १२)। मिथक समुदायमा आस्थाका रुपमा जीवित रहन्छ भने लोकसाहित्य व्यवहारमा नै प्रयोग गरिएको पाइन्छ । लोकसाहित्यमा आएका विभिन्न लोककथाहरु हुन् । त्यसैले लोकसाहित्य र मिथक केही रुपमा फरक देखिएता पनि लोकसाहित्यमा मिथकीय घटना र कथाहरु समावेश भएका हुन्छन् । लोकसाहित्यमा आएका घटना, पात्र वा परिवेश आदि मिथकीय पनले भरिपूर्ण हुन्छन् । लोकसाहित्यमा पात्र दैवी गुणले सम्पन्न, अतिप्राकृतिक वा अतिमानवीय हुन्छन् । यस्तै विशेषता भएका पात्र मिथकमा पाइने भएकालले लोकसाहित्यमा मिथकको महत्व झल्किएको देखिन्छ । लोकसाहित्यले आफ्नो विषयवस्तुको रुपमा लिने कथा भनेको मिथकीय कथाहरु नै हुन् । लोकसाहित्यका विभिन्न विधाहरु पाइन्छन् । लोकगाथा, लोकनाटक, लोककथा, लोककविता, लोकगीत आदि लोकसाहित्यका विधा हुन् । यिनमा लोककथा, लोकगाथा जस्ता आख्यानमूलक लोकसाहित्यसँग मिथकको अभिन्न सम्बन्ध रहेको पाइन्छ । सत्तेन्द्रका अनुसार मिथकहरु देवता, धर्म र आस्थासँग जोडिएका हुन्छन् । देवीदेवताहरुको उपस्थितिले मात्र मिथक ( धर्मगाथा) नबन्ने उल्लेख गर्दै त्यसमा धार्मिक विश्वास एवम् धार्मिक लाभ हुनुपर्दछ अनिमात्र मिथक बन्दछ भनिएको छ ( सत्येन्द्र, १९७१:१५१)। सत्येन्द्रद्वारा गरिएको उक्त तुलनाले मिथकलाई धार्मिक पक्षसँग जोडेको पाइन्छ । त्यसैले लोकसाहित्यका विषयवस्तु र परिवेश धार्मिक पक्षसँग जोडिएका देखिन्छन् । लोकसाहित्य बडी व्यवहारिक हुने भएकाले यसमा मिथकीय पात्रका क्रियाकलापबाट मानवीय चरित्रका पाठ सिकाउन सकिने भएकोले गर्दा पनि लोकसाहित्यमा मिथकको महत्व बढेको पाइन्छ । त्यसैगरी शिवपावर्ती, विष्णुलक्ष्मी आदि देवमूलक मिथकहरुलाई लोकमनोरञ्जनका निम्ति प्रस्तुत गर्न सकिने देखिन्छ । मिथक कविकल्पित र परम्परित गरी दुई प्रकारका हुने भएकाले लोकसाहित्यमा कविले आवश्यकता अनुसार जुन मिथक पनि प्रयोग गर्न सक्न्छन् । कुनै गुफा, पहाडपर्वत, नदीनाला,, वनपाखा

आदिसँग दैवी प्रसङ्ग जोडेर आनन्द, मनोविनोद आदिका निम्ति लोकआख्यानको उपयोग गरिएको देखिन्छ । यद्यपि ती आख्यानहरुमा सत्यतथ्यको अभिव्यञ्जन नहुने होइन तर त्यो गौण भएको पाइन्छ । प्राय गरेर यस्ता मिथकीय प्रसङ्गहरु लोककथामा अभिप्रायका रुपमा प्रयोग भएको देखिन्छन् । लोकसाहित्य अन्तर्गत पर्ने लोकगाथाहरुमा आएका यस्ता पौराणिक अभिप्रायहरुलाई मिथक अभिप्रायको संज्ञा दिएको पाइन्छ । यस्ता मिथकहरुले स्पष्ट रुपमा वा व्यञ्जनात्मक रुपमा पृथ्वीको उत्पत्ति, मानिसहरुको प्रथम अवतरण, सांस्कृतिक नायक र तिनका कार्यहरु, मानवीय संस्कृतिको संस्थापन र जीवनयोग्य वातावरण निर्माणको सम्बन्धमा बताउने देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने मिथकमा प्रकृति, मानव समाज आदिका गम्भीर रहस्यहरु लुकेका हुन्छन् र तिनलाई लोकसाहित्य अन्तर्गत पर्ने लोककथाहरुमा अभिप्रायका रुपमा लिइन्छ । यसबाट स्पष्ट हुन्छ कि लोकसाहित्यमा मिथकको महत्व अत्यन्त धेरै छ । नर्थ्रप फ्राइले मिथक र लोककथाको तुलना गरेका छन् । उनका अनुसार मिथक र लोककथा दुबै अमूर्त कथा ढाँचा हुन् । ती दुबैका आ-आफ्नै महत्व भए पनि मिथकहरु केही गम्भीर र विशिष्ट प्रकृतिका हुन्छन् र ती वास्तविक हुन् भन्ने विश्वास गरिन्छ भने लोककथाले केवल अभिप्रायलाई बदल्छ र विविधताको विकास गर्छ ।[५९] यसबाट पनि लोकसाहित्य अन्तर्गत पर्ने लोककथाको विषयवस्तुका रुपमा मिथक आउने कुरा प्रष्ट भएकाले लोकसाहित्यमा मिथकको महत्व बढेको हो । त्यसैगरी चूडामणि बन्धुद्वारा जेकोब ग्रीम र विल्हेम ग्रीमको मान्यता प्रस्तुत गर्दै लोककथाहरु पौराणिक कथाका अवशेषहरु हुन्, भनिएको छ । चूडामणि बन्धुको यस भनाइबाट मिथकबाट नै लोककथा निर्माण हुने देखिन्छ । त्यसैले लोक साहित्यमा मिथकको महत्व व्यापक देखिन्छ ।

यसरी लोकसाहित्यलाई प्रख्यात विषयवस्तु मिथकले प्रदान गर्दछ, त्यसैले लोकसाहित्यमा मिथकको महत्व छ । पौराणिक विषय नै उद्देश्य वा प्रयोजनका दृष्टिले लोकमनोविनोदका निम्ति उपयोग गरिन्छ । मिथकमा आस्था र विश्वास हुन्छ त्यो लोकसाहित्यका रुपमा स्थापित हुन्छ । लोकसाहित्य काल्पनिक र तर्कातीत मानिए पनि तिनमा मिथकले गर्दा लोकआस्था र विश्वासको गाम्भीर्य रहेको हुन्छ । त्यसैले लोकसाहित्यमा मिथकको महत्व अत्यन्तै ठूलो देखिन्छ ।

---

५९. नर्थ्रप फ्राइ, १९७४: १६४ ।

## ५.९. अनुश्रुतिगत साहित्यमा मिथकको महत्व

अनुश्रुति शब्दलाई अंग्रेजीको लिजेन्डको नेपाली रुपान्तरणका रुपमा लिइएको पाइन्छ । अनुश्रुतिका समानार्थी शब्दका रुपमा नेपालीमा पुराण, कथा, दन्त्यकथा, उपाख्यान, पुराख्यान जस्ता शब्दहरु व्यवहारमा देखिन्छन् । मिथक पनि पुराण, कथा, दन्तेकथा, उपाख्यान, पुराख्यान फरक हुने भएकोले अनुश्रुतिगत साहित्यमा मिथकले आफ्नो महत्वपूर्ण भूमिका खेलेको छ । केही शब्दहरु समानार्थीका रुपमा अनुश्रुतिगत साहित्य र मिथकीय साहित्य दुबैमा देखिन्छन् । यदि हुँदा हुँदै पनि यी दुबैमा आंशिकरुपले अर्थगत भिन्नता पाइन्छ । यहाँ अनुश्रुति र मिथक सम्बन्धी अर्थ र प्रयोगगत भिन्नतालाई देखाएको छ । ( **इन्साइक्लोपिडिया ब्रिटानिका**का अनुसार अनुश्रुतिमा कालको अवधारणा वीरगाथामा जस्तै विगतको विशेष क्षण हुन्छ । यसमा नायकहरु महान् धार्मिक व्यक्तिहरु हुन्छन् तर तुलनात्मक रुपमा अनुश्रुतिले मिथकजस्तो आधिकारिकतालाई वहन गर्दैनन् साथै अनुश्रुतिमा निहित सत्यको स्रोत मिथकबाट नै आएको मानिन्छ ।[६०] यसरी अनुश्रुति र मिथक विचमा केही भिन्नता देखाइए तापनि अनुश्रुतिमा निहित सत्यको स्रोत मिथकबाट नै आएको मानिन्छ भनिएबाट अनुश्रुतिमा मिथकको गहिरो महत्व छ भन्ने प्रष्ट हुन्छ ।

## ५.१०. निष्कर्ष

साहित्यमा मिथकको महत्व देखिन्छ । साहित्यका प्रत्येक विधाहरु जुनसुकै भए तापनि त्यसमा विधा अनुसारको कथा, आख्यान वा मिथक आएकै हुन्छ । त्यति मात्र नभएर साहित्यिक विधाहरुमा बिम्ब र प्रतीकहरु आएका हुन्छन् । ती बिम्ब-प्रतीकहरुले पनि मिथकको काम गरेको पाइन्छ । विशेष गरेर मिथक कुनै पनि विधाको कथावस्तु वा कथानकमा आएको देखिन्छ । कथा, उपन्यास, खण्डकाव्य र महाकाव्यमा मिथक आख्यानका रुपमा आएको पाइन्छ । मुक्तक, फुटकर कविता, गजलमा पनि मिथक आएको हुन्छ । ती विधाहरुमा कुनै न कुनै पात्र परिवेश वा कथा र सन्देश हुने भएकाले सबै साहित्यिक विधाहरुमा मिथकको महत्व देखिन्छ ।

---

६०. इन्साइक्लोपिडिया ब्रिटानिका, १९८४: ७९४-७९५ ।

# छैटौं परिच्छेद

## उपसंहार एवम् निष्कर्ष

### ६.१ पृष्ठभूमि

### क. महाकाव्यको संरचनामा मिथक

महाकाव्य जस्तो गरिमामय र बृहत्त विधाको निमित्त मिथक अनिवार्य तत्व देखिन्छ । महाकाव्यमा परम्परित अथवा काल्पनिक आख्यान आउने भएकाले त्यही आख्यान नै मिथक हो । त्यसैले महाकाव्यमा आख्यानमा प्रयोग गरिने आख्यानात्मक मिथकीय कथा खण्डकाव्यको भन्दा वृहत्त हुन्छ । महाकाव्यमा जति व्यापक र विस्तृत मिथकको प्रयोग गऱ्यो त्यतिनै महाकाव्यको संरचना ठूलो हुन्छ । त्यसैले महाकाव्यको संरचना कत्रो हुन्छ भन्ने कुरा मिथकीय कथामा भर पर्दछ । जस्तैः रामायण र शाकुन्तल महाकाव्यमा प्रयोग गरिएको मिथक परम्परित र विस्तृत भएकाले यी दुबै महाकाव्यको संरचना ठूलो छ । प्रमिथस र शाकुन्तलको तुलनामा सुलोचना र वनकुसुमको मिथक छोटो र कविकल्पित भएकाले ती दुबै महाकाव्यको संरचना पनि सानो छ । त्यसैले महाकाव्यको संरचना मिथकमा भर पर्दछ भन्ने स्पष्ट हुन्छ ।

साहित्यका विभिन्न विधाहरुमा कविता प्राचीनतम विधा मानिन्छ । यसका लघुतम रुपदेखि बृहत्तमसम्मका विभिन्न रुपहरु छन् । कविताको स्वरुप लघुतम, लघु, मध्यम र वृहत-बृहत्तर-बृहत्तम सम्म विस्तारित भएको पाइन्छ । कविताको लेख्यरुप विकास हुनुपूर्व नै मौखिक परम्परामा वा अलिखित परम्परामा कविताको अस्तित्व रहेको देखिन्छ । पूर्वमा रामायण र महाभारत एवं परिश्चममा इलियड र ओडिसी महाकाव्यहरु प्राचीन समयमा नै निर्माण भएका छन् । महाकाव्यको सैद्धान्तिक परम्परा धेरै पुरानो देखिन्छ साथै पूर्वमा र पश्चिममा फरक-फरक सैद्धान्तिक परम्परा पाइन्छ ।

महाकाव्यको पूर्वीय चिन्तन परम्परा अनुसार महाकाव्य 'महत चासो काव्यम्' अर्थात महाकाव्य ठूलो, बृहत, विस्तृत, विशाल काव्य हो । पूर्वीय चिन्तन परम्परामा भामहले प्रस्तुत गरेको महाकाव्यको लक्षण अनुसार महाकाव्य सर्गबद्ध हुनु पर्दछ । त्यसै गरी महाकाव्यको नायक महान् सदाश्रित, कुलीनता, शूरता, र ज्ञानले युक्त हुनुपर्दछ । उनले

वर्ण्य विषयको विशिष्टता देखाउनका निम्ति मन्त्रणा, दूतप्रेषण, यात्रावर्णन, काव्यवैभव, चतुर्वगको उल्लेख, अर्थको विशिष्टता र लोकस्वभावले युक्त जस्ता पक्ष महाकाव्यमा हुनुपर्ने कुरा बताएका छन् । भामहपछि महाकाव्यको विस्तारसाथ चर्चा गर्ने आचार्य दण्डी मानिन्छ । दण्डीका अनुसार आशीर्वादात्मक, नामस्क्रियात्मक र वस्तुनिर्देशात्मक मङ्गलाचरण महाकाव्यमा वाच्छनीय मानिन्छ । यसरी नै इतिहास प्रसिद्ध कथावस्तु, चतुर उदात्त नायक, नगर, समुद्र पहाड, ऋतु, चन्द्र सूर्यको उदयवर्णन, बगैंचा, जलक्रीडा महाकाव्यमा अपेक्षित भएको पाइन्छ । यसबाट के बुझिन्छ भने दण्डिको महाकाव्य लक्षणमा विस्तृतता आउनुका साथै महाकाव्यमा आवश्यक पर्ने मुख्य तत्व भन्दा अन्य सामान्य लक्षणको प्रमुखता हुन्छ ।

महाकाव्यको पूर्वीय चिन्तन परम्परामा महाकाव्यको लक्षण बताउने आचार्य आठौँ शताव्दीका रुद्रट हुन् । उनका अनुसार महाकाव्यमा सुन्दर नगरको वर्णन गरिन्छ र त्यस नगरमा रहेको नायकीय वंशको चर्चा गरिन्छ । रुद्रटका अनुसार नायक प्रभुशक्ति, मन्त्रशक्ति र उत्साहशक्तिजस्ता शक्तित्रयद्वारा युक्त सर्वगुण सम्मन्न, सबैमा प्रिय, विजयमा इच्छुक हुनुपर्दछ । उनले त्रिवर्ग (धर्म, अर्थ, काम) मा जोड दिएको पाइन्छ । त्यसैगरी नगरादिवर्णन मन्त्रणा, दुतप्रेषणादि कार्यलाई पनि रुद्रटद्वारा स्विकारिएको पाइन्छ । महाकाव्यको लक्षण बताउने अर्का व्यक्ति हेमचन्द्र देखिन्छन् । उनका अनुसार महाकाव्य संस्कृत, प्राकृत, अपभ्रंश र ग्राम्य भाषामा क्रमशः सर्ग आश्वास सन्धि र अवस्कन्थमा निबद्ध समुचित सन्धियुक्त एवं शवदार्थ वैचित्र्य युक्त पद्यमय हुन्छ (हेमचन्द्र,१९०१:३३०)। घर हेमचन्द्रपछि महाकाव्यको विस्तारसाथ चर्चा गर्नेमा १४ औं शताब्दिका विश्वनाथको नाम महत्वपूर्ण रहेको छ । विश्वनाथद्धारा प्रस्तुत महाकाव्यीय विशेषताहरुमा अनेक नायकहरु हुनसक्ने शृङ्गार वीर, शान्तमध्ये कुनै एक अङ्गी रस हुनुपर्ने, आठ सर्गभन्दा माथि हुनै पर्दछन् । त्यसैगरी काव्यको नामकरण कविको नामबाट, विषयवस्तुका आधारमा न्यायको नामबाट वा कुनै आधारमा हुनुपर्नेजस्ता मूलभूत मान्यताहरु रहेका छन् (विश्वनाथ, १९७९, ५४९-५१)।

माथि प्रस्तुत गरिएको पूर्वीय काव्य लक्षणसम्बन्धी चर्चाहरुबाट निस्किएको निचोर्डलाई यहाँ बुँदाँदागत रुपमा उल्लेख गरिएको छ ।

## ख. मिथकको व्यवस्थित समायोजन

पूर्वीय महाकाव्यका लक्षणकारहरुम सबैले सर्गबद्धतालाई उल्लेख गरेको पाइन्छ । भामह, दण्डी र विश्वनाथले लक्षणको प्रारम्भ नै सर्गबद्धताबाट गरेको पाइन्छ भने हेमचन्द्र र रुद्रटले पनि सर्गको चर्चा गरेका छन् । सर्ग शव्द सृष्टि, रचना आदि अर्थसँग सम्बन्धित भएको हुँदा महाकाव्यमा भावरचना वा भावसृष्टिको अर्थमा उपयोग भएको देखिन्छ । महाकाव्यमा आएका सबै सर्गहरुमा मिथकको राम्रो र व्यवस्थित समायोजन भएको हुनुपर्दछ । महकाव्यका सर्गहरुमा मिथक दोहोरिएमा त्यस सर्गको महत्व रहँदैन । त्यसैले प्रत्येक सर्गमा मिथकको क्रमबद्ध समायोजन हुनुपर्छ ।

## ग. मिथकमा आधारित चरित्र

महाकाव्यको महत्वपूर्ण तत्वका रुपमा मिथकमा आधारित चरित्रलाई लिएको पाइन्छ । महाकाव्यको नायक महान् व्यक्ति देवता, अर्द्धदेवता क्षत्रिय कुलोत्पन्न राजा वा वीर पुरुष हुनुपर्ने धारणा रहेको देखिन्छ । नायकका क्रियाकलाप वा कार्य कार्यव्यापार उदात्त, महान् एवं मिथकमा आधारित हुनपर्ने मानिन्छ । नायकीय गुणमा मिथकीय गुणलाई महत्वसाथ लिएको पाइन्छ । रुद्रटले नायकका अनेक विशेषण भनेको पाइन्छ । उनका अनुसार नायक धर्म, अर्थ, कमजस्ता त्रिवर्गले युक्त, प्रभुशक्ति, मन्त्रशक्ति र उत्साहयूक्तिले भरिपूर्ण, प्रजालाई खुसी तुल्याउने विजयको आकाङ्क्षी एवं सर्वगुण सम्पन्न राजा महाकाव्यको नायक हुनुपर्ने धारणा रहेको पाइन्छ । यसरी महाकाव्यमा मिथकीमा आधारित चरित्र महत्वपूर्ण तत्वका रुपमा रहेको देखिन्छ र यही चरित्रकै केन्द्रियतामा महाकाव्यको सम्पूर्ण बस्तु केन्द्रित रहेको हुन्छ ।

## घ. पाश्चात्य चिन्तन परम्परामा मिथक

महाकाव्यको पाश्चात्य चिन्तन परम्परामा मिथकलाई महत्वपूर्ण साथ हेरिन्छ । अङ्ग्रेजीमा महाकाव्यलाई बुझाउने शब्दका रुपमा 'एपिक' शब्दको प्रयोग भएको पाइन्छ । यो लामो आख्यानात्मक कविताको रुपलाई बुझाउन प्रयोग भएको देखिन्छ । यहि आख्यानात्मक भन्नुनै मिथक हो । पश्चिमी साहित्यमा महाकाव्यको परम्परा लामो देखिन्छ भने यसका बारेमा चिन्तन पनि प्राचीन देखिन्छ । महाकाव्यको विस्तारसाथ चिन्तन गर्ने व्यक्ति एरिष्टोटल मानिन्छन् । एरिष्टोटल महाकाव्यलाई उच्चत्तर प्रकारका मिथकको कवितात्मक अनुकरण मान्दछन् । एरिष्टोटलीय मान्यता अनुसार महाकाव्य अनुकृतिको एक भेद हो र यो

षदपदी छन्दमा लेखिएको मिथक एवं मिथकले भरिपूर्ण कवितात्मक रुप हो एरिष्टोटलले दुःखान्त्यलाई सर्वोच्च स्थान प्रदान गरे जस्तै विडा महाकाव्यलाई सर्बोच्च स्थान दिन्छन् भने ड्यानियल्लो महाकाव्यलाई राजा तथा नायहरुको उच्च मिथकीय चरित्रको अनुकरणका रुपमा स्वीकार्दछन् (भारद्वाज, १९९४:३१८ )। टिलियडंका अनुसार महाकाव्य मिथकीय दृष्टिकोणले गौरवपूर्ण, समृद्ध, संयमित र सङ्गीतात्मक हुनुपर्दछ साथै महाकाव्यमा प्रणयतत्व, व्यङ्ग्य र अन्य विशेषताहरु मिथकीय हुनुपर्दछ (भारद्वाज, १९९४:३१९)।

यी उपर्युक्त महाकाव्य सम्बन्धी विभिन्न धारणाबाट पश्चिममा महाकाव्य चिन्तनको लामो परम्परा रहेको देखिन्छ। पश्चिमी महाकाव्य सम्बन्धी चिन्तनलाई विश्लेषण गर्दा महाकाव्यमा मिथकको विशिष्ट स्थान रहने देखिन्छ । यस्ता महाकाव्यीय गुणहरुमा मिथकमा आधारित चरित्र, मिथकीय शैली, मिथकीय जीवनजगत्को व्यापक चित्रण , मिथकीय आख्यानात्मकता, षट्पदीय छन्दको उपयोग आदि गुणले युक्त महाकाव्य हुनुपर्ने देखिन्छ ।

## ६.२. नेपाली महाकाव्यमा मिथकको योगदान

महाकाव्य कविता विधाको बृहत रुप हो । मिथकीय विषयवस्तु, भाव, भाषा आदिका दृष्टिले गरिमायुक्त हुने हुँदा महाकाव्य सिर्जनाका निम्ति विशिष्ट मिथकीय प्रतिभा र परिवेशको आवश्यकता पर्दछ । पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियानसँगै नेपाली भाषामा साहित्य सिर्जना हुन थालेको पाइन्छ । सुवानन्द दास, शक्ति वल्लभ अर्याल, राधा वल्लभ अर्याल, उदयानन्द अर्याल र स्वयम् पृथ्वीनारायण शाह आदिका रचनाबाट नेपाली साहित्यको उठान भएको देखिन्छ। नेपाली भाषामा कविता लेख्ने पहिला व्यक्ति सुवानन्ददास मानिन्छन् र उनको 'पृथ्वीनारायण' शीर्षकको कविता पहिलो नेपाली कविता मानिएको छ । यी कविताहरुमा पनि मिथकको प्रयोग भएको छ ।

शाकुन्तल महाकाव्यलाई प्रथम आधुनिक एवं मानक र पूर्वीय परम्परित मिथकले भरिपूर्ण महाकाव्यका रुपमा स्वीकार गरिएको छ । यस पूर्वको कालखण्डलाई नेपाली महाकाव्यको पृष्ठभूमि काल मानिएको छ ।

नेपाली महाकाव्यहरुमा शाकुन्तलमामात्र नभएर अन्य धेरै महाकाव्यमा मिथकले ठूलो योगदान दिएको छ । समग्र नेपाली महाकाव्यहरुलाई मिथकीय दृष्टिकोणले विश्लेषण गर्दा सबै महकाव्यहरुमा मिथक प्रयोग भएको पाइन्छ । त्यसैगरी यस शोधपत्रको चौथो

परिच्छेदमा उल्लेख भए अनुसार महाकवि देवकोटाका ६ वटै महाकाव्यमा मिथकले महत्वपूर्ण योगदान दिएको कुरा प्रष्ट छ । त्यसै गरी भानुभक्त आचार्यको रामायण, सोमनाथ सिग्देलको 'आदर्श-राघव' आदि महाकाव्यहरुमा पनि मिथकको ठूलो योगदान देखिन्छ ।

## क. महाकवि देवकोटाको महाकाव्य यात्रामा मिथकको योगदान

दश वर्षको उमेरदेखि नै कविता लेखनमा लागेका देवकोटा चौतीस वर्षको ओरमा महाकाव्य लेख्न तम्सिएको पाइन्छ । यसको मतलव वि.स. २००० सालदेखि महाकवि लक्ष्मीप्रसाद देवकोटा महाकाव्य लेख्न थाल्दछन् । महाकवि देवकोटा महाकाव्य लेखनको सुरुवात 'सुषमालोचना' बाट प्रारम्भ गर्दछन् तापनि उनी नेपाली 'शाकुन्तल'मा मिथकले भरिपूर्ण हुन पुग्दछन् । वि.स. २००२ सालमा प्रकाशित 'शाकुन्तल' महाकाव्य नै उनको पहिलो मिथकले भरिपूर्ण र प्रकाशित रचना हो । महाकवि देवकोटाका शाकुन्तल, सुलोचना, महाराणा प्रताप, वनकुसुम, पृथ्वीराज चौहान र प्रमिथस गरी जम्म ६ वटा महाकाव्य प्रकाशित भएको पाइन्छन् । यी ६ वटै महाकाव्यमा परम्परित तथा कविकल्पित मिथकको प्रयोग भएको छ ।

## ख. मिथकको परिचय र विशेषता

मिथक शब्दको व्युत्पादन प्रक्रिया केही नवीन किसिमको छ । यो शब्द नेपालीमा प्रयोग भएर प्रचलित भईसके पनि यसको मूल रुप खोज्न अङ्ग्रेजी भाषामा पुग्नु पर्दछ । मिथक शब्दमा रहेका आधार र आधेय पद 'मिथ' र 'क' दुबैको स्रोत भिन्न भिन्न भाषामा रहेको पाइन्छ । मिथ शब्द अङ्ग्रेजी भाषामा रहेको पाइन्छ । मिथ शब्द अङ्ग्रेजी मूलको हो भने क प्रत्यय संस्कृत मूलको हो । यसको आधार पद अङ्ग्रेजी भाषामो मिथ शब्द हो र यही मिथ आधार पदमा संस्कृतको क प्रत्ययको योगबाट मिथक शब्द बनेको देखिन्छ । मिथ शब्दको मूल मुथस हो र यसको अर्थ मुखबाट उच्चरित कुनै कुरा हो भन्ने हुन्छ । मिथक शब्दको विशिष्टकृत अर्थ परम सत्य, अतर्क्य कथन, आप्तवचन, लोगोसको समानार्थी भन्ने हुन्छ । त्यसै गरी मिथकको विस्तारित अर्थ कथा, कथानक, प्राचीन कथा, धार्मिक कथा, कल्पना र यथार्थ मिसिएको कथा, किंवदन्ती, सृष्टिविषयक कथा, लोककथा आदि भन्ने हुन्छ । त्यसरी नै मिथकको सङ्कुचित अर्थ असत्य कथा काल्पनिक कथा, कपोल कल्पना भन्ने रहेको पाइन्छ ।

यी माथिका सबै अर्थमा मिथकको प्रयोग भएको पाइन्छ । सामान्य अर्थदेखि विशिष्ट अर्थसम्ममा यी शब्दहरु उपयोग भएको देखिन्छ । मिथकहरु मानवजीवनका रुपरेखाको अङ्ग हुन् जसले आस्थाहरुलाई व्यक्त गर्दछन् । मानवीय व्यवहारलाई सही आकार प्रदान गर्दछन् । मिथकको आफ्नै स्वरुप, संरचना र वैशिष्ट्य हुन्छ जुन समाजमा अकाट्य विश्वासका साथ स्थापित हुन्छ । समग्रमा भन्नु पर्दा परिवर्तित समय र सन्दर्भानुसार प्राचीन कथाहरुले नयाँ नयाँ अर्थ वहन गर्दछन् । त्यसैले त्यही नवीन सन्दर्भगत अर्थनै मिथक हो भन्न सकिन्छ ।

माथि प्रस्तुत गरिएको मिथकको परिचयबाट नै मिथकको विशेषताहरु केही मात्रामा देखिसकेको छ । मिथकका विशेषताहरुलाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

मिथक कथात्मक हुन्छ ।
यो अतिमानवीय घटना र चरित्रमा आधारित हुन्छ ।
यसले विश्वब्रह्माण्ड सम्बन्धी मानवीय धारणा प्रस्तुत गर्दछ ।
मिथक सामुहिक अचेतनको अभिव्यक्ति हो ।
यसले मानव विकासको इतिहास प्रस्तुत गर्दछ ।
यो वैज्ञानिक अनुसन्धानको पूर्वरुप हो ।
यसमा काल्पनिक कथा हुन्छ ।
यसमा परम्परागत कथा वा धार्मिक कथा हुन्छ ।
मिथक मानवीय क्रियाकलापको अभिव्यक्ति हो ।
यस प्रकार बुदागत रुपमा मिथकका विशेषताहरुलाई प्रस्तुत गर्न सकिन्छ ।

## ग. मिथकको किसिम

मिथक आदिम समाजको उपज हो तर समाजको विकाससँगै मिथकहरु विकसित एवम् परिवर्तित हुँदै आएका छन् । मानवद्वारा आत्मसात गरेका र अनुभूत गरेका विषयवस्तुहरु मिथकका माध्यमद्वारा व्यक्त हुने हुँदा यसको व्याप्ति संसार भरिका सबै संस्कृतिमा पाइन्छ । त्यसैले यिनको किसिम छुट्टयाउने कार्य स्वयम्मा जटिल बनेको छ । धेरैजसो मिथकका अध्येताहरुद्वारा मिथकको किसिम तेस्रो परिच्छेदमा उल्लेख गरे अनुसार विषयवस्तुका आधारमा छुट्टयाउने गरेको देखिन्छ । यहाँ मिथकको किसिमलाई छोटकरीमा प्रस्तुत गरिएको छ । मिथकहरु विभिन्न प्रकारका देखिन्छन् । जस्तै

क. प्राकृतिक परिवर्तन र ॠतु परिवर्तन सम्बन्धी मिथक

ख. प्राकृतिक तत्व सम्बन्धी मिथक
ग. विशिष्ट प्राकृतिक घटना सम्बन्धी मिथक

घ. विश्वको उत्पत्ति सम्बन्धी मिथक
ङ. देवताको उत्पत्ति सम्बन्धी मिथक

च. पशु र मानवको उत्पत्ति सम्बन्धी मिथक
छ. रुपान्तरण सम्बन्धी मिथक

ज. नायक, परिवार र राष्ट्र सम्बन्धी मिथक
झ. प्रलय र विध्वंश सम्बन्धी मिथक

अ. अलौकिक र अन्नन्तता सम्बन्धी मिथक
ट. रुपान्तरण सम्बन्धी मिथक

ठ. स्मृति र विस्मृति सम्बन्धी मिथक
ड. सूर्य र चन्द्र सम्बन्धी मिथक

ढ. मृत्यु सम्बन्धी मिथक
ण. अग्निचोरी सम्बन्धी मिथक

त. तारा सम्बन्धी मिथक
थ. संस्कृति र रीतिरिवाज सम्बन्धी मिथक

आदि ।

यसरी मिथकलाई विषयवस्तुका आधारमा किसिम छुट्याउदै सृष्टि, समाज संस्कृति, देवता, लोकलोकान्तर, मृत्यु आदि विषयक मिथकका किसिमलाई देखाइएको पाइन्छ ।

## घ. अन्य महाकाव्यका तुलनामा देवकोटाका महाकाव्यमा मिथक

नेपाली साहित्यमा महाकाव्य धाराको प्रवर्त्तन गर्ने र त्यसलाई चरम उत्कर्षमा पुऱ्याउने श्रेयसमेत महाकवि देवकोटालाई वा उनका महाकाव्यलाई नै भएको पाइन्छ । महाकवि देवकोटाले आफ्ना महाकाव्यहरुमा पूर्वीय परम्परित र कविकल्पित मिथकहरुको प्रयोग गरेर मानवलाई विभिन्न उपदेश दिने उद्देश्य राखेको देखिन्छ । मिथक ,प्रयोग गराइको दृष्टिले महाकिवि देवकोटाका महाकाव्यका तुलनामा अरु कुनै पनि महाकाव्यहरु आउँन सक्ने देखिदैन । महाकवि देवकोटाका नेपाली ६ नै वटा महाकाव्यमा मिथक पाइन्छ । उनको शाकुन्तल महाकाव्यमा विशेषतः पूर्वीय मिथक -दुष्यन्त र शकुन्तला) को मिथक पाइन्छ भने प्रमिकथसमा ग्रिसेली पूरा कथा मूलक मिथक देखिन्छ । त्यसै गरी उनका वनकुसुम, सुलोचना, पृथ्वीराज चौहान, र महाराणप्रताप महाकाव्यमा परम्परित भन्दा कविकल्पित मिथक बढी देखिन्छ ।

नेपाली महाकाव्य जगतमा महाकवि देवकोटा सङ्सगै देखा परेका अर्का कवि सोमनाथ सिग्द्याल हुन् । उनको आदर्शराघव महाकाव्य वि.सं. २००५ सालमा प्रकाशित भएको देखिन्छ । उनको यस महाकाव्यमा पनि विषयवस्तुको रुपमा राम कथाको कहानी

मिथकीय रुपमा आएको पाइन्छ । आदर्श राघव र शाकुन्तल दुबै महाकाव्यमा मुख्यतया पूर्वीय प्राचीन संस्कृत महाकाव्य -संरचना-प्रणालीलाई अंगीकार गरेर लेखिएको छ । यी दुबै दृष्टिले आएका मिथकहरु पूर्वीय परम्परित हुन् । त्यस दृष्टिले यी दुबै महाकाव्यको मिथकमा समानता देखिए तापनि मिथकीय बिम्ब र प्रतिक प्रयोय गराइको दृष्टिले आदर्श-राघव भन्दा शाकुन्तलको मिथक उच्च देखिन्छ । त्यसै गरी महाकवि देवकोटाले ग्रीस पुराणमा आधारित पूराकथा ल्याएर प्रमिथस जस्तो उच्च स्तरीय महाकाव्य सिर्जना गरेका छन् । शाकुन्तल र प्रमिथसका अतिरित्त वनकुसुम, पृथ्वीराज चौहान, सुलोचना, महाराणप्रतापमा महाकाव्यमा सामाजिक तथा ऐतिहासिक कविकल्पित मिथक पाइन्छन् । त्यसकारण देवकोटाका यी सबै महाकाव्यहरुमा प्रयुक्त मिथकलाई विश्लेषण गर्दा अन्य कुनै पनि महाकाव्यमा प्रयुक्त मिथकले देवकोटाका महाकाव्यमा प्रयुक्त मिथकलाई भेट्टाउने सम्भावना पाइदैन । त्यसैले जगदीश शमशेर राणाको 'नरसिंह अवतार', लेखनाथ पौड्यालको 'तरुण तपसी, बालकृष्ण समको 'चिसो चुल्हो' आदि महाकाव्यमा प्रयोग गरिएको मिथकभन्दा महाकवि देवकोटाका महाकाव्यमा प्रयोग भएको मिथक उच्च र गरिमामय भएको देखिन्छ ।

### ङ. शाकुन्तल महाकाव्यमा प्रयुक्त मिथक

शाकुन्तल महाकाव्यमा आएको मिथक पूर्वीय परम्परित मिथक हो । यो महाकाव्य मौलिक भए पनि यसको विषयवस्तु कविकल्पनाप्रसूत नभएर पौराणिक विषयवस्तुमा आधारित छ । पूर्वीय मिथकलाई कविल्पनाको सहयोगले आधुनिक युगजीवन अतीत र वर्तमानको युग प्रतिविम्बित भएको देखिन्छ । शाकुन्तल महाकाव्यमा आएका केही मिथकहरु प्रणयमिथक, उषा र सूर्यको मिथक, चरित्रगत मिथक, देवदानवको युद्धको मिथक, मिथकीय यात्रावृत्तान्त आदि पाइन्छ । त्यसै गरी रहस्यात्मक जन्म प्रसङ्ग, स्वर्गभूमि तथा विभिन्न बिम्ब-प्रतिकहरुमा मिथकीय रुप यस महाकाव्यमा बिध्यमान देखिन्छ । त्यसैले मिथकीय कथावस्तु, परिवेश, भाषा, शैली, बिम्ब-प्रतिक आदिका दृष्टिले शाकुन्तल महाकाव्य उत्कृष्ठ भएको पाइन्छ ।

### च. सुलोचना महाकाव्यमा प्रयुक्त मिथक

महाकवि लक्ष्मीप्रसाद देवकोटाको दोस्रो महाकाव्यको रुपमा सुलोचना महाकाव्य देखिन्छ । यस महाकाव्यमा कुनै परम्परित मिथक अथवा पूराकथा पाइदैन । यस महाकाव्यमा प्रयोग गरिएको मिथक कविकल्पित हो । महाकविले कल्पना गरेर सामाजिक

विषयवस्तु लिइएर पनि मिथकीय रुप दिइएर महाकाव्यको सिर्जना गरेको देखिन्छ । सामाजिक विषयवस्तुलाई कथात्मक रुप दिएकोले गर्दा यो कविकल्पित मिथक भएको मानिन्छ । त्यसै गरी यस महाकाव्यमा विभिन्न बिम्ब-प्रतिक, परिवेश, भाषाशैली आदिमा मिथकीय रुप पाइन्छ ।

### छ. प्रमिथस महाकाव्यमा प्रयुक्त मिथक

महाकवि लक्ष्मीप्रसाद देवकोटाको रचना प्रक्रियाका दृष्टिले अन्तिम महाकाव्य प्रमिथस हो । यस महाकाव्यमा कविले विषयवस्तुका रुपमा ग्रिक पुराणको कथालाई लिइएका छन् । त्यसैले यस महाकाव्यको मिथक परम्परित भएको मानिन्छ । प्रमिथस महाकाव्य मिथकीय प्रयोगका दृष्टिले शाकुन्तल जतिकै चर्चित भएको देखिन्छ । यस महाकाव्यमा प्रयोग गरिएको मिथकलाई छोटकरीमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ । स्वर्ग सम्बन्धी मिथक, धर्ति सम्बन्धी मिथक, पाताल सम्बन्धी मिथक, कठिन कार्यको सम्पादन गरेको मिथक आदि । त्यसै गरि प्रमिथसले आगो चोरेको मिथक र मिथकिय भाषाशैलि, प्रतिक-बिम्ब आदि पनि यस महाकाव्यमा पाइन्छ । त्यसकारण यस महाकाव्यमा अत्याधिक मिथकको प्रयोग भएको देखिन्छ ।

### ज. बनकुसुम महाकाव्यमा प्रयुक्त मिथक

महाकबि लक्ष्मीप्रसाद देबकोटाको महाकाव्ययात्राको चौथो महाकाव्यका रुपमा यो देखापर्दछ । शीर्षकबाट नै प्रकृतिकाव्यका रुपमा प्रस्तुत हुने यस काव्यमा देवकोटाले प्रकृति र जिवनलाई कविकल्पित मिथकको प्रयोगद्वारा एकाकार गर्न पुगेका छन् । महाकवि देवकोटाले प्रकृतिपरक बिषयवस्तु लिइएर पनि मिथकिय कल्पनाका माध्यमबाट मानवलाई सन्देश दिन खोजिएको छ । यस महाकाव्यमा कविकल्पित मिथकद्वारा सामाजिक कुरितिको भयावह, दिकदारीपूर्ण, उराठलाग्दो कारुणिक चित्रको प्रस्तुति अत्यन्त मार्मिक रुपले उपस्थित गराइएको छ । त्यसै गरि यस महाकाव्यमा कविकल्पित मिथकद्वारा वर्तमान समयका जाल-झेल र यथार्थलाई पनि प्रस्तुत गरिएको पाइन्छ ।

### झ. महाराणा प्रताप र पृथ्वीराज चौहान महाकाव्यमा प्रयुक्त मिथक

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित महाराणा प्रताप र पृथ्वीराज चौहान महाकाव्य भारतिय इतिहसमा आधारित छन् । यी दुबै महाकाव्यमा ऐतिहासिक र कविकल्पित मिथकको प्रयोगद्वारा ऐतिहासिक पुरुषको गाथागान गरेर नेपाली आन्दोलन र

भारतिय आन्दोलनको रन्को रन्काएको देखिन्छ । यी महाकाव्यमा एतिहासिक मिथकबाट राष्ट्रिय चेतना, स्वतन्त्रता, अनि स्वधर्मको रक्षा लडाई भएको पाइन्छ । एतिहासिक घटनाको सांस्कृतिक र स्वराष्ट्रको मुक्तिका निम्ति आत्मबलिदान गर्ने क्रन्तिकारि क्रान्ति चेतना यी महाकाव्यमा प्रयुक्त मिथकमा रहेको देखिन्छ । यी दुबै  महाकाव्यमा प्रयुक्त मिथकलाई नियाल्दा ऐतिहासिक र कविकल्पित मिथकको संयोजन पाइन्छ । मिथकिय दृष्टिले यी दुबै महाकाव्यले उच्च स्थान प्राप्त गर्न सफल देखिन्छन् ।

## ६.३. साहित्यमा मिथकको महत्व

मिथक परम्परित र कविकल्पित हुने भएकोले साहित्यको एक तत्व कै रुपमा मिथकलाई लिन सकिन्छ । मिथक भनेको नै साहित्यमा आउने कथावस्तु, परिबेश, घटना, त्यस साहित्यले दिने सन्देश आदि भएकोले साहित्यमा मिथकको ठूलो महत्व रहेको देखिन्छ । अख्यानात्मक कृतिहरु जस्तैःनाटक,खण्डकाव्य,महाकाव्य, र उपन्यासहरुमा कथानक कै रुपमा मिथक आउने गर्दछ । मुत्तक, फुटकर कविता,गजल,लोकगित आदिमा पनि अप्रत्यक्ष रुपमा कविकल्पित मिथक आएको हुन्छ । त्यसैगरि साहित्यमा बिभिन्न बिम्ब-प्रतिक, आदिका रुपमा मिथक आउने गरेको देखिन्छ । यदि कुनै पनि साहित्यमा मिथक छैन भने त्यसले कुनै पनि सन्देश दिन सक्दैन र त्यो साहित्यीक कृति ठहर्दैन । त्यसैले साहित्यिमा मिथकले ठुलो महत्व राखेको देखिन्छ ।

## ६.४. समष्टि निष्कर्ष

साहित्यका विभिन्न विधाहरु मध्ये कविता विधा प्राचिन विधा मानिन्छ । कविता विधाका बिभिन्न रुपहरु मध्ये महाकाव्य बृहत्त रुपमा पर्ने आख्यानात्मक विधा हो । महाकाव्य के हो र  यो कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा पूर्वीय तथा पाश्चात्य दुबै मतहरु प्राप्त छन् । पूर्वमा भामह,दण्डि, रुद्रट, हेमचन्द्र,विश्वनाथ आदि आचार्यहरुले महाकाव्यको लक्षण बताएका छन् । त्यसै गरी पाश्चात्य जगतका विशेष गरेर अरस्तुले महाकाव्यमा मिथकीय आख्यान आएको हुनुपर्ने, महाकाव्य पद्यात्मक हुनुपर्ने जस्ता मतहरु बताएका छन् ।

नेपाली महाकाव्यको परम्परालाई हेर्दा यो धेरै पुरानो देखिन्छ । नेपाली भाषामा लेखिएको महाकाव्य भानुभक्त आचार्यको रामायणलाई पहिलो मानिए तापनि यो पहिलो मानक र आधुनिक महाकाव्य भने होईन । नेपाली महाकाव्य लेखनमा पृष्टभूमिको काम चाँहि संस्कृत भाषाका महाकाव्यहरुले गरेको देखिन्छ । नेपाली महाकाव्यको विकासक्रमलाई

हेर्दा यो दुई भागमा विभक्त भएको पाइन्छ । ती दुई भाग पृष्ठभूमिकाल र प्रवर्तनकाल हुन् । पृष्ठभूमिकालका महाकाव्यहरुमा संस्कृतका महाकाव्यहरु र वि.स. २००२ भन्दा अगाडिका सबै नेपाली भाषाका काव्यहरु पर्दछन् । वि.स. १९६६ सालमा जन्मिएका महाकवि लक्ष्मीप्रसाद देवकोटाका नेपाली भाषामा लेखिएका पूर्ण र प्रकाशित महाकाव्यहरु जम्मा ६ वटा छन् । ती ६ वटा महाकाव्यहरु शाकुन्तल, सुलोचना, प्रमिथस, वनकुसुम, महाराणा प्रताप र पृथ्वीराज चौहान हुन् । यी महाकाव्यहरुलाई हेर्दा उनको जम्मा महाकाव्य यात्रा पूर्वाद्ध चरण र उत्तराद्ध चरण गरी दुई भागमा विभक्त छन् । पूर्वाद्ध चरणमा नै उनले पाँच वटा महाकाव्यको रचना गरेको पाइन्छ । पूर्वाद्ध चरण वि.स. २००२-२००३ हो । उनको उत्तराद्ध चरणमा एउटा मात्र महाकाव्य प्रमिथसको रचना गरेका छन् ।

उनका ६ वटै महाकाव्यहरु मिथकीय दृष्टिकोणले भरिपूर्ण देखिन्छन् । शाकुन्तल महाकाव्यमा पूर्वीय मिथक महाभारतिय कथा आएको छ भने प्रमिथस महाकाव्यमा प्रयुक्त मिथक ग्रिक पुराणको हो । त्यसै गरी उनका वनकुसुम र सुलोचनामा सामाजिक विषयवस्तुसँग कविकल्पित मिथक पाइन्छ । त्यसैगरी पृथ्वीराज चौहान र महाराणा प्रताप महाकाव्यमा ऐतिहासिक मिथक देखिन्छ । त्यसकारण महाकवि देवकोटाका ६ नै वटा महाकाव्य मिथकीय दृष्टिको भरिपूर्ण भएको देखिन्छ । मिथकहरु परम्परित र कविकल्पित हुन्छन् । मिथकहरु कथात्मक हुन्छन् । त्यसै गरी मिथकहरु कल्पनात्मक हुन्छन् । मिथकलाई साँस्कृत, ऐतिहासिक, देवताको उत्पति सम्बन्धी पशु र मानवको उत्पति सम्बन्धी आदि भागमा वर्गीकरण गरेको पाइन्छ ।

अन्य महकाव्यहरुका तुलनामा देवकोटाका महाकाव्यमा प्रयोग भएको मिथकलाई हेर्दा उनको मिथकीय प्रयोग उच्च भएको देखिन्छ । महाकवि देवकोटा पूर्वीय, पाश्चात्य तथा कविकल्पित मिथकको प्रयोग गरेको पाइन्छ । त्यसैले उनका महाकाव्यमा पाइने मिथक सबैभन्दा उच्च देखिन्छ । साहित्यका प्राय सबै विधाहरुमा मिथकको ठूलो महत्व रहेको हुन्छ । आख्यानात्मक, खण्डकाव्य, महाकाव्य आदिमा मिथक प्रत्यक्ष रुपमा आउछन् । मुत्तक, फुटकर कविता र गजलमा आदि आख्यान विहिन साहित्यिक विधाहरुमा प्रतिकात्मक र बिम्बात्मक रुपमा मिथक आउने गर्दछन् । त्यसैले साहित्यिक हरेक विधामा मिथकले प्रत्यक्ष-अप्रत्यक्ष रुपमा महत्व राखेको हुन्छ ।

## ६.५.सम्भाव्य शोध शीर्षकहरु

महाकवि लक्ष्मीप्रसाद देवकोटाका साहित्यिक कृतिहरु धेरै छन् । उनका कृतिहरुको भविष्यमा अरु पनि अध्ययन अनुसन्धानका सम्भावनाहरु रहेका छन् । यस शोधपत्रमा देवकोटाका छ वटा महाकाव्यहरुको मिथकीय पक्षबाट विवेचना र विश्लेषण गरिएको छ । यस कारण भविष्यमा महाकवि देवकोटाका रचनाहरुमा शोधकार्य गर्ने शोधार्थीहरुका निम्ति निम्नानुसारका शीर्षकमा थप शोधकार्य गर्न सकिने सम्भावना देखिन्छ ।

१. देवकोटाका खण्डकाव्यमा मिथकीय प्रयोगको अध्ययन ।

२. अन्य महाकव्यको तुलनामा देवकोटाका महाकाव्यमा मिथक ।

३. सामाजिक अभिव्यक्तिका दृष्टिले देवकोटाका महाकाव्यको विश्लेषण ।